# पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूका सम्बन्धमा अदालतमा पर्ने मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न गर्नुपर्ने सुधार सम्बन्धी

# अध्ययन प्रतिवेदन

# २०८३


<u>अध्ययनकर्ता</u>

**अध्ययन समिति**

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार, काठमाडौं

माननीय मन्त्रीज्यू,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरवार, काठमाडौं।

**विषय :- प्रतिवेदन पेस गरेको।**

उपरोक्त विषयमा पूर्वाधार निर्माण तथा विकास सम्बन्धी आयोजनाहरू समयमा नै सम्पन्न गर्न मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपणका लागि गर्नुपर्ने नीतिगत, कानूनी तथा संस्थागत सुधारका विषयमा विस्तृत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेस गर्न मिति २०८२।१२।२५मा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीस्तरीय निर्णयबमोजिम गठित यस समितिलाई प्रदान गरिएको जिम्मेवारीबमोजिम अध्ययन कार्य सम्पन्न गरी सोको प्रतिवेदन यसैसाथ पेस गरेका छौं।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| सुशील बाबु ढकाल | अर्जुनप्रसाद कोइराला | पाराश्वर ढुङ्गाना |
| संदस्य | सदस्य | संयोजक |
| ............................ | ............................ | ............................ |
| श्री अच्युतमणि नेउपाने | सुशील आचार्य | प्रकाश अर्याल |
| सदस्य | सदस्य | सदस्य |
| ............................ | ............................ | |
| श्री रामप्रसाद आचार्य | श्री सुनिता नेपाल | |
| सदस्य | सदस्य | |

............................
दलबहादुर अधिकारी
सदस्य-सचिव

इति संवत् २०८३ साल वैशाख १० गते रोज ५ शुभम्.................................................................

# विषय सूची


परिच्छेद-१ ........................................................................ 1

सामान्य परिचय ........................................................................ 1

१.१ पृष्ठभूमि ........................................................................ 1

१.२ अध्ययन समितिको गठन तथा कार्यक्षेत्रगत शर्तहरू ........................................................................ 3

१.३ अध्ययन विधि ........................................................................ 6

१.४ अध्ययका सीमाहरू ........................................................................ 6

1.5 प्रतिवेदनको संरचना ........................................................................ 6

परिच्छेद-२ ........................................................................ 7

मौजुदा कानूनी व्यवस्था ........................................................................ 7

२.१ संवैधानिक व्यवस्था ........................................................................ 7

२.२ मध्यस्थता ऐन, २०५५ ........................................................................ 9

२.३ न्याय प्रशासन ऐन, २०७३ ........................................................................ 12

२.४ सार्वजनिक खरिद ऐन, २०६३ ........................................................................ 15

२.५ जग्गा प्राप्ति ऐन, २०३४ ........................................................................ 17

२.६ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ........................................................................ 18

२.८ जिल्ला अदालत नियमावली, २०७५ ........................................................................ 22

२.१० सर्वोच्च अदालत नियमावली, २०७४ ........................................................................ 26

२.११ न्यायपालिकाको पाँचौ पञ्चवर्षिय रणनीतिक योजना ........................................................................ 28

परिच्छेद-3 ........................................................................ 32

समस्या पहिचान तथा विश्लेषण ........................................................................ 32

परिच्छेद-४ ........................................................................ 61

४.१ भारत ........................................................................ 61

४.२ इन्डोनेसिया ........................................................................ 64

४.३ वेलायत ........................................................................ 65

४.४ अष्ट्रेलिया ........................................................................ 65

४.५ सिंगापुर ........................................................................ 66

परिच्छेद-५ ........................................................................ 67

सन्दर्भ सूची ........................................................................................ 77
अनुसूची ........................................................................................ 80

# परिच्छेद-१
# सामान्य परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानमा न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने उल्लेख छ।[1] न्याय सम्पादन छिटोछरितो हुँदा संविधानले सुनिश्चित गरेको न्याय सम्बन्धी हकको कार्यान्वयनमा सहयोग पुग्ने हुन्छ। नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको मान्यतालाई आत्मसात गर्दै न्याय सम्बन्धी अधिकार अदालत र न्यायपालिकालाई सुम्पिएको छ। सो न्याय सम्बन्धी कार्य सम्पादनको लागि सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका नियमित अदालतको साथै विशिष्टीकृत अदालत र न्यायाधिकरण समेतको व्यवस्था गरेको छ।

न्यायपालिकाको पाचौं पञ्चवर्षीय रणनीतिक योजना तथा विद्यमान कानूनमा न्याय सम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने नीति तथा योजना बनाई सो अनुरूप समयसीमासहित न्याय सम्पादन गर्नेगरी कानूनी व्यवस्था गरे तापनि न्याय सम्पादन अपेक्षित रूपमा छिटोछरितो हुन नसकेको गुनासो देखिन्छ। विशेष गरी सडक, सुरुङ, सुरुङ्मार्ग, फ्लाईओभर, पुल, सिंचाई, जलस्रोत संरचना, नदी व्यवस्थापन, खानेपानी, ढल प्रशोधन, केवलकार, रज्जुमार्ग, रेलमार्ग जस्ता पूर्वाधार निर्माण तथा विकास सम्बन्धी र विमानस्थल, रङ्गशाला, सभागृह जस्ता भौतिक संरचना निर्माण सम्बन्धी आयोजनाहरूका लागि गरिने जग्गा प्राप्ति, मुआब्जा निर्धारण, ठेक्का प्रक्रियामा चित्त नबुझ्ने व्यक्तिहरूले अदालतमा उजुरी तथा रिट निवेदन दायर गर्ने र त्यस्ता रिट निवेदनका सन्दर्भमा अदालतबाट एकतर्फी सुनुवाइमा आदेश जारी हुने गरेको छ। मुद्दा किनारा लाग्न लामो समय लाग्ने र त्यस्तो अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेशले लामो समयसम्म आयोजनाहरूको कार्य स्थगन हुने गरेको अवस्था रहेको छ।

अदालतमा रहेको अत्यधिक कार्यबोझ (Heavy Workload and case backlog) को कारण त्यस्ता उजुरी निवेदनमा अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको, फैसला भएपछि फैसलाको पूर्णपाठ आउन करिब छ महिनादेखि एक वर्षसम्म लाग्ने गरेको, जग्गा प्राप्ति, मुआब्जा निर्धारणका विषयमा अदालतमा मुद्दा परेपछि माथिल्लो तहसम्म पुगी अन्तिम अन्तिम किनारा लाग्न वर्षौं लाग्ने गरेको, छ। यसबाट समय र लागत अत्यधिक बढ्न (Time and Cost Overrun) गई आयोजना कार्यन्वयनमा बाधा अवरोध उत्पन्न हुने तथा आयोजना असफल अवस्थामा पुग्ने

1. *नेपालको संविधान*को धारा ५१ (राज्यका नीतिहरू) को खण्ड (ट) (१)

भएकोले उल्लिखित आयोजनाहरूलाई समय र लागत नबढ्ने र समयमा नै पूरा हुने गरी मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न आवश्यक नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्नुपर्ने भएको छ।

उल्लिखित सन्दर्भमा न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने संवैधानिक अभिष्ट पूरा गर्नको लागि तथा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरू को बुँदा नम्बर ४८ देखि ५१ सम्म पहिचान गरी सुधारको लागि गरेका सिफारिस समेतको आधारमा पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूका सम्बन्धमा अदालतमा पर्ने मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्ने विषयको क्षेत्रमा नीतिगत, कानूनी, संस्थागत र कार्यगत सुधार गर्न आवश्यक देखिएको छ।[2]

---

2. 48. सार्वजनिक खरिद प्रक्रियामा हुने ढिलासुस्ती, लागत वृद्धि, गुणस्तरहीन कार्य तथा भ्रष्टाचार नियन्त्रण गर्न सार्वजनिक खरिद ऐनलाई ३० दिनभित्र संशोधन गरी Value for Money, Life Cycle Costing, EGov Market Place तथा Performance-Based Contracting जस्ता अवधारणाहरू लागू गर्ने। खरिद प्रक्रियालाई पूर्णतः डिजिटल, पारदर्शी तथा ट्र्याकिङयोग्य बनाउने तथा प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने।

४९. आयोजना व्यवस्थापनका लागि देहायका कार्य गर्ने

(क) देशका प्राथमिकता प्राप्त विकास परियोजनाहरूमा स्पष्टता ल्याउन राष्ट्रिय स्तरको Project Pipeline तयार गर्ने, सबै परियोजनाहरूलाई आर्थिक, सामाजिक तथा वातावरणीय आधारमा प्राथमिकता निर्धारण गर्ने तथा प्रत्येक परियोजनाका लागि उपयुक्त लगानी मोडालिटी (सरकारी, PPP, विदेशी लगानी आदि) तय गर्ने कार्य राष्ट्रिय योजना आयोगले दुई महिनाभित्र सम्पन्न गर्ने।

(ख) लामो समयदेखि अलपत्र परेका, रुग्ण अवस्थामा रहेका तथा समयमा सम्पन्न हुन नसकेका आयोजनाहरूको पुनरावलोकन गरी बजेट व्यवस्था, जग्गा अधिग्रहण, वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृति, ठेक्का तोड्ने लगायतका प्रक्रियाहरू सरल बनाउने। रुग्ण आयोजना, ठेक्का तोडिएका परियोजना र प्रतिफलविहीन लगानी भई रहने समस्या समाधान गर्न ३० दिनभित्र अध्ययन टोली गठन गरी उक्त टोलीले आयोजनाको औचित्य र सम्भाव्यता मूल्याङ्कन गरी निरन्तरता दिनु पर्ने वा नपर्ने अवस्थाको बारेमा सिफारिस गर्ने। साथै, कुनै आयोजनाहरूको निर्माण तथा सञ्चालनका लागि अन्तरनिकाय समन्वय गर्नुपर्ने भएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तत्काल समन्वय र सहजीकरण गर्ने।

(ग) राष्ट्रिय गौरवका तथा ठूला रणनीतिक आयोजनाहरूको कार्यान्वयनलाई शीघ्र, समयबद्ध तथा गुणस्तरीय बनाउन जग्गा प्राप्ति, मुआब्जा निर्धारण, रुख कटान तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृति सम्बन्धी प्रक्रियाहरूलाई "Fast-Track Mechanism" अन्तर्गत सञ्चालन गर्न, सम्बन्धित सबै निकायहरूबीच समन्वय गरी एकीकृत र स्वचालित स्वीकृति प्रणाली लागू गर्न, अनावश्यक ढिलासुस्ती तथा दोहोरो प्रक्रियाहरू हटाउन, स्पष्ट समयसीमा तोकी कार्यान्वयन गर्न तथा आयोजना कार्यान्वयनमा देखिने अवरोधहरू समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रत्यक्ष अनुगमन तथा सहजीकरण गर्ने।

(घ) राष्ट्रिय तथा प्राथमिकताप्राप्त पूर्वाधार आयोजनाहरूको कार्यान्वयनमा देखिएको ढिलासुस्ती तथा ठेक्का प्रक्रियामा बारम्बार असफलता अन्त्य गर्न दुई पटक भन्दा बढी ठेक्का नलागेका वा ठेक्का प्रक्रिया असफल भएका आयोजनाहरूलाई सरकारी पूर्वाधार निर्माण कम्पनीमार्फत प्रत्यक्ष कार्यान्वयन गर्ने

## १.२ अध्ययन समितिको गठन तथा कार्यक्षेत्रगत शर्तहरू

### १.२.१ अध्ययन समितिको गठन

पूर्वाधार निर्माण तथा विकास सम्बन्धी आयोजनाहरू समयमा नै सम्पन्न गर्न मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपणका लागि गर्नुपर्ने नीतिगत, कानूनी तथा संस्थागत सुधारका विषयमा विस्तृत अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेस गर्न मिति २०८२।१२।२५मा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीस्तरबाट देहायबमोजिम उच्चस्तरीय अध्ययन समिति गठन गर्ने निर्णय भएको छः-

| | | |
|---|---|---|
| १. | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | संयोजक |
| २. | कम्तीमा सहरजिष्ट्रार स्तरको प्रतिनिधि, सर्वोच्च अदालत | सदस्य |
| ३. | कम्तीमा सहसचिव स्तरको प्रतिनिधि, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| ४. | कम्तीमा सहसचिव स्तरको प्रतिनिधि, शहरी विकास मन्त्रालय | सदस्य |
| ५. | कम्तीमा सहसचिव स्तरको प्रतिनिधि, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय | सदस्य |
| ६. | कम्तीमा सहन्यायाधिवक्ता स्तरको प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ७. | कम्तीमा सहसचिव स्तरको प्रतिनिधि, लगानी बोर्डको कार्यालय | सदस्य |
| ८. | कम्तीमा सहसचिव स्तरको प्रतिनिधि, सार्वजनिक खरिद अनुगमन कार्यालय | सदस्य |
| ९. | सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य-सचिव |

### १.२.१ समितिको कार्यक्षेत्रगत शर्तहरू

---

व्यवस्थाका लागि तीस दिनभित्र कानून तर्जुमा गरी उक्त कम्पनीका लागि आवश्यक पर्ने स्रोत, साधन, जनशक्ति तथा उपकरण व्यवस्थापन गर्ने।

५०. आयोजना छनोटदेखि भुक्तानीसम्मका विभिन्न चरणहरूमा ट्र्याकिङ्ग नहुँदा अनियमितता, भेरिएसन आदेशको दुरूपयोग र ढिलाइ हुने समस्या समाधान गर्न ९० दिनभित्र data-based end-to-end e-procurement monitoring प्रणाली लागू गर्ने।

५१. परियोजनाहरू विभिन्न कानून, स्वीकृति र निकायगत प्रक्रियामा अल्झिदा आयोजना निर्माण तथा सञ्चालनमा वर्षौं लाग्ने समस्या समाधान गर्न ६० दिनभित्र परियोजना सहजीकरण (Project Facilitation) सम्बन्धी छाता कानूनको मस्यौदा तयार गर्ने।

समितिको कार्यक्षेत्रगत शर्तहरू देहायबमोजिम रहेको छः-

(१) पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्न न्याय प्रशासन सम्बन्धी कार्यविधिगत जटिलतालाई सरल बनाई अदालती कार्यविधि र प्रक्रियामा सुधार गर्ने सम्बन्धमा आवश्यक सुझाव पेस गर्ने,

(२) न्याय प्रशासनलाई छिटोछरितो, मितव्ययी र सहज बनाउन र लामो समयसम्म मुद्दा विचाराधीन रहने अवस्थामा सुधार गरी न्याय सम्पादनलाई पूर्वानुमानयोग्य बनाउने सम्बन्धमा सुझाव दिने,

(३) पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्न मुलुकको आवश्यकता, मौजुदा कानूनी व्यवस्थामा रहेका विषयहरूको अध्ययन गरी कानूनी, नीतिगत तथा संस्थागत सुधार सम्बन्धमा केन्द्रीत भई अध्ययन सम्पन्न गरी प्रतिवेदन पेस गर्ने,

(४) पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्न मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न गर्नुपर्ने नीतिगत, कानूनी तथा संस्थागत सुधारका विषय सम्बन्धी कार्ययोजना पारित गरी कार्ययोजना अनुसार पन्ध्र दिनभित्र सुझाव सहितको प्रतिवेदन पेस गर्ने,

(५) समितिमा आवश्यकताअनुसार विषय विज्ञलाई आमन्त्रण गर्नसक्ने।

## समितिको मिति २०८२।१२।२६ को बैठकबाट पारित गरिएको कार्ययोजना

| क्रियाकलापहरू ↓ सम्पन्न गर्ने मिति → | मिति २०८२ साल चैत्र २६ देखि मिति २०८३ साल बैशाख १० गतेसम्म | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २६ | २७ | ३० | २ | ३ | ४ | ७ | ८ | ९ | १० |
| **विषय प्रवेश तथा विषय उपर प्रारम्भिक छलफल।**<br>(मौजुदा कानून अध्ययन गरी समस्या पहिचान गरी समाधानका उपाय सहित लिखित रूपमा आगामी बैठकमा पेस गर्ने तथा आगामी बैठकहरूमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्दै जाने।) | ✓ | | | | | | | | | |
| **विभिन्न निकायबाट प्रतिनिधित्व गर्ने सदस्यहरूले समस्या पहिचान गरी ल्याउनु भएका समस्या तथा समाधानका विषयहरू उपर गहन छलफल गर्ने।**<br>(आगामी बैठकमा प्रारम्भिक प्रतिवेदन तयार गर्ने कार्यलाई अगाडि बढाउने) | | | ✓ | | | | | | | |
| **प्रारम्भिक प्रतिवेदन तयारी तथा विषयवस्तुमा देखिएका चुनौती तथा समस्याहरूमा समेत छलफल गर्ने।**<br>(आगामी बैठकमा प्रारम्भिक प्रतिवेदन तयार गर्ने कार्यलाई निरन्तरता दिने) | | | | ✓ | | | | | | |
| **प्रारम्भिक प्रतिवेदन तयारी तथा विषयवस्तुमा देखिएका चुनौती तथा समस्याहरूमा समेत छलफल गर्ने।** | | | | | ✓ | | | | | |
| **प्रारम्भिक प्रतिवेदन तयारी तथा विषयवस्तुमा देखिएका चुनौती तथा समस्याहरूमा समेत छलफल गर्ने।**<br>(आगामी बैठकमा प्रारम्भिक प्रतिवेदन पेस गर्ने) | | | | | | ✓ | | | | |
| **प्रारम्भिक प्रतिवेदन तयार गरी अन्तिम प्रतिवेदन तयारीका लागि छलफल गर्ने।** | | | | | | | ✓ | | | |
| **कानूनी ,नीतिगत तथा संस्थागत सुधारका विषयमा छलफल गरी अन्तिम प्रतिवेदन तयार गर्ने।** | | | | | | | | ✓ | | |
| कानूनी, नीतिगत तथा संस्थागत सुधारका विषयमा छलफल गरी अन्तिम प्रतिवेदन तयार गर्ने। | | | | | | | | | ✓ | |
| कानूनी ,नीतिगत तथा संस्थागत सुधारका विषयमा छलफल गरी अन्तिम प्रतिवेदन तयार गरी पेस गर्ने। | | | | | | | | | | ✓ |

## १.३ अध्ययन विधि

समितिलाई प्राप्त कार्यदिश बमोजिम आफ्नो अध्ययन कार्य सम्पन्न गर्दा समितिले देहायबमोजिमको अध्ययन विधि अवलम्बन गरेको छ :-

- पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूका सम्बन्धमा अदालतमा पर्ने मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्ने विषयको सन्दर्भमा अध्ययन समितिमा प्रतिनिधित्व गर्नु हुने सदस्यहरूले आ-आफ्नो निकायसँग सम्बन्धित मौजुदा कानून अध्ययन, समस्या पहिचान तथा समाधानका उपाय सहित लिखित रूपमा पेस गरी समितिका सदस्यहरूका बीचमा क्षेत्रगत कार्य जिम्मेवारी बाँडफाँट गरी अध्ययन गरिएको,
- प्रचलित कानूनहरूको विश्लेषणात्मक अध्ययन गरी कार्यविधिमा रहेका वाधा तथा जटिलताहरूको अध्ययन गरिएको।

## १.४ अध्ययका सीमाहरू

पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्न छिटोछरितो, पारदर्शी, अनुमानयोग्य, निष्पक्ष र जनउत्तरदायी न्याय सम्पादनका सम्बन्धी प्रचलित कानूनमा गर्नुपर्ने सुधारको पहिचान गरी सोको लागि सुधारको सुझाव सहित मस्यौदा पेस गर्नको लागि समितिलाई १५ भित्रै अधेययन प्रतिवेदन पेस गर्नुपर्ने कार्यदिश प्राप्त भएको छ। अतः पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्न छिटोछरितो, पारदर्शी, अनुमानयोग्य, निष्पक्ष र जनउत्तरदायी न्याय सम्पादनको विषयवस्तुमा सीमित रही यो अध्ययन कार्य गरिएको छ।

## 1.5 प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई तीन परिच्छेदमा विभाजन गरिएको छ। **पहिलो** परिच्छेदमा पृष्ठभूमि, समितिको गठन, समितिको कार्यदिश, अध्ययन विधि, प्रतिवेदनको संरचना लगायतका प्रारम्भिक विषयवस्तु समेटिएको छ। **दोस्रो** परिच्छेदमा संविधान र प्रचलित कानूनमा रहेका अदालतको अधिकारक्षेत्र तथा न्यायिक कार्यविधि सम्बन्धी व्यवस्था राखिएको छ। **तेस्रो** परिच्छेदमा अध्ययनको निष्कर्ष र न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउनका लागि समितिले पहिचान गरेका सुझावहरू प्रस्तुत गरिएको छ।

# परिच्छेद-२
# मौजुदा कानूनी व्यवस्था

## २.१ संवैधानिक व्यवस्था

नेपालको संविधानमा प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सनुवाइको हक हुने व्यवस्था छ।[3] न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने नीति राज्यले लिएको छ।[4] नेपालको न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने[5] सन्दर्भमा संविधानको धारा १३३, १४४ र १५१ मा क्रमशः सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको अधिकार क्षेत्र व्यवस्थित गरिएको छ। धारा १२७ मा नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरू रहने व्यवस्था उल्लेख छ। यसैगरी उपधारा (२) मा उपधारा (१) मा लेखिएदेखि बाहेक कानूनबमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने भन्ने उल्लेख छ। धारा १५२ मा धारा १२७ मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न सङ्घीय कानूनबमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ। तर कुनै खास मुद्दाका लागि विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन गरिने छैन भन्ने व्यवस्था रहेको छ। धारा १५२ को उपधारा (२) मा एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकारक्षेत्रमा पर्नेछैन भन्ने व्यवस्था समेत रहेको छ।

नेपालको संविधानको धारा १३३मा सर्वोच्च अदालतको अधिकारक्षेत्रभित्र देहाय बमोजिमको विषय उल्लेख छ :-

(१) यस संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून सङ्घीय संसद्ले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून सङ्घीय संसद् वा प्रदेश सभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर

3. *नेपालको संविधान*को धारा २० को उपधारा (९)
4. ऐ. धारा ५१ को खण्ड (ट) को उपखण्ड (१)
5. ऐ. धारा १२६

घोषित गरी पाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ।

(२) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ।

नेपालको संविधानको धारा १४४ मा उच्च अदालतको अधिकारक्षेत्र देहायबमोजिम व्यवस्था रहेको छ :-

(१) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ।

(२) उपधारा (१) को प्रयोजनका लागि उच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ।

तर अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक सङ्घीय संसद् वा प्रदेश सभाको आन्तरिक काम कारबाही र सङ्घीय संसद् वा प्रदेश सभाले चलाएको विशेषाधिकारको कारबाही र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधारा बमोजिम उच्च अदालतले हस्तक्षेप गर्ने छैन।

(३) उच्च अदालतलाई सङ्घीय कानूनबमोजिम शुरू मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार हुनेछ।

नेपालको संविधानको धारा १५१ मा जिल्ला अदालतको अधिकारक्षेत्रभित्र देहायबमोजिमको विषय उल्लेख भएको छ :-

जिल्ला अदालतलाई सङ्घीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्रभित्रका सम्पूर्ण मुद्दाको शुरू कारबाही र किनारा गर्ने, बन्दी प्रत्यक्षीकरण निषेधाज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने, अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानूनबमोजिम पुनरावेदन सुन्ने, प्रदेश कानूनबमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने तथा आफू र आफ्नो मातहतका अदालतहरूको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको

अवज्ञा गरेमा सङ्घीय कानूनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्नसक्ने अधिकार हुनेछ।

## २.२ मध्यस्थता ऐन, २०५५

मध्यस्थता ऐन, २०५५को दफा ३मा देहायबमोजिमको व्यवस्था रहेको छ :-

"**३.** **<u>मध्यस्थताद्वारा विवाद समाधान गराउनु पर्ने</u>** : (१) कुनै सम्झौतामा मध्यस्थताद्वारा विवाद समाधान गरिने व्यवस्था भएकोमा त्यस्तो सम्झौता वा सो अन्तर्गतका विषयसँग सम्बन्धित विवाद सम्झौतामा नै कार्यविधि उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा यस ऐन बमोजिम मध्यस्थताद्वारा समाधान गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा दायर भएको प्रचलित कानूनबमोजिम मिलापत्र हुनसक्ने व्यापारिक प्रकृतिको कुनै देवानी मुद्दा सम्बन्धित पक्षहरूले मध्यस्थताद्वारा समाधान गरी पाऊँ भनी निवेदन दिएमा त्यस्तो विवाद समेत मध्यस्थताद्वारा समाधान गराउनु पर्नेछ।"

मध्यस्थता ऐन, २०५५को दफा ३मा मध्यस्थको अयोग्यता सम्बन्धमा देहायको व्यवस्था रहेको छः-

"**१०.** **<u>मध्यस्थको योग्यता</u>** : देहायको व्यक्ति मध्यस्थ नियुक्त हुनको निमित्त योग्य हुनेछैन :-

(क) प्रचलित कानूनबमोजिम करार गर्न अयोग्य भएको,

(ख) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) साहुको दामासाहीमा परेको वा टाट उल्टेको,

(घ) मध्यस्थताद्वारा समाधान हुनुपर्ने विवादको विषयमा कुनै स्वार्थ भएको,

(ङ) कुनै सम्झौतामा मध्यस्थ नियुक्त हुनको लागि कुनै खास योग्यता तोकिएको रहेछ भने त्यस्तो योग्यता नपुगेको।"

सो ऐनको दफा ११मा मध्यस्थलाई हटाउन सकिने सम्बन्धमा देहायको व्यवस्था रहेको छ :-

"**११.** **<u>मध्यस्थलाई हटाउन सकिने</u>** : (१) मध्यस्थलाई हटाउने अवस्था र कार्यविधि सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौतामा अवस्था र कार्यविधि उल्लेख नगरिएको भए देहायको कुनै अवस्थामा मध्यस्थलाई हटाई पाउँ भनी कुनै पक्षले मध्यस्थ नियुक्त भएको वा निजको काम कारबाही यस उपदफा बमोजिम नभएको थाहा पाएको मितिले पन्ध्र दिनभित्र मध्यस्थसमक्ष निवेदन दिन सक्नेछ :-

(क) कुनै मध्यस्थले निष्पक्ष रूपले काम नगरी कुनै पक्षप्रति झुकाव राखेको वा पक्षपात गरेको स्पष्ट देखिएमा,

(ख) कुनै मध्यस्थले मध्यस्थताको कारबाहीमा अनुचित आचरण वा जालसाज गरेमा,

(ग) कुनै मध्यस्थले मध्यस्थता सम्बन्धी कारबाहीमा बराबर त्रुटि वा अनियमितता गरेमा,

(घ) कुनै मध्यस्थले मध्यस्थताको काम कारबाही अनुचित रूपमा लम्ब्याउने वा ढिलाई गर्ने उद्देश्यले मनासिव माफिकको कारण नदेखाई तीनपटकभन्दा बढी मध्यस्थको बैठकमा उपस्थित नभएमा वा बैठकको काम कारबाहीमा भाग लिन इन्कार गरेमा,

(ङ) कुनै मध्यस्थले प्राकृतिक न्यायको सिद्धान्त वा नियमको प्रतिकूल हुने कार्य गरेमा, वा

(च) कुनै मध्यस्थको योग्यता नपुगेको भएमा वा योग्यता नरहेमा।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा हटाउन माग गरिएको मध्यस्थले स्वेच्छाले पद त्याग नगरेमा वा हटाउन माग गरेका आधार उपर अर्को पक्ष सहमत नभएमा मध्यस्थले सो सम्बन्धमा निवेदन परेको तीस दिनभित्र निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्णय उपर उच्च अदालतमा उजूर लाग्नेछ र सो अदालतले गरेको आदेश अन्तिम हुनेछ।

त्यसैगरी सोही ऐनको दफा २४मा सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक दफा १७ को उपदफा (७) को अधीनमा रही दफा १४ बमोजिमका कागजातहरू मध्यस्थ समक्ष पेस भएको साधारणतः एक सय बीस दिनभित्र मध्यस्थले आफ्नो निर्णय दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ।

सो ऐनको दफा ३० को उपदफा(१) मा मध्यस्थको निर्णय सुनी पाएको वा निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णयमा चित्त नबुझ्ने पक्षले सो निर्णय बदर गराउन चाहेमा सम्बन्धित कागजातहरू र निर्णयको प्रतिलिपि समेत संलग्न गरी उच्च अदालतमा निवेदन दिनु पर्नेछ र त्यसको प्रतिलिपि मध्यस्थ र सम्बन्धित पक्षलाई दिनु पर्ने व्यवस्था रहेको छ भने उपदफा (२)मा उपदफा (१) बमोजिम निवेदन परेकोमा मध्यस्थताको निर्णयमा देहायका कुनै कुरा रहेको निवेदन गर्ने पक्षले प्रमाणित गरेमा उच्च अदालतले त्यस्तो निर्णय बदर गर्न वा आवश्यकतानुसार पुनः निर्णय गराउन आदेश दिन सक्ने व्यवस्था रहेको छ :-

(क) सम्झौताका कुनै पक्ष सम्झौता गर्दाका बखत कुनै कारणले सम्झौता गर्न असक्षम रहेको वा पक्षहरू जुन मुलुकको कानूनको अधीनमा रहेका छन्

सो कानून अनुसार वा त्यस्तो कानून स्पष्ट हुन नसकेकोमा नेपाल कानूनबमोजिम सो सम्झौता वैध नरहेको,

(ख) निवेदन गर्ने पक्षलाई मध्यस्थ नियुक्त गर्न वा मध्यस्थताको कारबाहीका सम्बन्धमा समयमा नै रीतपूर्वक सूचना नदिएको,

(ग) मध्यस्थलाई नसुम्पिएको विवादसँग सम्बन्धित विषयमा वा मध्यस्थलाई सुम्पिएको शर्त विपरीत वा मध्यस्थलाई सुम्पिएको क्षेत्रबाहिर गई निर्णय भएको,

(घ) नेपाल कानून प्रतिकूल सम्झौता भएकोमा बाहेक मध्यस्थताको गठन विधि वा त्यसको काम कारबाही पक्षहरू बीच सम्पन्न सम्झौता अनुरूप नभएको वा त्यस्तो सम्झौता नभएकोमा यस ऐन अनुसार नभएको।

सोही दफाको (३) मा उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) अनुसार निवेदन परेकोमा उच्च अदालतले देहायका अवस्थामा मध्यस्थताको निर्णय बदर गर्न सक्ने प्रावधान रहेको छ :-

(क) मध्यस्थले निर्णय गरेको विवाद नेपाल कानूनबमोजिम मध्यस्थद्वारा निरोपण हुन नसक्ने भएमा।

(ख) मध्यस्थले गरेको निर्णय सार्वजनिक नीति प्रतिकूल हुने भएमा।

सोही दफाको (४) मा उपदफा (१) बमोजिम परेको निवेदन उपर अदालतले सुनुवाई गर्दा मध्यस्थले आधार लिएको प्रमाणको पुनः परीक्षण गर्नेगरी सुनुवाई गर्नु हुँदैन भन्ने व्यवस्था गरिएको छ।

सो ऐनको दफा ३१मा पक्षहरूले मध्यस्थको निर्णयको प्रतिलिपि पाएको मितिले पैतालीस दिनभित्र निर्णय कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ भने दफा ३२मा (१) दफा ३१ बमोजिमको अवधिभित्र निर्णय कार्यान्वयन हुन नसकेमा सो म्याद नाघेको तीस दिनभित्र मध्यस्थको निर्णय कार्यान्वयन गराउनको लागि सम्बन्धित पक्षले जिल्ला अदालत समक्ष निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा जिल्ला अदालतले सो निर्णयलाई आफ्नो फैसला सरह द्रुत मध्यस्थताबाट भएको निर्णयको हकमा पन्ध्र दिन र सो बाहेक अन्य निर्णयको हकमा साधारणतया तीस दिनभित्र कार्यान्वयन गरिदिनु पर्ने व्यवस्था गरिएको छ।

दफा ३२ को उपदफा (२) मा यो उपदफा प्रारम्भ भएपछि दफा ३० को उपदफा (१) बमोजिम निवेदन दायर गरेको कारणले मात्र मध्यस्थको निर्णय कार्यान्वयन गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी उपदफा (३)मा उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३० को उपदफा (१) बमोजिम निवेदन दायर गर्ने पक्षले मध्यस्थको निर्णय कार्यान्वयन स्थगित राखिपाऊँ भनी छुट्टै निवेदन दिएकोमा सो बमोजिमको निवेदन किनारा

नलागेसम्म उच्च अदालतले देहायको अवस्थामा मध्यस्थताको निर्णयको कार्यान्वयन स्थगित गर्नु भन्ने आदेश जारी गर्नसक्ने व्यवस्था गरिएको छ :-

(क) सम्झौता वा मध्यस्थको निर्णय प्रथम दृष्टिमा नै भ्रष्टाचार वा जालसाज भएको देखिएकोमा, वा

(ख) निवेदकलाई अपूरणीय क्षति पुग्ने कुरा सारभूत रूपमा पुष्टि भएमा।

## २.३ न्याय प्रशासन ऐन, २०७३

न्याय प्रशासन ऐन, २०७३ को दफा ९मा सर्वोच्च अदालतको पुनरावेदन सुन्ने अधिकार देहायबमोजिम रहेको छ :-

"९. पुनरावेदन सुन्ने अधिकार : (१) सर्वोच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुन्ने अधिकार हुनेछ :-

(क) दफा ८ को उपदफा (२) बमोजिम उच्च अदालतले शुरू कारबाही र किनारा गरेको मुद्दा,

(ख) उच्च अदालतबाट दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा,

(ग) तीन वर्षभन्दा बढी कैदको सजाय वा पाँच लाख रुपैयाँभन्दा बढी जरिबाना वा पच्चीस लाख रुपैयाँभन्दा बढी विगो भएको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दा, र

(घ) सङ्घीय कानूनबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अन्य मुद्दा।

(२) सर्वोच्च अदालतमा साधक पेस भएको मुद्दामा समेत सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने अधिकार हुनेछ।"

सो ऐनको दफा ११को उपदफा (१)मा कुनै अदालतबाट फैसला वा अन्तिम आदेश गरिसकेको मुद्दा सोही अदालतबाट पुनरावलोकन नगरिने व्यवस्था रहेको छ भने उपदफा (२)मा उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतले देहायको अवस्थामा आफ्नो फैसला वा अन्तिम आदेश पुनरावलोकन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ:-

(क) मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दाको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा, वा

(ख) सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा।

सोही दफाको उपदफा (३) मा देहायको अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन नगर्ने व्यवस्था रहेको छ :-

(क) एक पटक त्यस्तो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिसकेको,

(ख) बृहत पूर्ण इजलासबाट फैसला वा अन्तिम आदेश भएको,

(ग) संवैधानिक इजलासबाट निर्णय भएको,

(घ) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम मुद्दा दोहोऱ्याई फैसला भएको, वा

(ङ) दफा १२ बमोजिम दोहोऱ्याई हेरिएको मुद्दामा उच्च अदालतको इन्साफ सदर भएको वा दोहोऱ्याई हेर्ने निस्सा नभएको।

सोही दफाको उपदफा (४)मा पुनरावलोकनको लागि निवेदन दिँदा सर्वोच्च अदालतका न्यायाधीशले फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी प्रमाणित गरेको मितिले साठी दिन भित्र दिनुपर्ने प्रावधान छ भने उपदफा (५)मा उपदफा (४) बमोजिम परेको निवेदन उपर पहिला फैसला गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशबाट अनुमति प्रदान गर्ने वा नगर्ने आदेश गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी उपदफा (६)मा उपदफा (५) बमोजिम अनुमति प्रदान गरिएमा पहिला फैसला गर्ने न्यायाधीश र अनुमति प्रदान गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशको इजलासबाट त्यस्तो निवेदन उपर सुनुवाई गर्नु पर्नेछ भन्ने
व्यवस्था गरिएको छ।

त्यसैगरी सो ऐनको दफा १२मा देहायबमोजिमको मुद्दा दोहोऱ्याई हेर्ने सम्बन्धमा देहायको व्यवस्था रहेको छ :-

"१२. <u>मुद्दा दोहोऱ्याई हेर्नसक्ने</u> : (१) यो ऐन वा प्रचलित कानूनबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश सर्वोच्च अदालतले देहायका अवस्थामा दोहोऱ्याई हेर्न सक्नेछः

(क) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटि भएको,

(ख) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,

(ग) सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

(घ) बालक, महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर गरेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मुद्दा दोहोऱ्याई हेरिने छैन :-

(क) सर्वोच्च अदालतबाट एक पटक दोहोऱ्याई हेरिसकेको,

(ख) दफा ८ को उपदफा (३) को खण्ड (ख) बमोजिम उच्च अदालतबाट पुनरावेदन सुनी निर्णय भएको।

(३) उच्च अदालतबाट मुद्दा फैसला भएको थाहा पाएको मितिले पैंतालीस दिनभित्र त्यस्तो निर्णय गर्ने उच्च अदालत मार्फत वा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेर्नको लागि निवेदन दिन सकिनेछ।

(४) उपदफा (३) बमोजिम दिने निवेदन साथ तोकिएबमोजिमका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम पर्न आएको निवेदनमा उपदफा (१) को अवस्था विद्यमान रहे वा नरहेको हेरी अनुमति प्रदान गर्ने वा नगर्ने आदेश संयुक्त इजलासबाट हुनेछ।

(६) उपदफा (५) बमोजिम अनुमति प्रदान गरिएमा त्यसरी अनुमति प्रदान गर्ने न्यायाधीश र पहिला फैसला गर्ने न्यायाधीश बाहेकको अन्य न्यायाधीशको इजलासबाट त्यस्तो निवेदन उपर सुनुवाई गर्नु पर्नेछ।"

सो ऐनको दफा २८क. मा मुद्दा हेर्दाको प्राथमिकता क्रम देहायबमोजिम उल्लेख भएको छ :-

"**२८क. <u>मुद्दाको प्राथमिकताक्रम</u>** : (१) अदालतले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछ :-

(क) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,

(ख) पुर्पक्षको लागि थुनामा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,

(ग) कैदमा रहेको पक्षको मुद्दा,

(घ) अपाङ्गता भएका व्यक्ति तथा बालबालिका पक्ष रहेको मुद्दा,

(ङ) शारीरिक अशक्तता भएका वा पचहत्तर वर्षभन्दा बढी उमेरका व्यक्ति पक्ष रहेका मुद्दा,

(च) महिला विरुद्धको हिंसा सम्बन्धी मुद्दा,

(छ) जातीय भेदभाव तथा छूवाछूत सम्बन्धी मुद्दा,

(ज) न्वारान वा नाता कायम सम्बन्धी मुद्दा,

(झ) माना चामल सम्बन्धी मुद्दा,

(ञ) सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा,

(ट) मुद्दा दर्ताको क्रमबाट पहिले दर्ता भएको मुद्दा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै क्रममा एकै प्रकृतिका एक भन्दा बढी मुद्दा भएमा पहिले दर्ता भएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

तर तेजाब वा अन्य ज्वलनशील पदार्थ प्रयोग गरी ज्यान मारेको वा अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुऱ्याएको मुद्दा भए जहिलेसुकै दर्ता भएको भए तापनि पहिलो प्राथमिकता दिनु पर्नेछ।"

## २.४ सार्वजनिक खरिद ऐन, २०६३

सार्वजनिक खरिद ऐन, २०६३ को **दफा ४८** मा पुनरावलोकन समिति सम्बन्धमा देहायबमोजिमको व्यवस्था रहेको छ:-

"४८. **पुनरावलोकन समिति** : (१) दफा ४९ बमोजिमको निवेदन उपर पुनरावलोकन गर्नको लागि नेपाल सरकारले देहायबमोजिमको अध्यक्ष र सदस्य रहेको सार्वजनिक खरिद पुनरावलोकन समिति गठन गर्नेछ:-

(क) उच्च अदालतको न्यायाधीश वा उच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदबाट अवकाश प्राप्त व्यक्तिहरू मध्येबाट एक जना – अध्यक्ष

(ख) नेपाल सरकारको नेपाल इन्जिनियरीङ सेवाको राजपत्राङ्कित प्रथम श्रेणीबाट अवकाश प्राप्त व्यक्तिहरूमध्येबाट एक जना – सदस्य

(ग) सार्वजनिक खरिद सम्बन्धी विषयमा अनुभवी तथा विज्ञ व्यक्तिहरू मध्येबाट एक जना – सदस्य

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्य नियुक्ति गर्दा सार्वजनिक निकायमा बहाल रहेको कर्मचारी नियुक्ति गर्न पाईने छैन।

(३) उपदफा (१) बमोजिम नियुक्त अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

तर पहिलो पटक सदस्य नियुक्ति गर्दा एक जना सदस्यलाई एक वर्ष र अर्को सदस्यलाई दुई वर्षको पदावधि तोकी नियुक्ति गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको अध्यक्ष वा सदस्यको पदावधि एक कार्यकाल सम्मको लागि थप गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको अध्यक्ष वा सदस्यको सेवाका शर्त तथा पारिश्रमिक र सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको अध्यक्ष वा सदस्यले आफ्नो पदमा बहाल हुनु अघि तोकिएबमोजिमको विवरणको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालय मार्फत नेपाल सरकार समक्ष पेस गर्नु पर्नेछ।

(७) देहायको अवस्थामा नेपाल सरकारले अध्यक्ष वा सदस्यलाई निजको पदबाट हटाउन सक्नेछ :-

(क) खराब आचरण गरेमा,

(ख) कार्यक्षमता वा दक्षताको अभाव भई पद अनुसारको काम, कर्तव्य पालना गर्न नसकेमा, वा

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा।

सो ऐनको दफा ५८मा विवादको समाधानको संयन्त्र सम्बन्धमा देहायबमोजिमको व्यवस्था रहेको छ :-

"**५८.** **<u>विवाद समाधान संयन्त्र</u>** : (१) सार्वजनिक निकाय र निर्माण व्यवसायी आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाता बीच खरिद सम्झौता कार्यान्वयनको सिलसिलामा उत्पन्न हुने कुनै विवाद आपसी सहमतिबाट समाधान गर्नु पर्नेछ।

(१क) उपदफा (१) बमोजिम आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा प्रचलित कानूनबमोजिम मध्यस्थताको माध्यमबाट विवाद समाधान गर्ने कुरा खरिद सम्झौतामा उल्लेख गर्नु पर्नेछ।

सो ऐनको दफा ६३को उपदफा (१)मा कालो सूचीमा राख्ने र फुकुवा गर्ने सम्बन्धमा देहायको अवस्थामा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालो सूचीमा राख्न सक्नेछ भन्ने व्यवस्था रहेको छ :-

(क) दफा ६२ बमोजिमको आचरण विपरीत काम गरेको प्रमाणित भएमा,

(ख) दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा,

(ग) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,

(ङ) योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा, वा

(च) तोकिएबमोजिमको अन्य कुनै अवस्थामा।

सो ऐनको उपदफा (२), (३), (४),(५) र (५) मा देहाय बमोजिको व्यवस्था रहेको छः-

(२) उपदफा (१) बमोजिम कालोसूचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सोही अवधिसम्म सार्वजनिक निकायको खरिद कारबाहीमा भाग लिन सक्नेछैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क वा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम अधिकार प्राप्त निकायले कालो सूचीमा राखेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले त्यस्तो सूचीमा कायम रहेको अवधिभर सार्वजनिक खरिद कारबाहीमा भाग लिन सक्ने छैन।

(४) उपदफा (२) वा (३) बमोजिम सार्वजनिक खरिद कारबाहीमा भाग लिन नसक्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सार्वजनिक निकायले गर्ने खरिदमा भाग लिएको पाइएमा निजको बोलपत्र वा प्रस्ताव उपर कुनै कारबाही हुनेछैन।

(५) उपदफा (१) बमोजिम कालो सूचीमा राख्ने सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

(६) उपदफा (१), (२), (३), (४) र (५) बमोजिम कालो सूचीमा रहेका बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तीकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीबाट फुकुवा गर्ने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको मापदण्डअनुसार कालो सूचीबाट फुकुवा गरि दिनेछ।

## २.५ जग्गा प्राप्ति ऐन, २०३४

जग्गा प्राप्ति ऐन, २०३४को दफा ११को उपदफा (१) मा जग्गावालाले उजूर गर्नसक्ने सम्बन्धमा सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र आफ्नो जग्गा प्राप्त नगर्नुपर्ने कुनै कारण भए त्यसको कारण खोली सम्बन्धित जग्गावालाले स्थानीय अधिकारीको कार्यालय मार्फत नेपाल सरकार, गृह मन्त्रालयमा उजूर गर्न सक्नेछ। जग्गावालाको स्वीकृति लिई मोहीले पक्की घर बनाएको रहेछ भने त्यस्तो घर र सो घरले चर्चेको जग्गाको सम्बन्धमा त्यस्तो मोहीले पनि यस उपदफा बमोजिम उजूर गर्न पाउने व्यवस्था छ। त्यसैगरी उपदफा (२) मा उपदफा (१) बमोजिमको उजुरी उपर नेपाल सरकार, गृह मन्त्रालयले निर्णय गर्नु अघि प्रारम्भिक कारबाही चलाउने अधिकारी र आवश्यक देखेमा स्थानीय अधिकारीको समेत राय बुझी निर्णय गर्नु पर्नेछ भन्ने व्यवस्था छ भने उपदफा (३) मा उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा निर्णय दिनको लागि साक्षी सरजमिन बुझ्न वा कुनै लिखत कागजपत्र दाखिल गराउन परेमा यस दफा बमोजिम उजुरी सुन्ने नेपाल सरकार, गृह मन्त्रालयलाई जिल्ला अदालतलाई भए सरहको

अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ। उपदफा (४) मा उपदफा (२) बमोजिम उजुरीको निर्णय त्यस्तो उजुरी प्राप्त गरेको साधारणतया पन्ध्र दिनभित्र गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ।

सो ऐनको दफा १८मा मुआब्जा पाउनेको नामावली र त्यस उपरको उजुरी सम्बन्धमा दहायको व्यवस्था रहेको छः-

(क) उपदफा (१) मा दफा ९ बमोजिमको सूचनामा तोकिएको म्यादभित्र प्राप्त भएका निवेदनहरूबाट मुआब्जा पाउने ठहरिएका व्यक्तिहरूको नामावली तयार पारी सरोकारवाला व्यक्तिहरूको जानकारीको लागि स्थानीय अधिकारीले सूचना टाँस गर्नेछ भन्ने व्यवस्था छ।

(ख) उपदफा (२) मा उपदफा (१) बमोजिम टाँस गरिएको नामावलीमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना जारी भएको मितिले पन्ध्र दिनभित्र नेपाल सरकार, गृह मन्त्रालयमा उजूर गर्न सक्नेछ भन्ने व्यवस्था छ।

(ग) उपदफा (३) मा उपदफा (२) बमोजिम परेका उजुरी तेरो मेरो वा हकभोग सम्बन्धी बाहेक अरु विषयको भए नेपाल सरकार, गृह मन्त्रालयले साधारणतया पन्ध्र दिनभित्र किनारा लगाउनु पर्नेछ भन्ने व्यवस्था छ।

सो ऐनको दफा २५ मा विशेष परिस्थितिमा जग्गा प्राप्त गर्नसक्ने विशेष अधिकार सम्बन्धी व्यवस्थाको उपदफा (७) मा क्षतिपूर्ति वा मुआब्जामा चित्त नबुझ्ने व्यक्तिले क्षतिपूर्ति वा मुआब्जा निर्धारण भएको सूचना जारी भएको मितिले पन्ध्र दिनभित्र नेपाल सरकार, गृह मन्त्रालय समक्ष उजूर गर्न सक्नेछ र त्यस्तोमा नेपाल सरकार, गृह मन्त्रालयको निर्णय अन्तिम हुनेछ उल्लेख रहेको छ।

## २.६ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४को दफा १३१ को उपदफा (१) मा मुद्दामा प्रमाण बुझ्ने कार्य समाप्त भएको सामान्यतया एक महिनाभित्र न्यायाधीशले मुद्दाको फैसला गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। साथै उपदफा (६) मा उपदफा (५) बमोजिम निर्णय सुनाएकोमा न्यायाधीशले एक्काइस कार्य दिनभित्र फैसला लेखी मिसिल संलग्न राख्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। सो संहिताको दफा १४० को उपदफा (१) मा तल्लो अदालतबाट मिसिल प्राप्त भएको मितिले छ महिनाभित्र पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको सुनुवाई गरिसक्नु पर्नेछ भन्ने उल्लेख छ।

## २.७ मुलुकी देवानी कार्यविधि संहिता, २०७४

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७को उपदफा (१)मा मुद्दाको कारबाहीको सिलसिलामा तल्लो अदालतबाट भएका देहायका आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो आदेश बदर वा रद्द गर्न त्यस्तो अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ भन्ने व्यवस्था रहेको छ :-

(क) मुद्दाका पक्षलाई तारिखमा राखेको वा निजबाट जमानत वा अदालती शुल्क लिएको,

(ख) परिच्छेद–१० बमोजिम मुद्दा दर्ता गर्न नमिल्ने भनी गरेको दरपीठको आदेश उपर न्यायाधीशसमक्ष उजुर गरेकोमा त्यस्तो उजुर रद्द भएको,

(ग) परिच्छेद–११ बमोजिम प्रारम्भिक सुनुवाई गर्दा हकदैया, हदम्याद वा अधिकारक्षेत्र सम्बन्धी विषय निरूपण गरी आदेश गरेको,

(घ) मुद्दाको कारबाहीको सिलसिलामा अन्य कुनै आदेश गरेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा भएको काम कारबाहीमा म्याद नाघेको वा मुद्दामा कानूनबमोजिम गर्नुपर्ने कारबाही निर्धारित अवधिभित्र नगरी बेरीत भएको जिकिर लिई त्यस्तो काम कारबाही बदर गराउन समेत मुद्दाको पक्षले त्यस्तो अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम कुनै निवेदन परेमा पुनरावेदन सुन्ने अदालतले सम्बन्धित अदालतबाट आवश्यकतानुसार प्रतिवेदन लिई वा मिसिल झिकाई त्यस्तो निवेदन उपर सुनुवाई गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सुनुवाई गर्दा तल्लो अदालतले गरेको आदेश वा काम कारबाही वेरीतको वा म्याद नाघेको देखिएमा पुनरावेदन सुन्ने अदालतले त्यसको कारण खुलाई त्यस्तो आदेश बदर गर्न, रद्द गर्न वा कानूनबमोजिम उपयुक्त सम्झेको अन्य काम गर्न तल्लो अदालतको नाममा आदेश गर्न सक्नेछ।

सो संहिताको दफा १५८मा अन्तरिम आदेश जारी गर्ने सम्बन्धी देहायबमोजिमको व्यवस्था रहेको छ :-

(१) कुनै निवेदनको अन्तिम किनारा नभएसम्मका लागि कुनै माग दाबीको कुनै विषय यथास्थितिमा नराखेमा त्यस्तो निवेदनको माग दाबी निरर्थक हुने लागेमा सम्बन्धित निवेदकले त्यस्तो व्यहोरा खुलाई अन्तरिम आदेश जारी गर्न माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तरिम आदेश माग गरेमा अदालतले उचित र आवश्यक देखेमा निवेदनको किनारा नलागेसम्मको अवधिको लागि देहायबमोजिमको कुनै आदेश जारी गर्न सक्नेछ :-

(क) खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न,

(ख) खण्ड (क) बमोजिम जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिनु पर्ने वा नपर्ने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउने आदेश गर्न,

(ग) अन्तरिम आदेशको सम्बन्धमा छलफल हुँदा आफ्नो हितमा अन्तरिम आदेश जारी भएका कारणले निवेदनको अन्तिम निर्णय पश्चात् अर्को पक्षलाई क्षति पुगेको अवस्था देखिएमा प्रचलित कानूनबमोजिम क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिवद्धता व्यक्त गरेमा शर्त सहितको अन्तरिम आदेश जारी गर्न,

(घ) निवेदन माग दाबीको विषय यथास्थितिमा नरहेमा निवेदनको माग दाबी निरर्थक हुने देखिएमा त्यस्तो विषय यथास्थितिमा राख्न।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तरिम आदेशको लागि पेस भएको निवेदनको विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने लागेमा अदालतले त्यस्तो विषयमा अन्तिम निर्णय गर्न बाधा पर्ने छैन।

(४) उपदफा (२) बमोजिम जारी गरिएको अन्तरिम आदेश निवेदनको अन्तिम किनारा लागेपछि स्वतः रद्द भएको मानिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले एक पटक अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेकोमा पछि परिस्थितिमा आधारभूत परिवर्तन भएको आधार र कारण देखाई सम्बन्धित पक्षले सोही विषयमा त्यस्तो आदेशको लागि पुनः निवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन परेमा अदालतले दुबै पक्षको सुनुवाई गरी अन्तरिम आदेश सम्बन्धमा अन्तरिम आदेश वा अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ।

(७) उपदफा (२) बमोजिम जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफल गराउन अर्को पक्ष झिकाउने गरी आदेश भएकोमा निवेदकको कारणबाट सोही दिन छलफल हुन नसकेमा तत्पश्चात् त्यस्तो अन्तरिम आदेश निष्क्रिय हुनेछ।

(८) यस दफा बमोजिम अदालतले अन्तरिम आदेश जारी गर्दा वा अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दा त्यसको कारण खुलाउनु पर्नेछ।

(९) उपदफा (२) वा (६) बमोजिम आदेश जारी भएकोमा त्यस्तो आदेश प्रभावित नहुने गरी मुद्दाको विषयमा कारबाही अगाडि बढाउन यस दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याउने छैन।

साथै, दफा १५९ मा अन्तरिम आदेश रद्द हुने सम्बन्धमा देहायबमोजिमको व्यवस्था रहेको छ :-

(१) एक पक्षीय सुनवाई गरी अन्तरिम आदेश जारी भएको वा आफ्नो कुरा प्रस्तुत गर्न मौका नपाएको कारण खुलाई कुनै पक्षले अदालतबाट जारी भएको अन्तरिम आदेश रद्द गर्ने माग गरी सोही अदालतमा निवेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले अर्को पक्षलाई झिकाई त्यस उपर सुनुवाई गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सुनुवाई गर्दा सो विषयमा अघि जारी गरेको अन्तरिम आदेश रद्द गर्न उपयुक्त देखेमा अदालतले कारण खुलाई त्यस्तो आदेश रद्द गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले अन्तरिम आदेश रद्द नगरी त्यसका शर्त संशोधन वा हेरफेर गर्न उपयुक्त देखेमा त्यसको कारण खुलाई अन्तरिम आदेशका त्यस्ता शर्त संशोधन वा हेरफेर गर्न सक्नेछ।

**दफा १९२** को उपदफा (१) मा  प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि अदालतले सामान्यतया एक महिनाभित्र मुद्दाको सुनुवाई गरी निर्णय गर्नु पर्नेछ भन्ने उल्लेख भएको छ।

**दफा १९७** मा देहायबमोजिम फैसला गर्नुपर्ने व्यवस्था रहेको छ:

(१) यस परिच्छेद बमोजिम मुद्दाको सुनुवाई सम्पन्न भएपछि सामान्यतया सुनुवाई सम्पन्न भएको दिनमा नै अदालतले निर्णय गर्नुपर्ने विवादको विषयमा निर्णय गरी राय किताबमा अभिलेख गर्नु पर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "राय किताब" भन्नाले न्यायाधीशले मुद्दामा ठहर गरेको विषय र त्यसका आधार संक्षिप्त रूपमा अभिलेख गर्न अदालतमा राखिएको किताब सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १९२ को उपदफा (३) बमोजिम बहस नोट दाखिला गर्न अदालतबाट आदेश भएकोमा अदालतले बहस नोट प्राप्त भएको मितिले सात दिनभित्र निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मुद्दाको ठहर गर्नुपर्ने विषयमा जटिल कानूनी वा तथ्यगत प्रश्न समावेश भएकोले त्यस्तो विषयमा सोही दिन ठहर गर्न नसकिने भए कुन विषयको कानूनी वा तथ्यगत जटिल प्रश्न समावेश भएको हो त्यसको कारण खुलाई अदालतले आदेश दिएमा बढीमा पन्ध्र दिनभित्र निर्णय सुनाउने दिनको तारिख तोक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तारिख तोकिएकोमा अदालतले सो दिन मुद्दाको ठहर गरी राय किताबमा अभिलेख गरी पक्षहरूलाई निर्णय सुनाउनु पर्नेछ।

(५) अदालतबाट एकतर्फी फैसला भएकोमा त्यसरी फैसला गर्ने अदालतले त्यस्तो फैसला तयार भई प्रमाणीकरण भएको मितिले तीस दिनभित्र मुद्दामा उपस्थित नरहेको पक्षलाई फैसलाको अनुसूची (२०) बमोजिमको ढाँचामा परिच्छेद–८ को प्रक्रिया पूरा गरी सूचना तामेल गर्नु पर्नेछ र त्यस्तो सूचना तामेल हुन नसकेमा मुद्दामा उपस्थित नरहेको पक्षको जानकारीको लागि राष्ट्रियस्तरका दैनिक पत्रिकामाएकतर्फी फैसला भएको सूचना प्रकाशन गर्नु पर्नेछ।

(६) अदालतबाट फैसलाको लागि सुनुवाईको मिति तोकिएकोमा त्यसरी तोकिएको मिति अगावै मुद्दाको सम्पूर्ण तथ्यहरू र बुझिएका प्रमाण सहितको व्यहोरा अभिलेख गरी मुद्दामा ठहर गर्नुपर्ने विषय पनि यकिन गरी दफा १९१ बमोजिम मिसिल सामेल राख्नु वा राख्न लगाउनु पर्नेछ।

(७) मुद्दा किनारा भई राय किताबमा लेखिएको अदालतको निर्णयको व्यहोरा सम्बन्धित कुनै पक्ष वा निजको कानून व्यवसायीले लिन चाहेमा अदालतले त्यस्तो व्यहोरा प्रमाणीकरण गरी पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

## २.८ जिल्ला अदालत नियमावली, २०७५

जिल्ला अदालत नियमावली, २०७५को नियम ३४मा अन्तरिम आदेश सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छ :-

(१) नियम ३१ अन्तर्गत गरेको कुनै निवेदनपत्रका सम्बन्धमा अदालतले उचित र आवश्यक देखेमा निवेदनपत्रको किनारा नलागेसम्मको अवधिको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्नेछ।

तर,

(१) अदालतले आवश्यक देखेमा खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न वा सो अन्तरिम आदेशलाई निरन्तरता दिनु पर्ने वा नपर्ने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउन सक्नेछ।

(२) अन्तरिम आदेशको सम्बन्धमा छलफल हुँदा आफ्नो हितमा अन्तरिम आदेश जारी भएका कारणले रिट निवेदनको अन्तिम निर्णयपश्चात् अर्को पक्षलाई क्षति हुने अवस्था देखिएमा प्रचलित कानूनबमोजिम क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिबद्धता व्यक्त गरेमा इजलासले सर्तसहितको अन्तरिम आदेश जारी गर्न सक्नेछ।

(३) एक पक्षीय सुनुवाई गरी अन्तरिम आदेश जारी भएकोमा वा कुनै कारणले अर्को पक्षले आफ्नो कुरा प्रस्तुत गर्न मौका नपाएकोमा त्यस्तो अन्तरिम आदेश रद्द गरी पाउनको लागि सो पक्षले निवेदन दिन सक्नेछ र अदालतले उचित र आवश्यक देखेमा अघि दिएको अन्तरिम आदेश रद्द गर्न वा त्यसमा आवश्यक संशोधन गर्न सक्नेछ।

(४) कुनै निवेदन अन्तरिम आदेश जारी वा खारेजीका लागि पेस भएको भए तापनि सो विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने इजलासलाई लागेमा इजलासले निर्णय गर्न सक्नेछ र अन्तरिम आदेशको लागि पेस गरिएको कारणले मात्र त्यस विषयमा निर्णय गर्न बाधा पर्ने छैन।

(२) उपनियम (१) बमोजिम जारी गरिएको अन्तरिम आदेश निवेदनपत्रको अन्तिम किनारा लागेपछि स्वतः रद्द भएको मानिनेछ।

(३) अन्तरिम आदेश जारी वा रद्द गर्ने सम्बन्धमा छलफलका लागि सूचना दिई कुनै पक्षलाई झिकाइएकोमा तोकिएको दिन कुनै कारणले छलफल हुन नसकी अर्को दिन छलफल हुने भएमा सो प्रयोजनका लागि छलफल सम्पन्न नभएसम्म झिकाइएको पक्षलाई तारिखमा राखिनेछ। छलफल प्रयोजनका लागि पटक पटक सूचना जारी गरिने छैन।

(४) पहिले जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफल गराउन अर्को पक्ष झिकाउने गरी आदेश भएकोमा निवेदक पक्षको कारणबाट सो दिन छलफल हुन नसकेमा तत्पश्चात् सो अन्तरिम आदेश निष्क्रिय हुनेछ।

(५) अन्तरिम आदेश छलफलको मितिसम्मका लागि अन्तरिम आदेश जारी भएको मुद्दामा तोकिएको मितिमा अन्तरिम आदेश सम्बन्धमा छलफल हुन नसकी अर्को मिति तोकिएमा सो मितिसम्म त्यस्तो आदेशले निरन्तरता पाउनेछ।

(६) यस नियमबमोजिम अदालतले अन्तरिम आदेश जारी गर्दा वा अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दा त्यसको कारण स्पष्टरूपमा उल्लेख गर्नु पर्नेछ।

(७) यस परिच्छेद बमोजिम परेको निवेदनबाट प्रत्यर्थी बाहेक अन्य व्यक्तिलाई बुझ्न आबश्यक देखिएमा अदालतले त्यस्तो व्यक्तिलाई बुझ्न वा उपस्थित गराउन सक्नेछ।

(८) निवेदकले प्रत्यर्थी बनाएको व्यक्तिबाहेक अरु कुनै व्यक्तिले निवेदनको विषयसँग आफ्नो पनि हक वा स्वार्थ गाँसिएको हुँदा कारबाहीमा सरिक हुन निवेदन दिएमा उचित र मनासिब देखिए अदालतले त्यस्तो कारबाहीमा निजलाई संलग्न गराउने आदेश दिन सक्नेछ।

फरक मुद्दा व्यवस्थापन सम्बन्धमा परिच्छेद-५क. मा देहाय बमोजिमको व्यवस्था रहेको छ :-[6]

"**४०क. मुद्दामा रहने मार्गसमूह** : (१) अदालतमा दायर हुने मुद्दाको कारबाहीमा सरल मार्गसमूह, सामान्य मार्गसमूह र विशेष मार्गसमूह रहने छन्।

तर पुनरावेदनको कारबाहीमा सरल मार्गसमूह र सामान्य मार्गसमूह रहनेछन्।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बन्दीप्रत्यक्षीकरणको निवेदन, अन्तरकालीन आदेश उपर परेका निवेदन, सो सम्बन्धी प्रतिवेदन, विशेष प्रकृतिका निवेदन तथा अन्य फुटकर निवेदनलाई मार्गसमूहमा राखी कारबाही गर्नुपर्ने छैन।

(३) यस नियमावली बमोजिम मार्गसमूह निर्धारणका आधारहरू सर्वोच्च अदालतले बनाई लागू गर्ने निर्देशिका वा दिग्दर्शनमा उल्लेख भएबमोजिम हुनेछ।

(४) प्रचलित कानूनको अधीनमा रही सामान्यतः सरल मार्गसमूहका मुद्दा छ महिना, सामान्य मार्गसमूहका मुद्दा एक वर्ष र विशेष मार्गसमूहका मुद्दा एक वर्ष छ महिनाभित्र कारबाही र किनारा गर्नु पर्नेछ। तर कुनै मार्गसमूहमा रहेको मुद्दामा सो समय अगावै अङ्ग पुऱ्याई कारबाही र किनारा गर्न बाधा पुगेको मानिने छैन।

(५) कुनै एक मार्गसमूहबाट कारबाही र किनारा हुनुपर्ने मुद्दा अर्को मार्गसमूहमा राखी कारबाही र किनारा गरेको कारणबाट मात्र त्यस्तो कामकारबाही बदर हुनेछैन।

**४०ख.** **<u>मुद्दाको मार्गसमूह परिवर्तन</u>** : (१) सरल मार्गसमूहमा रहेको मुद्दा सामान्य मार्गसमूहमा र विशेष मार्गसमूहमा तथा सामान्य मार्गसमूहमा रहेको मुद्दा विशेष मार्गसमूहमा परिवर्तन गर्न सकिनेछ।

---

6. *फरक मुद्दा व्यवस्थापन दिग्दर्शन, २०७६* समेत कार्यान्वयनमा रहेको छ।

(२) उपनियम (१) बमोजिम मार्गसमूह परिवर्तन गर्ने आधारहरू सर्वोच्च अदालतले बनाई लागू गर्ने निर्देशिका वा दिग्दर्शनमा उल्लेख भएबमोजिम हुनेछ।

## २.९ उच्च अदालत नियमावली, २०७३

फरक मुद्दा व्यवस्थापन सम्बन्धमा परिच्छेद-४क. मा देहाय बमोजिमको व्यवस्था रहेको छः-

**३४क.** **मुद्दामा रहने मार्गसमूह** : (१) अदालतमा दायर हुने मुद्दाको कारबाहीमा सरल मार्गसमूह र सामान्य मार्गसमूह रहने छन्।

तर सरकारवादी फौजदारी मुद्दाको सुरु तथा पुनरावेदनको कारबाहीमा सरल मार्गसमूह, सामान्य मार्गसमूह र विशेष मार्गसमूह रहने छन्।

(२) मध्यस्थता सम्बन्धी निवेदनहरूको कारबाहीको लागि विषयगत आधारमा मार्गसमूह रहनेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दामासाही सम्बन्धी निवेदन, बन्दी प्रत्यक्षीकरणको निवेदन, अन्तरकालीन आदेश उपर परेका निवेदन, सो सम्बन्धी प्रतिवेदन तथा अन्य फुटकर निवेदनलाई मार्गसमूहमा राखी कारबाही गर्नुपर्ने छैन।

(४) यस नियमावली बमोजिम मार्गसमूह निर्धारणका आधारहरू सर्वोच्च अदालतले बनाई लागू गर्ने निर्देशिका वा दिग्दर्शनमा उल्लेख भए बमोजिम हुनेछ।

(५) प्रचलित कानूनको अधीनमा रही सामान्यतः सरल मार्गसमूहका मुद्दा छ महिना, सामान्य मार्गसमूहका मुद्दा एक वर्ष र विशेष मार्गसमूहका मुद्दा एक वर्ष छ महिनाभित्र कारबाही र किनारा गर्नु पर्नेछ।

तर कुनै मार्गसमूहमा रहेको मुद्दामा सो समय अगावै अङ्ग पुऱ्याई कारबाही र किनारा गर्न बाधा पुगेको मानिने छैन।

(६) कुनै एक मार्गसमूहबाट कारबाही र किनारा हुनुपर्ने मुद्दा अर्को मार्गसमूहमा राखी कारबाही र किनारा गरेको कारणबाट मात्र त्यस्तो काम कारबाही बदर हुने छैन।

**३४ख.** **मुद्दाको मार्गसमूह परिवर्तन** : (१) सरल मार्गसमूहमा रहेको मुद्दा सामान्य मार्गसमूहमा वा विशेष मार्गसमूहमा तथा सामान्य मार्गसमूहमा रहेको मुद्दा विशेष मार्गसमूहमा परिवर्तन गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम मार्गसमूह परिवर्तन गर्ने आधारहरू सर्वोच्च अदालतले बनाई लागू गर्ने निर्देशिका वा दिग्दर्शनमा उल्लेख भएबमोजिम हुनेछ।

सो नियमावलीको नियम ४२मा अन्तरिम आदेश सम्बन्धमा देहायबमोजिमको व्यवस्था रहेको छ :-

(१) यस परिच्छेद अन्तर्गतको कुनै निवेदनपत्रका सम्बन्धमा अदालतले उचित र आवश्यक देखेमा त्यस्तो निवेदनपत्रको किनारा नलागेसम्मको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्नेछ।

तर,

(क) अदालतले आवश्यक देखेमा खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न वा सो अन्तरिम आदेशलाई निरन्तरता दिनु पर्ने वा नपर्ने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउन सक्नेछ।

(ख) अन्तरिम आदेशको सम्बन्धमा छलफल हुँदा आफ्नो हितमा अन्तरिम आदेश जारी भएका कारणले रिट निवेदनको अन्तिम निर्णयपश्चात् अर्को पक्षलाई क्षति हुने अवस्था देखिएमा प्रचलित कानूनबमोजिम क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिबद्धता व्यक्त गरेमा इजलासले सर्तसहितको अन्तरिम आदेश जारी गर्न सक्नेछ।

(ग) एकपक्षीय सुनवाई गरी अन्तरिम आदेश जारी भएकामा वा कुनै कारणले अर्को पक्षले आफ्नो कुरा प्रस्तुत गर्न मौका नपाएकोमा त्यस्तो अन्तरिम आदेश रद्द गरी पाउँनको लागि सो पक्षले निवेदन दिन सक्नेछ र अदालतले उचित र आवश्यक देखेमा अघि दिएको अन्तरिम आदेश रद्द गर्न वा त्यसमा आवश्यक संशोधन गर्न सक्नेछ।

(घ) कुनै निवेदन अन्तरिम आदेशको लागि पेस भएको भए तापनि सो विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने इजलासलाई लागेमा इजलासले निर्णय गर्न सक्नेछ र अन्तरिम आदेशको लागि पेस गरिएको कारणले मात्र त्यस विषयमा निर्णय गर्न बाधा पर्ने छैन।

(२) उपनियम (१) बमोजिम जारी गरिएको अन्तरिम आदेश निवेदनपत्रको अन्तिम किनारा लागेपछि स्वतः रद्द भएको मानिनेछ।

(३) अन्तरिम आदेश जारी वा रद्द गर्ने सम्बन्धमा छलफलका लागि सूचना दिई कुनै पक्षलाई झिकाइएकोमा तोकिएको दिन कुनै कारणले छलफल हुन नसकी अर्को दिन छलफल हुने भएमा सो प्रयोजनका लागि छलफल सम्पन्न नभएसम्म झिकाइएको पक्षलाई तारिखमा राखिनेछ। छलफल प्रयोजनका लागि पटक पटक सूचना जारी गरिने छैन।

(३क) अन्तरिम आदेश छलफलको मितिसम्मका लागि अन्तरिम आदेश जारी भएको निवेदनपत्रमा तोकिएको मितिमा अन्तरिम आदेश छलफल हुने नसकी अर्को मिति तोकिएको सो मितिसम्म त्यस्तो आदेशले निरन्तरता पाउनेछ।

(४) पहिले जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफल गराउन अर्को पक्ष झिकाउने गरी आदेश भएकोमा निवेदक पक्षको कारणबाट सो दिन छलफल हुन नसकेमा तत्पश्चात् सो अन्तरिम आदेश निष्क्रिय हुनेछ।

(५) यस नियम बमोजिम अदालतले अन्तरिम आदेश जारी गर्दा वा अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दा त्यसको कारण स्पष्टरूपमा उल्लेख गर्नु पर्छ।

(६) यस परिच्छेद बमोजिम परेको निवेदनपत्रबाट प्रत्यथी बाहेक अन्य व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा त्यस्तो व्यक्तिलाई अदालतले उपस्थित गराउन वा नगराई बुझ्न सक्नेछ। निवेदकले प्रत्यर्थी बनाएको व्यक्ति बाहेक अरु कुनै व्यक्तिले निवेदनको विषयसँगनिजको पनि हक वा स्वार्थ गाँसिएको हुँदा कारबाहीमा आफू सरिक हुने इच्छा देखाई निवेदनपत्र दिएमा उचित र मनासिब देखिए अदालतले त्यस्तो कारबाहीमा त्यस्तो व्यक्तिलाई संलग्न गराउने आदेश दिन सक्नेछ।

## २.१० सर्वोच्च अदालत नियमावली, २०७४

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २४ मा कारण देखाउ आदेश जारी भइसकेको संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गतका निवेदन तथा मुद्दाको कारबाहीको सिलसिलामा भएको आदेश उपर मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ को उपदफा (४) र दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ वा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अन्तर्गत परेको निवेदनमा प्राप्त प्रतिवेदन संयुक्त इजलासबाट हेरिने उल्लेख छ।

सो नियमावलीको नियम २५मा नियम २४ को उपनियम (२) को खण्ड (ख) को अवस्थाबाहेक संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गतका प्रारम्भिक सुनुवाइको लागि पेस भएका निवेदन, तथा मुद्दाको कारबाहीको सिलसिलामा भएको आदेशउपर मुलुकी देवानी कार्यविधि संहिता, २०७४को दफा १५६ को उपदफा (४) र दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४को दफा ७३ वा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अन्तर्गत परेको निवेदन एकल इजलासबाट हेरिने उल्लेख छ।

सो नियमावलीको नियम ४९मा अन्तरिम आदेश सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छ :-

(१) निवेदकले कुनै निवेदनको अन्तिम किनारा नभएसम्मका लागि निजले माग दाबी लिएको कुनै विषय यथास्थितिमा नराखेमा त्यस्तो निवेदनको माग दाबी निरर्थक हुने बेहोरा खुलाई अन्तरिम आदेश जारी गरि पाउँ भनी माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अन्तरिम आदेश माग गरेमा पक्षलाई अपूरणीय क्षति हुने अवस्था देखेमा वा मौलिक हक वा कानूनी व्यवस्थाको गम्भीर उल्लङ्घन भएको देखिएमा वा सुविधा सन्तुलनको दृष्टिले उचित र आवश्यक देखेमा अदालतले देहायबमोजिम गर्न सक्नेछ

(क) कुनै खास अवधिसम्म वा निवेदनको अन्तिम किनारा नलागेसम्मको लागि अन्तरिम आदेश जारी गर्न,

(ख) छलफलको लागि अर्को पक्षलाई झिकाइएकोमा छलफलबाट किनारा नलागेसम्मको लागि अन्तरिम आदेश जारी गर्न,

(ग) अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने विषयमा छलफल गर्न अर्को पक्ष झिकाउने आदेश गरी दुवै पक्षको छलफल सुनी अन्तरिम आदेश जारी गर्न,

(घ) एक पक्षीय सुनुवाइ गरी जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिनुपर्ने वा नपर्ने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउने आदेश गर्न,

(ङ) अन्तरिम आदेशको सम्बन्धमा छलफल हुँदा आफ्नो हितमा अन्तरिम आदेश जारी भएको कारणले निवेदनको अन्तिम निर्णय पश्चात् अर्को पक्षलाई क्षति पुगेको अवस्थामा प्रचलित कानूनबमोजिम क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिवद्धता व्यक्त गरेमा सर्त सहितको अन्तरिम आदेश जारी गर्न।

(३) उपनियम (२) बमोजिम अन्तरिम आदेश जारी गर्दा अदालतले अन्य उचित र आवश्यक आदेश जारी गर्न सक्नेछ।

(४) अन्तरिम आदेश जारी गर्न वा नगर्न छलफलको लागि पेस भएको निवेदनको विषयमा लिखित जवाफ परिसकेको र अङ्ग पुगिसकेको देखिएको अवस्थामा अदालतले सो विषयमा अन्तिम सुनुवाइ गर्न सक्नेछ।

(५) उपनियम (२) को खण्ड (क) बमोजिम कुनै खास अवधिसम्मको लागि जारी गरिएको अन्तरिम आदेश सो आदेशमा तोकिएको अवधि समाप्त भएपछि स्वतः रद्द भएको मानिनेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफल गराउन अर्को पक्ष झिकाउने गरी आदेश भएकोमा निवेदकको कारणबाट सो दिन छलफल हुन नसकेमा तत्पश्चात् सो अन्तरिम आदेश स्वतः निष्क्रिय हुनेछ।

(७) यस नियम बमोजिम अन्तरिम आदेश जारी भएकोमा कुनै पक्षको निवेदन परी वा अदालत आफैलाई सो अन्तरिम आदेशलाई निरन्तरता दिन आवश्यक छैन भन्ने लागेमा अदालतले जुनसुकै बखत उक्त अन्तरिम आदेशलाई खारेज गर्न सक्नेछ।

(८) यस नियम बमोजिम जारी भएको अन्तरिम आदेश निवेदनको अन्तिम किनारा लागेपछि स्वतः रद्द भएको मानिनेछ।

(९) यस नियम बमोजिम अदालतले अन्तरिम आदेश जारी गर्दा वा अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दा त्यसको कारण खुलाउनु पर्नेछ।

यसैगरी पञ्चवर्षीय रणनीतिक योजनाको अतिरिक्त अदालतमा दायर भएका मुद्दाको चाँडो किनारा गरी छिटोछरितो न्याय प्रदान गर्न विद्यमान कार्यविधि कानूनमा तत्सम्बन्धी विविध व्यवस्था गरिएका छन्। नेपालको कार्यविधि कानूनअन्तर्गत मूलभूतरूपमा देहायका कार्यविधिहरूलाई समेटिएको छ :-

(क) संक्षिप्त कार्यवधि,

(ख) विशेष कार्यविधि,

(ग) सामान्य कार्यविधि।

संक्षिप्त कार्यविधि ऐन,२०२८[7] अन्तर्गतका मुद्दा नब्बे दिनभित्र किनारा गर्नुपर्ने, विशेष अदालत ऐन, २०५९ अन्तर्गतको मुद्दा ६ महिनाभित्र किनारा गर्नुपर्ने,[8] मुलुकी संहिता अन्तर्गतका मुद्दाहरू प्रमाण बुझेको एक महिनाभित्र फैसला गर्नुपर्ने[9] र एक्काइस दिनभित्र फैसला लेखिसक्नुपर्ने भनी समयसीमा निर्धारण गरिएको छ। थुनामा राखिएको अभियुक्तको मुद्दा एक वर्षभित्र किनारा गर्न नसकिएमा धरौटी वा जमानत लिई मुद्दा किनारा गर्नुपर्ने व्यवस्थाले एक वर्षभित्र मुद्दा किनारा गर्नुपर्ने गरी कानूनले निर्देशित गरेको छ।[10] प्रशासकीय अदालत ऐन, २०७६ बमोजिमको मुद्दामा सर्वोच्च अदालत वा प्रशासकीय अदालतले आफू समक्ष पुनरावेदन परेको एक वर्षभित्र त्यस्तो मुद्दामा निर्णय गरिसक्नु पर्ने व्यवस्था रहेको छ।[11]

## २.११ न्यायपालिकाको पाँचौ पञ्चवर्षिय रणनीतिक योजना

परिच्छेद छ मा योजनाको पहिलो प्राथमिकता “न्याय सम्पादन” को लक्ष्य 'छिटोछरितो र गुणस्तरीय न्याय निर्धारण गरी सो अन्तर्गत ८ वटा रणनीतिक उद्देश्यहरू तथा लक्ष्य एवम् उद्देश्यहरूको कार्यान्वयनको लागि १३६ वटा क्रियाकलापहरूसहितको कार्यान्वयन योजना प्रस्तुत गरिएको छ।

### २.११.१ न्याय सम्पादन सम्बन्धमा

न्यायपालिकाका विगत योजनाहरूका लक्ष्य, उद्देश्य र प्रमुख कार्यक्रमहरू तथा कार्यान्वयनको अवस्था, कार्यक्रमहरूको निरन्तरताको आवश्यकता र सान्दर्भिकता, न्यायपालिकाको वर्तमान परिस्थिति, सुधारको अपरिहार्यता रहेका क्षेत्रहरू, त्यसको सघनता र रणनीतिक व्यवस्थापनको आवश्यकता, सेवाग्राहीहरूको सुविधा तथा आम नागरिकका अपेक्षालगायतका पक्षहरूलाई मध्यनजर गरिएको छ। साथै, प्रस्तुत योजनाका परिदृश्य, परिलक्ष्य र मूल्यहरूलाईसमेत दृष्टिगत गरिएको छ। त्यस अतिरिक्त, न्यायपालिकाको मूल कार्य, संवैधानिक तथा कानूनी भूमिका र जिम्मेवारी एवम् न्यायपालिकाको वस्तुस्थिति विश्लेषणसमेतका आधारमा योजनामा देहायबमोजिम प्राथमिकताका क्षेत्रहरू निर्धारण गरिएको छ:-

---

7. *संक्षिप्त कार्यविधि ऐन,२०२८* को दफा १०
8. *विशेष अदालत ऐन, २०५९* को दफा १६
9. *मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४* को दफा १३१ उपदफा (१)र उपदफा (६)
10. ऐ. को दफा ७७
11. *प्रशासकीय अदालत ऐन, २०७६* को दफा १४

| प्राथमिकता | | लक्ष | रणनीतिक उद्देश्य | |
|---|---|---|---|---|
| १ | न्याय सम्पादन | छिटो छरितो र गुणस्तरीय न्याय | १.१ | न्याय सम्पादनमा शीघ्रता कायम गर्नु |
| | | | १.२ | सर्वोच्च अदालतको मुद्दा व्यवस्थापनका लागि प्रभावकारी उपाय अवलम्बन गर्नु। |
| | | | १.३ | कार्यबोझ बढी भएका अदालतहरूको विशेष व्यवस्थापन गर्नु। |
| | | | १.४ | उच्च तथा जिल्ला अदालतमा फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयन गर्नु। |
| | | | १.५ | न्याय सम्पादनको कार्यमा गुणस्तरीयता कायम गर्नु। |
| | | | १.६ | फैसलाको तयारीमा शीघ्रता ल्याउनु। |
| | | | १.७ | विवाद समाधानका लागि मेलमिलाप पद्धतिलाई सुदृढ बनाउनु। |
| | | | १.८ | मुद्दा व्यवस्थापनमा सूचना प्रविधिको अधिकतम उपयोग गर्नु। |
| | | | १.९ | फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउनु। |

## २.१२ अदालतबाट प्रतिपादन भएका नजिर

१. राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद्समेत
मुद्दा : उत्प्रेषणसमेत (नेकाप २०४८, अंक १२, नि.नं. ४४३०)

"सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यको सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित भएको विवादको बोध हुन्छ, कुनै विवाद सार्वजनिक हक वा सरोकारको हो वा होइन भन्ने कुराको निर्णय त्यो विवाद सर्वसाधारण जनताको वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित छ वा कुनै खास व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारसँग सम्बन्धित छ भन्ने आधारमा गर्नुपर्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको।

२. अधिवक्ता डा. गणेश रेग्मी वि. सर्वोच्च अदालतसमेत
मुद्दा : उत्प्रेषणसमेत (रिट नं. ०७८-WC-००३५)

"सम्मानित अदालतमा सार्वजनिक सरोकारको रूपमा कुनै निवेदन दायर गर्न उक्त निवेदनमा उठान गरिएको विषयसँग निवेदकको सार्थक सम्बन्ध (Meaningful Relationship) र सारभूत स्वार्थ (Substantive Interest) जोडिएको हुनुपर्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको।

३. दिलिपकुमार यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत
मुद्दा : उत्प्रेषणसमेत (नेकाप २०६७, अंक १०, नि.नं. ८४८४)

"विवादित विषयमा निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार नभए पनि मुद्दा गर्न छुट दिँदै जाने हो भने हकदैया सम्बन्धी कानूनी सिद्धान्तमा प्रतिकूलता आउन सक्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको।

४. भीमसेन पोखरेल समेत वि. विपक्षी व्यवस्थापिका संसद् सचिवालय समेत

मुद्दा : उत्प्रेषणसमेत (ने.का.प. २०७०, अङ्क १ निर्णय नं.८९४०)

"जुन कार्यबाट असर पर्ने सरोकारवाला भनी इङ्गित गर्न खोजेको हो, सो सरोकारवाला वर्ग वा समूह स्वयम् नै न्यायिक उपचारको लागि अदालतसमक्ष आउन सक्ने अवस्था छँदाछँदै त्यस्तो सक्षम वर्ग वा समूहको तर्फबाट अर्को कुनै व्यक्तिले सार्वजनिक सरोकारको विवाद भनी निवेदन दिँदैमा सो विषय सार्वजनिक सरोकारको विषय हुन वा त्यस्तो विषयमा सार्थक सम्बन्ध र तात्विक सरोकार स्थापित रहेको मान्न नसकिने।" भन्ने सिद्धान्त प्रतिपादन भएको।

४. पीयूषबहादुर अमात्य वि. नेपाल राष्ट्र बैङ्क

निर्णय नं. ७८७२ ने.का.प. २०६४

"अदालतले देहायको अवस्थामा आफूलाई प्राप्त असाधारण अधिकार अन्तर्गतको आदेश जारी गर्नसक्न" भन्ने सिद्धान्त प्रतिपादन भएको :-

(क) Breach of the principles of Natural justice.

(ख) Excess of powers or substantive ultra virus

(ग) Errors of procedeures or procedural ultra virus

(घ) Errors of law.

(ङ) Failure to perform a duty

(च) Bad faith or abuse of power in the sense of using a power in a meaning other than that contemplated in the enabling statute.

# परिच्छेद-३
# समस्या पहिचान तथा विश्लेषण

पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूका लागि गरिने जग्गा प्राप्ति, मुआब्जा निर्धारण, ठेक्का प्रक्रिया सम्बन्धी मुद्दा मामिलाहरूबाट आयोजनाको समय र लागत अत्यधिक बढ्न (Time and Cost Overrun) गई आयोजना कार्यन्वयनमा बाधा अवरोध उत्पन्न हुने तथा आयोजना नै संभाव्य (Feasible) नहुने अवस्थामा पुग्ने गरेको अवस्था छ। त्यस्ता मुद्दा मामिलाहरूका कारण देखिएका समस्याहरू देहायबमोजिम रहेका छन्:-

१. खरिद सम्बन्धी कानून, वातावरण सम्बन्धी कानून र आयोजनासँग सम्बन्धित प्रचलित कानूनबमोजिम जग्गा प्राप्ति, साइट क्लियरेन्स, वातावरणीय अध्ययन लगायतका प्रकृया पूरा गर्ने क्रममा वा ठेक्का लगाउँदा वा लगाएपछि सो विषय अदालतमा प्रवेश गरी आयोजना सुरु हुन नै लामो समय लाग्न गई आयोजनाको लागत र समय धेरै बढ्न गई राज्यको सीमित स्रोत साधनको औचित्यपूर्ण उपयोग हुन नसक्ने अवस्था रहेको देखिन्छ।

२. जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था अनुरूप जग्गा अधिग्रहण गर्दा तोकिएको मुआब्जा निर्धारण समितिले निर्धारण गरेको मुआब्जा वा दरमा चित्त नबुझ्ने पक्षले सोही ऐनमा भएको व्यवस्था बमोजिमको निकायमा पुनरावेदन गर्नुपर्नेमा त्यसो नगरी रिट क्षेत्राधिकार प्रयोग गरी अदालतमा जाने गरेको र यस्तो अवस्थामा सम्मानित अदालतले पनि सामान्यतया त्यस्तो निवेदन ग्रहण गरी मुद्दा हेर्ने गरेको र अन्तरिम आदेश वा एकतर्फी अन्तरिम आदेश दिने गरेको र त्यसबाट पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूको समय र लागतसमेत वढ्न गई गम्भीर असर पर्ने गरेको छ।

३. पूर्वाधार निर्माण तथा विकास सम्बन्धी आयोजनाहरूका लागि गरिने जग्गा प्राप्ति, मुआब्जा निर्धारण, ठेक्का प्रक्रियामा चित्त नबुझ्ने व्यक्तिहरूले अदालतमा उजुरी तथा रिट निवेदन दायर गर्ने र त्यस्ता रिट निवेदनका सन्दर्भमा अदालतबाट अन्तरिम आदेश वा एकतर्फी सुनुवाइमा अल्पकालीन अन्तरिम आदेश वा अन्तरिम आदेश जारी हुने गरेको अवस्था छ। त्यसरी अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश जारी भए पछि मुद्दा अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको छ।

४. कुनै एक निकायको कामको सम्बन्धमा रिट निवेदन दिँदा त्यस्तो निकायलाई मात्रै विपक्षी बनाउनु पर्नेमा नेपाल सरकारका धेरै निकायलाई विपक्षी बनाउने गरिएको र फरक फरक निकायमा फरक फरक मितिमा म्याद तामेली हुने गरेको हुँदा लिखित जवाफ पर्ने म्याद समेत लम्बिन गई मुद्दा ढिलो हुने गरेको छ।

५. अदालतमा रहेको अत्यधिक कार्यबोझ (Heavy Workload and case backlog) तथा विकास निर्माणसँग सम्बन्धी मुद्दा सुनुवाइको लागि छुट्टै इजलास नभएकोले नियमित इजलासहरूले त्यस्ता मुद्दाहरूको सुनुवाइ गर्दा ढिलाई भई मुद्दा अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको छ।

६. मुद्दा वा रिट निवेदनमा धेरैजना कानून व्यवसायी राख्ने र धेरैजना कानून व्यवसायीले वहस गर्ने तथा निरन्तर सुनुवाइ भनी हप्तौंसम्म बहस हुने गरेको अवस्था छ। यसबाट मुद्दा टुङ्गिन लामो समय लागेको अवस्था छ। कानून व्यवसायी वा पक्षले पटक पटक पेसी सार्ने प्रवृतिले मुद्दा टुङ्गिन लामो समय लाग्ने गरेको छ।

७. नेपालमा पूर्वाधार विकास आयोजनाहरू लामो समयदेखि कानूनी विवादका कारण अवरुद्ध भइ अर्बौं रकम क्षति हुने प्रवृत्ति गम्भीर समस्याका रूपमा देखिएको छ। विशेष गरी देश भरी सयौं आयोजनाहरू वर्षौंसम्म मुद्दामै अल्झिएर अलपत्र अवस्थामा रहेका छन्। वर्तमान न्यायिक संरचनामा प्राविधिक तथा जटिल निर्माणसम्बन्धी मुद्दाहरू टुंगिन लामो समय लाग्ने गरेको पाइन्छ। यसका कारण विकास आयोजनाहरू ठप्प हुने, लागत अत्यधिक वृद्धि भई अर्बौं क्षति हुने तथा सर्वसाधारण नागरिक प्रत्यक्ष रूपमा प्रभावित हुने अवस्था सिर्जना भएको छ।

८. सार्वजनिक खरिद ऐनबमोजिम बोलपत्र मूल्याङ्कनको नतिजाको अन्तिम निर्णयमा समेत चित्त नबुझेमा वोलपत्रदाताले निश्चित रकम धरौटी राखेर सार्वजनिक खरिद पुनरावलोकन समिति (PPRC) समक्ष पुनरावलोकनका लागि निवेदन दिनसक्ने स्पष्ट कानूनी व्यवस्था छ। सो व्यवस्थालाई छल्ने गरी वोलपत्रदाता रिट क्षेत्राधिकार उपयोग गरी अदालतमा जाने र त्यसलाई अदालतले ग्रहण गरी अन्तरिम आदेश वा एकतर्फी अन्तरिम आदेश दिने गरेको अवस्था छ। त्यस्तो मुद्दाको फैसला हुन लामो समय लागी खरिद प्रकृयामा लामो समय लाग्ने गरेको छ। यसबाट खरिद कानूनको प्रभावकारिता घट्दै मात्र नगई खरिद एवं ठेक्का व्यवस्थापनमा गम्भीर असर परेको छ।

९. ठेक्का कार्यान्वयनको क्रममा कुनै विवाद भएमा त्यस्तो विवादको समाधान करार (ठेक्का सम्बन्धी कागजात) मा उल्लिखित विवाद समाधान संयन्त्र (ADR) मार्फत समाधान खोज्नुपर्ने हुन्छ। प्रत्येक ठेक्का विशेष प्रकृतिको (Specific) हुने र प्रत्येक ठेक्काको लागि विशेष ठेक्का कागजात (Specific Bidding Document-SBD) र विशेष सम्झौता कागजात (Contract Document) हुने गर्दछन्। त्यस्ता हरेक ठेक्का र सम्झौता कागजातमा विवाद समाधानका उपाय स्पष्ट लेखिएको हुन्छ। ठेक्काका पक्षहरूलाई खरिदको चरणमा ठेक्का कागजात (Bidding Document) र कार्यान्वयनको चरणमा सम्झौता कागजात (Contract Document) का प्रावधानहरू वन्धनकारी हुन्छन्। सम्झौताको पक्षले कुनै काम कारवाहीको विषयमा ठेक्का सम्झौताको विवाद समाधानका उपाय सम्बन्धी व्यवस्थामा उल्लिखित अवधिभित्र सम्झौतामा तोकिएको संयन्त्र समक्ष दाबी पेस नगरेमा सो पक्षले सो विषयमा पछि दाबी गर्न नसक्ने हुन्छ। तर सो पक्षले त्यस्तो अवधिभित्र सम्बन्धित संयन्त्र समक्ष दाबी नगर्ने र सो अवधि सकिए पछि सो विवाद समाधानका उपाय सम्बन्धी व्यवस्थालाई छल्ने गरी रिट क्षेत्राधिकार उपयोग गरी सम्मानित अदालतमा जाने प्रवृत्ति रहेको र त्यसलाई सम्मानित अदालतले पनि क्षेत्राधिकार ग्रहण गरी अन्तरिम आदेश वा एकतर्फी अन्तरिम आदेश दिने, त्यस्तो मुद्दाहरूको फैसला हुन लामो समय लाग्ने भई लागत र समय बढ्न गई खरिद एवं ठेक्का व्यवस्थापनमा गम्भीर असर परेको छ। यसबाट राज्यलाई हानि हुन गएको अवस्था छ।

१०. वोलपत्रदाताले वोलपत्र पेस गर्दा ठेक्का जमानत (bid bond) को रूपमा र ठेकेदार (contractor) ले करार गर्दा कार्यसम्पादन जमानत (performance bond) को रूपमा निशर्त बैङ्क जमानत (Unconditional Bank Guarantee) पेस गर्नुपर्ने हुन्छ। ठेक्का सम्बन्धी कागजात (Bidding Document) मा नै निःशर्त बैङ्क जमानत (Unconditional Bank Guarantee)को व्यवस्था गरिएको हुन्छ। नियोक्ता (Employer) बाट ठेक्का सम्बन्धी कागजात (Bidding Document) को प्रावधानबमोजिम दावी गरिने ठेक्का जमानत (Bid Bond) र सम्झौता कागजात(Contract Document) को प्रावधानबमोजिम जफत गरिने कार्यसम्पादन जमानत (Performance Bond) ले सुरक्षित गरेको निःशर्त बैङ्क जमानत (Unconditional Bank Guarantee) को रकम नियोक्ता (Employer) को मागको आधारमा बैङ्कबाट तत्काल नियोक्ता (Employer) को खातामा जम्मा गर्नुपर्ने व्यवस्थालाई छल्नेगरी रिट क्षेत्राधिकार उपयोग गरी सम्मानित अदालतमा जाने प्रवृत्ति रहेको र त्यसलाई सम्मानित अदालतले पनि क्षेत्राधिकार ग्रहण गरी निःशर्त बैङ्क जमानतको औचित्य नै समाप्त पार्ने गरी अन्तरिम आदेश वा एकतर्फी अन्तरिम आदेश दिने गरेको अवस्था छ। यसबाट खरिद कानून र ठेक्का सर्त कार्यान्वयनमा गम्भीर असर परेको र यसले निःशर्त बैङ्क जमानत (Unconditional Bank Guarantee) को संवेदनशीलता र प्रयोजन निस्प्रभावी हुँदै गएको छ। यसले खरिद व्यवस्थापन चुनौतिपूर्ण बन्दै गएको छ।

११. नितान्त प्राविधिक प्रधान (Technical) विषयमा सम्मानित अदालतबाट प्राविधिक सम्वेदनशीलतालाई सम्वोधन नगरी हुने आदेशबाट पूर्वाधार निर्माण तथा विकास आयोजनाहरू प्रभावित भइरहेका छन्। उदाहरणका लागि कुनै निश्चित समूहले कुनै अमुक खोलाबाट निर्माण सामाग्री नहटाउने तथा उत्खनन् रोक्ने सम्बन्धमा अदालतमा निवेदन पेस गर्छ र अदालतबाट अन्तरिम आदेश जारी भई निर्माण सामाग्री हटाउने तथा उत्खनन् रोक्ने कार्य हुन्छ। सम्मानित अदालतबाट आदेश जारी हुँदा न्यायिक मनसाय र असल नियतका साथ आदेश जारी भए तापनि वास्तविकता फरक हुन्छ। उक्त खोला सतह माथि बढ्दै जाने प्रकृति (Aggrading Type) को हुँदा हरेक बर्ष किनाराका वस्ती र खेतबारीमा बाढी पस्दै जान्छ।

उक्त खोलाको निर्माण सामाग्री लक्षित गरी सञ्चालनमा रहेका निर्माणाधीन आयोजनाहरू प्रत्यक्ष प्रभावित हुन पुग्छन्। जुन सम्वेदनशीलतालाई दृष्टिगत गरी सम्मानित अदालतबाट आदेश भयो, सो विषय त वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले सम्वोधन गरी कार्यान्वयन हुनु पर्दथ्यो, तर आदेश कार्यान्वयनबाट वास्तविक सम्वेदनशीलता समेत सम्वोधन नहुने तर थप धन जनको क्षति हुने हुन्छ। यस्मा वातावरणीय अध्ययन प्रतिवेदनका सुझाव हुबहु कार्यान्वयनमा जानु पर्थ्यो। कायान्वयन नभए कानूनबमोजिम कारवाही हुनु पर्ने थियो। आवश्यक परे सम्पदा प्रभाव परीक्षण (Heritage Impact Assessment) गराई प्रतिवेदन कार्यान्वयन गर्ने गर्न सकिन्थ्यो। तर त्यस्तो विषयमा अदालतबाट अन्तरिम आदेश जारी हुने र सोबमोजिम गर्दा वातावरणीय अध्ययन प्रतिवेदनका सुझाव कार्यान्वयन हुँदैनन् र किनाराका वस्ती र खेतबारीमा बाढी पसी नोक्सान भइरहने अवस्था रहन्छ।

१२. सम्झौता कार्यान्वयनमा सम्झौताका पक्षको अधिकार (Entitlement) लाई संकुचित हुनेगरी सम्मानित अदालतबाट आदेश हुँदा केही योजना नराम्ररी प्रभावित भएका छन्। कार्यान्वयन गर्ने निकायहरू ठूलो द्विविधामा छन्। सम्झौतामा ठेकेदार (Contractor) र नियोक्ता (Employer) का अधिकार (Right or Entitlement) स्पष्ट लेखिएका हुन्छन्। त्यस्तै उनीहरूको जोखिम (Risk) पनि स्पष्ट उल्लेख भएको हुन्छ। सम्झौतामा उल्लिखित अधिकार प्रयोग गर्न पाउने सम्झौताको कुनै पनि पक्षको अधिकार हो। यसबाट अर्को पक्षलाई अन्याय भयो र त्यो न्यायोचित भएन भने सम्झौताको सर्त अनुरूप नै त्यसको क्षतिपूर्ति (Compensation) तिर्नु पर्छ। तर (Employer) ले सम्झौताबमोजिम प्रयोग गरेको अधिकार नै सम्मानित अदालतले अन्तरिम आदेशबाट उल्टयाइ दिँदा सम्झौताको मर्म र भावना नै समाप्त हुनजाने अवस्था सृजना हुनजान्छ।

उदाहरणको लागि नियोक्ता (Employer) ले निर्माण व्यवसायीको दोष (Default) देखाई ठेक्का अन्त्य गर्यो र बाँकी कार्य गर्न अर्को निर्माण व्यवसायी नियुक्त गर्यो। यो उसको करार प्रदत्त अधिकार थियो। पहिलाको निर्माण व्यवसायीले नियोक्ता(Employer) को कार्य न्यायोचित नभएमा त्यसको क्षतिपूर्ति (Compensation) माग गरेर जानु पर्थ्यो र अदालतबाट सो विषयमा कारवाही हुनुपर्थ्यो। तर अदालतबाट नियोक्ता(Employer) को ठेक्का अन्त्य र अर्को निर्माण व्यवसायी नियुक्त गर्ने सम्बन्धी अधिकारलाई नै उल्टयाइ दिनेगरी आदेश हुने गरेको अवस्था पनि छ।

कुनै पक्षले आफ्नो अधिकार प्रयोग गर्दा अर्को पक्षलाई क्षति हुन पुगेमा करारको सर्तबमोजिम उपचार खोज्नु पर्दछ, करारको सर्तबमोजिम उपचार प्राप्त नभएमामात्र सम्मानित अदालतसम्म जान सक्छ। तर यहाँ उपचार वा क्षतिपूर्ति तिर नजाने तर अर्को पक्षले करारको सिद्धान्त र कानूनबमोजिम आयोजना कार्यान्वयनको कामलाई निरन्तरता दिन चालेको कदमलाई उल्टयाउने गरी रिट क्षेत्र उपयोग गरी अदालत प्रवेश गर्ने र अदालतबाट पनि रिट क्षेत्राधिकार ग्रहण गरी करारबमोजिम गरेको सो कदम उल्टयाउने गरी आदेश जारी हुने गरेकोबाट नियोक्ता (Employer) को करारीय अधिकार निस्तेज हुने गरेको छ। यस्तो आदेशबाट कैयन आयोजनाहरू अलपत्र पर्न गई रूग्ण अवस्थामा पुग्ने र राज्यलाई नोक्सानी हुन गएको अवस्था छ।

१३. ठेक्काहरू निरन्तर रूपमा मध्यस्थता- अदालत-मध्यस्थता-अदालतमा बिचारधीन रही खराब चक्रको विकास भएकोले लामो समयसम्म अन्तिम किनारा लाग्न सकेको छैन। अन्तिम फैसला उपर पनि रिट क्षेत्राधिकार उपयोग गर्नसक्ने व्यवस्थाले व्यवसायिक प्रकृतिका काम कारवाही पनि देवानी वा फौजदारी विषयजस्तो हुनगई अन्यौल सृजना भएको छ। एउटै ठेक्काको सन्दर्भमा अदालतको तह अनुसार फरक फरक निर्णय आउने गरेको साथै एक तहमा भएको निर्णयको तथ्यको जानकारी बेगर अर्को तहबाट फैसला हुँदा कार्यान्वयनमा थप जटिलता उत्पन्न भएको छ।

१४. करारका सम्बन्धमा विवाद उत्पन्न भएमा मध्यस्थ नियुक्त गर्ने र दाबी, प्रतिवाद पेस गर्ने अवधि स्पष्ट नहुँदा करारमा मध्यस्थ नियुक्त गर्ने र दाबी, प्रतिवाद पेस गर्ने अवधि उल्लेख भएकोमा सोही म्यादभित्र र कुनै म्याद उल्लेख नभएकोमा विवाद उत्पन्न भएको मितिले तिस दिनभित्र मध्यस्थ नियुक्त गर्ने र दाबी, प्रतिवाद पेस गरिसक्नु पर्ने गरी मध्यस्थता ऐनमा आवश्यक संशोधन हुनुपर्ने समेत देखिन्छ।

## १५. विद्युत आयोजनाहरूमा अधिकार मार्ग (Right of Way (RoW)), रुख कटान, मुआब्जा र ठेक्का व्यवस्थापनसँग जोडिएका कानूनी समस्याहरू

(क) **जग्गा प्राप्ति र मुआब्जा सम्बन्धी विवाद** : जग्गा अधिग्रहण गर्दा मुआब्जा दरमा चित्त नबुझ्ने पक्षले रिट क्षेत्राधिकार प्रयोग गरी अदालत प्रवेश गरी अदालतबाट जारी हुने अन्तरिम आदेशका कारण आयोजनाका कामहरू ठप्प हुने गरेका छन्। उदाहरणका लागि, तामाकोशी-काठमाडौं ४००।२२० के.भी. प्रसारण लाइन आयोजना अन्तर्गत लप्सीफेदी खण्डमा स्थानीय जग्गाधनीहरूको निरन्तर अवरोध र मुआब्जा विवादका कारण ४ वटा टावरको निर्माण कार्य लामो समय रोकिएको छ। यस्तै, मर्स्याङ्दी कोरिडोर २२० के.भी. प्रसारण लाइनमा पालुङटार र लमजुङ खण्डमा जग्गा प्राप्ति र मुआब्जा विवादले गर्दा वन क्षेत्रको काम र टावर निर्माण प्रभावित भएको छ।

(ख) **बोलपत्र मूल्याङ्कन र कानूनी प्रक्रिया छल्ने प्रवृत्ति** : बोलपत्र मूल्याङ्कन सम्बन्धी निर्णय उपर चित्त नबुझ्ने पक्षले सार्वजनिक खरिद ऐनबमोजिम पुनरावलोकन समिति (PPRC) मा जानु पर्ने स्पष्ट व्यवस्था हुँदाहुँदै बोलपत्रदाताहरू सोझै अदालत जाने गरेका छन्, जसले खरिद कानूनको प्रभावकारिता घटाएको छ। हेटौंडा-ढल्केबर-इनरुवा ४०० के.भी. प्रसारण लाइन आयोजनामा भेरिएसन अर्डर (VO) सम्बन्धी निर्णयहरू ५६० दिनभन्दा बढी समयसम्म अनिर्णित रहँदा ठेक्का व्यवस्थापनमा गम्भीर असर परेको देखिन्छ।

(ग) **ठेक्का कार्यान्वयन र विवाद समाधान संयन्त्रको उपेक्षा** : ठेक्का सम्झौतामा उल्लेखित विवाद समाधानका उपायहरू प्रयोग नगरी सोझै अदालतबाट अन्तरिम आदेश लिने प्रवृत्तिले आयोजनालाई थप जटिल बनाएको छ। माथिल्लो अरुण जलविद्युत आयोजना (Phase-A) मा परामर्शदाताको कमजोर कार्यसम्पादन र जे.भी. साझेदारहरू बीचको आन्तरिक कलहका कारण काममा बाधा पुगेको छ। त्यस्तै, सुनकोशी नदीको पुल निर्माणमा ढिलाइ र ठेक्का अन्त्य विरुद्ध परेको मुद्दामा अदालतबाट अन्तरिम आदेश जारी हुँदा कार्य प्रगति रोकिएको छ।

(घ) **बैङ्क जमानत (Bank Guarantee) र हकाधिकारमा अवरोध** : सम्झौता अनुसार नियोक्ता (Employer) ले दाबी गर्ने कार्यसम्पादन जमानत (Performance Bond) जफत गर्ने प्रक्रियालाई रोक्न अदालत प्रवेश गर्ने र अदालतबाट सो प्रकृया रोक्नेगरी आदेश हुने गरेको, जसले निःशर्त (Unconditional Bank Guarantee) को मर्म र औचित्यमा प्रहार हुन जान्छ। ग्रीड सोलार तथा ऊर्जा दक्षता आयोजना (GSEEP) मा ठेकेदारले सामग्री आपूर्ति नगरेको र प्रगति न्यून देखिएपछि पूर्वनिर्धारित हर्जाना (Liquidated Damages-LD) लागु गर्ने निर्णय भए तापनि भुक्तानी असुरक्षाका कारण उपठेकेदार (Sub-Contactor) र स्थानीय स्तरमा विवादहरू बढ्दै गई आयोजनाहरूमा ढिलासुस्ति र लागत बढ्न भएको छ।

(ङ) **प्राविधिक र वातावरणीय संवेदनशीलताको अभाव** : प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनका सुझावहरू कार्यान्वयन गर्नुको सट्टा

अदालतको आदेशबाट निर्माण सामग्री उत्खनन वा रुख कटान रोकिँदा आयोजनाहरू प्रभावित भएका छन्। सुनवल-हकुई १३२ के.भी. प्रसारण लाइन आयोजनामा संशोधित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत हुन ढिलाइ हुँदा रुख कटान अनुमति प्रक्रिया लामो हुन गई निर्माण कार्यले गति लिन सकेको छैन।

आ.व. २०८२।०८३मा सम्मानित सर्वोच्च अदालतमा दायर भएका पूर्वाधार आयोजना र विकास निर्माणसँग सम्बन्धित केही प्रतिनिधिमूलक मुद्दाहरूको विस्तृत विवरण देहायबमोजिम प्रस्तुत गरिएको छ :-

जनमैत्री हाइड्रो पावर लि. (मुद्दा नं. ०८१-wo-०३६४) र रमाटेक हाइड्रोपावर प्रा.लि. (मुद्दा नं. ०८१-wo-०६५) ले उच्च अदालत पाटनको निर्णय विरुद्ध दोहोर्याइ पाउँ भनी निवेदन दिएका छन्। त्यस्तै, ग्रिड नेपाल कं. प्रा.लि. ले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका २०७५ अनुसार लगाइएको थप दस्तुर विरुद्ध उत्प्रेषणको माग गरेको छ (मुद्दा नं. ०७९-wo-१५१०)। सिटिजन हाइड्रोपावर र हिरारत्न हाइड्रो पावरले इजाजत पत्र बमोजिमको हकाधिकार सुविधा कायम गरीपाउन माग गर्दै छुट्टाछुट्टै मुद्दा दायर गरेका छन्।

रोयल्टी निर्धारणको विषयमा सिंगटी हाइड्रो इनर्जी, मायाखोला हाइड्रोपावर र सोलु हाइड्रोपावरले विभाग विरुद्ध कानूनी उपचार खोज्दै रोयल्टी विरुद्ध मुद्दा दायर गरेका छन्। अन्य महत्वपूर्ण मुद्दाहरूमा यशुदा कु. वरालले ४८० मे.वा. फुकोट कर्णाली आयोजनामा NHPC सँग गरिएको सम्झौता विरुद्ध रिट दर्ता गराएका छन् भने पिपुल्स हाइड्रोपावरले प्रसारण तार आयातमा दोहोरो भन्सार सुविधा माग गरेको विषय समावेश छ। साथै, पोजिटिभ इनर्जीले सौर्य विद्युतको लिलामी दर विरुद्ध र न्यूटन हाइड्रो इनर्जीले वातावरण विनाश तथा सर्वेक्षण अनुमति रद्द गरिएको विषयमा अदालतमा चुनौती दिएका छन्। रुमलाल पुन समेतले वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) बदरको माग गर्दै उत्प्रेषण परमादेशको निवेदन दिएका छन्।

यसरी विद्युत आयोजनाहरूमा मार्गाधिकार (Right of Way -RoW), रुख कटान, मुआब्जा र ठेक्का व्यवस्थापन सँग जोडिएका कानूनी समस्याहरूले गर्दा माथिल्लो अरुण, तामाकोशी-काठमाडौं, र मर्स्याङ्दी कोरिडोर जस्ता राष्ट्रिय महत्वका आयोजनाहरूको प्रगति प्रभावित हुन पुगेको देखिन्छ।

**(च)** **जग्गा प्राप्ति सम्बन्धी प्रक्रिया** : नेपालमा जग्गा प्राप्ति ऐन, २०३४ र भूमि सम्बन्धी ऐन, २०२१ ले जग्गाको स्वामित्व, अधिग्रहण, मुआब्जा र अन्य सम्बन्धित मुद्दाहरूलाई व्यवस्थित गर्दछ। भूमि ऐनले विभिन्न क्षेत्रहरूमा व्यक्तिले राख्न पाउने जग्गाको सीमा

तोकेको छ। तराईमा १० बिघा, काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनी र काठमाडौं उपत्यकामा २५ रोपनी र घर निर्माणका लागि थप जग्गा राख्न पाउने व्यवस्था पनि छ। विद्युत आयोजनाको लागि जग्गा सीमित नहुने व्यवस्था गरिएको छ। जग्गा प्राप्ति ऐनले सार्वजनिक प्रयोजनका लागि निजी जग्गा अधिग्रहणको प्रक्रिया, मुआब्जा निर्धारण, मूल्याङ्कन मापदण्ड र जग्गाको मुआब्जा जस्ता विषयहरूलाई समेट्छ। यसले विस्थापित व्यक्तिहरूको पुनर्वास र आयोजना कार्यान्वयनमा समन्वयका लागि स्थानीय समितिहरू गठन गर्नुपर्ने सुझाव पनि दिएको छ। विद्युत आयोजनाको उत्पादन, प्रसारण र वितरणको लागि अनुमति प्राप्त संस्थाहरूले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणको जग्गा प्रयोग गर्न सक्छन् र उक्त जग्गा आयोजनाको अवधि समाप्त भएपछि नेपाल सरकारको हुने कानूनी प्रावधान छ।

**(छ) जग्गा प्राप्ति सम्बन्धमा रहेका चुनौतिहरू**

जग्गा प्राप्ति सम्बन्धमा रहेका चुनौतिहरू देहायबमोजिम प्रस्तुत गरिएको छ :-

(१) मुआब्जा निर्धारणमा अस्पष्टताः अधिग्रहण गरिने जग्गाको मुआब्जा निर्धारणका स्पष्ट मापदण्ड वा निर्देशिका नभएकाले मूल्याङ्कनमा भिन्नता देखिन्छ।

(२) स्वामित्व नखुलेको एवं ऐलानी (अव्यवस्थित) जग्गाको क्षतिपूर्तिः वर्षौंदेखि भोगचलन गरेको अव्यवस्थित जग्गाको क्षतिपूर्तिको प्रावधान स्पष्ट नभएकोले आयोजना निर्माणमा अवरोध हुने गरेको छ।

(३) पुनर्वास र पुनर्स्थापना सम्बन्धी नीतिगत व्यवस्थाको अभाव रहेको छ।

(४) समन्वयको अभावः विभिन्न सरोकारवाला सरकारी निकायहरूबीच समन्वय नहुनाले आयोजना कार्यान्वयनमा ढिलाइ र समस्या उत्पन्न हुने गरेको छ।

(५) प्रसारण लाइन मुनि पर्ने निजी जग्गाको क्षतिपूर्तिको पटके निर्णय गर्दा सो कार्य प्रभावकारी हुन सकेको छैन। प्रसारण संरचनाहरू निर्माण गर्दा लाइन मुनि पर्ने निजी जग्गाको मूल्यमा हुने अवमूल्यन सम्बन्धी मुद्दाका कारणले गर्दा सम्बन्धित जग्गा धनीहरू आयोजनालाई सहज रूपमा जग्गा उपलब्ध गर्न इच्छुक देखिदैनन्।

(६) प्रसारण लाइनले ओगटेको क्षेत्राधिकार र बाहिर परेको जग्गाको वर्गीकरण अलग अलग गरेको देखिदैन।

**(ज) जग्गा प्राप्ति सम्बन्धी समस्या समाधानका उपायहरू**

नेपालमा जग्गा प्राप्ति सम्बन्धी विद्दमान समस्याहरूको समाधानका लागि सरल र सहज उपायहरू अपनाउन सकिन्छ। पहिलो, अधिग्रहण गरिने जग्गाको मुआब्जा निर्धारणका लागि स्पष्ट मूल्याङ्कन मापदण्ड तोक्न आवश्यक छ, जसले स्थान र बजार मूल्यको आधारमा निष्पक्ष मुआब्जा सुनिश्चित गर्नेछ। दोस्रो, भोगचलनमा रहेको अव्यवस्थित (ऐलानी) जग्गाको क्षतिपूर्ति र वैधानिक व्यवस्थाका लागि ऐनमा स्पष्ट प्रावधानहरू राख्नुपर्छ, जसले

आयोजना निर्माणमा हुने अवरोध हटाउन मद्दत गर्छ। तेस्रो, विद्युत प्रसारण वा अन्य पूर्वाधार परियोजनाका लागि आवश्यक मार्गाधिकार (Right of Way) सम्बन्धी कानूनी व्यवस्था स्पष्ट गर्न आवश्यक छ, जसले क्षतिपूर्तिसम्बन्धी विवादहरू समाधान गर्न सघाउँछ र मार्गाधिकारमा परेको जग्गाको छुट्टै कित्ताकाट र वर्गिकरण हुनु पर्दछ। चौथो, अधिग्रहणपछि विस्थापित व्यक्तिहरूको पुनर्वास र पुनर्स्थापनाका लागि विशेष नीति, योजना र आर्थिक सहयोगको व्यवस्था गर्नुपर्छ। अन्त्यमा, सरकारी निकायहरूबीचको समन्वय अझ प्रभावकारी बनाउन जिल्ला स्तरमा सरोकारवालाहरूको समावेशी समिति गठन गरी समस्या समाधानका लागि स्पष्ट कार्यविधि तयार गर्नु अत्यावश्यक छ।

(१) **मुआब्जा सम्बन्धी मापदण्ड** : अधिग्रहण गरिने जग्गाको मुआब्जा वा क्षतिपूर्तिका लागि मूल्याङ्कनको स्पष्ट मापदण्ड तयार गरी मूल्याङ्कनको लागि आधार बनाउनुपर्छ, जसले स्थान र बजार मूल्यको आधारमा निष्पक्ष मुआब्जा वा क्षतिपूर्ति सुनिश्चित गर्छ। त्यका लागि अधिग्रहण गरिने जमिनको सही मूल्याङ्कनका लागि स्पष्ट मापदण्ड निर्देशिका हुनुपर्ने देखिन्छ। जग्गा प्राप्तिको लागि प्रारम्भिक अधिकारी तोक्ने कार्य मन्त्रालयस्तरको निर्णयबाट हुनुपर्ने देखिन्छ। सातवटै प्रदेशमा जग्गा प्राप्तिको लागि स्पष्ट कार्य जिम्मेवारी तोकिएको छुट्टै कार्यालय स्थापना गर्दा उपयुक्त हुने देखिन्छ।

(२) **ऐलानी जग्गाको व्यवस्थापन** : ऐलानी जग्गाको क्षतिपूर्ति लागि कुनै स्पष्ट विधि नभएकोले ऐनमा यसका लागि विधि स्पष्ट गर्नुपर्ने देखिन्छ।

(३) **पुनर्वास र पुनर्स्थापना** : अधिग्रहणपश्चात् विस्थापित हुने व्यक्तिहरूको पुनर्वास र पुनर्स्थापनाको लागि विशेष नीति र वित्तीय सहयोगको व्यवस्था गर्नुपर्ने देखिन्छ।

(४) **समन्वय संयन्त्रको गठन** : सरकारी निकायहरूबीच समन्वय अझ प्रभावकारी बनाउन जिल्ला स्तरमा सरोकारवालाहरूको प्रतिनिधित्व रहने एउटा संयन्त्र गठन गरी समस्याको द्रुत समाधानका लागि स्पष्ट कार्यविधि तयार गर्नुपर्ने देखिन्छ। राष्ट्रिय गौरवका आयोजना र रूपान्तरणकारी आयोजनाहरूको हकमा स्वीकृतिको प्रक्रिया द्रुत गतिमा हुने कानूनी व्यवस्था मिलाउनु पर्ने हुन्छ।

(५) **विशेषाधिकार प्राप्त निकाय स्थापना** : नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजना र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको जग्गा प्राप्ति गर्न एक विशेषाधिकार प्राप्त निकाय बनाउन उपयुक्त हुन्छ।

## १६. मुआब्जा, जग्गा अधिग्रहण र संरक्षित क्षेत्रसँग सम्बन्धित केही विचारधीन केही मुद्दाहरूको अध्ययन

मुआब्जा, जग्गा अधिग्रहण र संरक्षित क्षेत्रसँग सम्बन्धित आ.व. २०८१।२०८२ सम्मका केही प्रतिनिधिमूलक विचाराधीन मुद्दाहरूको संक्षिप्त विवरण देहायबमोजिम प्रस्तुत गरिएको छ :-

(क) सेती राजमार्ग टिकापुर-लोडे-चैनपुर सडक योजना साँफेवगर, अछामको ठेक्का नं. SRRP।337011264।081-82।NCB-05 र ठेक्का नं. SRRP।337011264।081-82।NCB-06 का वोलपत्रदाता राखी जगदम्बा कन्सट्रक्सन प्रा.लि. जे.भी. ले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा परमादेशका लागि रिट निवेदन (०८१-WO-००२५) दर्ता गरेकोमा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०८१।१२।१३ मा "…..रिट निवेदकको राखी जगदम्बा कन्सट्रक्सन प्रा.लि.जे.भी. कञ्चनपुरले विपक्षीहरू मध्ये सेती राजमार्ग टिकापुर-लोडे-चैनपुर सडक योजना साँफेबगर, अछामबाट प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार टेन्डर (ठेक्का) प्रकृयामा सहभागिता जनाई बोलपत्र पेश गरेको देखिए पनि निवेदकको व्यवसायिक फर्मलाई प्राविधिक प्रस्तावमा नै छनौट गरेको नदेखिएकोले टेन्डर ठेक्का प्रकृयाबाट नै बाहिरिएको मिसिल संलग्न कागजातबाट देखिँदा ठेक्का प्राप्त भएको नदेखिएको सन्दर्भमा निवेदकले राखेको बोलपत्र जमानत (Bid Bond) बापतको जमानत रकम जफत गर्नु मनासिव एवं न्यायोचित देखिन नआएकोले उक्त बोलपत्र जमानत बापत राखिएको रकम निवेदकको माग बमोजिम फिर्ता दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहर्छ" भनी फैसला भएको।

(ख) ठेक्का नं. BP-DB-069।70-01, "Construction of Sunkoshi River Bridge at Foxingtar on Sagarmatha Highway" निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री गौरी पार्वती।वाइ.पि. कन्स्ट्रक्सन जे.भी., काठमाडौंसँग मिति 20६९।१२।२३ मा भएको ठेक्का सम्झौतामा निर्माण व्यवसायीले ठेक्का सम्झौता बमोजिमको म्यादभित्र पुल निर्माणको कार्य सम्पन्न गरी समयमा नै पुल हस्तान्तरण गर्नुपर्नेमा पटक पटक म्याद थप हुँदा समेत विपक्षी निर्माण व्यवसायीले आफ्नो जिम्मेवारीको कार्य सम्पन्न नगरी ढिला गरी पुल निर्माणको कार्य गर्ने क्रममा मिति २०८१।०६।१२ मा सुनकोशी नदीमा आएको बाढीले १२० मिटर लामो पुलको बीचको भाग (Arch Portion-80m) बगाएको र बढीले उक्त पुलमा क्षति गरेपछि पुल सेक्टर धरानबाट पटक पटक विपक्षी निर्माण व्यवसायीलाई उक्त पुलको निर्माण कार्य गर्न मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत विपक्षीले पुल निर्माणको कार्य गर्न कुनै पहल नगरेको र विपक्षी निर्माण व्यवसायीले निर्माण कार्य गरी आफ्नो दायित्व पूरा गरिसकेको, निर्माण कार्य बाँकी नरहेको भनी गैर जिम्मेवार ढङ्गले आफ्नो करारीय दायित्वबाट विमुख भई लामो समयसम्म विकास निर्माणको कार्यलाई अलपत्र छाडी बसेको, बीमा पोलीसी करार सम्झौताको GCC 13.1 अनुरूप त्रुटी सच्याउने अवधिसम्म कायम राख्नुपर्नेमा नराखेको, बीमा कम्पनीले दिएको जानकारी अनुसार किर्ते गरी बीमा पोलिसी पेस गरेको, पुल सेक्टर धरानको पटक पटकको लिखित तथा मौखिक निर्देशन, ताकेता र सूचनाहरूलाई वेवास्ता गरी करारीय दायित्व पालना नगरी करार सम्झौताको GCC 57.2(e) बमोजिम Fundamental Breach of Contract गरेको, त्रुटी सच्याउने अवधिसम्म बीमा पोलिसी कायम राख्ने करारीय दायित्व विपक्षी निर्माण व्यवसायीको भएकोमा सो नगरी करार सम्झौताको

GCC 58.3(II) अनुसार Fraudulent Practice गरेको देखिन आएकोले वाध्य भएर करार सम्झौताको GCC 57.1, GCC 57.2(e)(h) तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२)(ख), (घ) र (७) बमोजिम मिति २०८२।१०।०२ देखि लागु हुने गरी करार सम्झौता अन्त्य गरी सार्वजनिक सूचना जारी गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८(२), १४१ तथा GCC 59.1 बमोजम Post termination Action गरिएकोमा निर्माण व्यवसायीले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदन उत्प्रेषण परमादेश (०८२—WO–०८०५) मा सर्वोच्च अदालतबाट मिति २०८२।१०।०९ मा अन्तरिम आदेश जारी भएको।

(ग) सडक डिभिजन झापाको ठेक्का नं. RD-DMK।33701169-4।2081।082-11 मा बोलपत्रदाता श्री गणेश निर्माण सेवाको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ (४ङ५) मा उल्लेख भएको कानूनी व्यवस्था बमोजिम bid bond जफतको लागि पत्राचार गरिएकोमा बोलपत्रदाताले उच्च अदालत विराटनगर, इलाम इजलासमा दर्ता गरेको रिट निवेदन उत्प्रेषण परमादेश (०८१-WO-००३६) मा उच्च अदालत बिराटनगर, इलाम इजलासबाट मिति २०८१।१०।१५ मा "...गणेश निर्माण सेवाको रिट निवेदन पत्रमा उल्लेख भएको Bid security (जमानत वापत) को रकम जफत गर्नेगरी भएको विपक्षी सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, इटहरीको मिति २०८१।८।१२ को निर्णय तथा सो आधारमा बैङ्क जमानत जफत गरी विपक्षी कृषि विकाश बैङ्क लिमिटेड भद्रपुर शाखा झापालाई गरेको च.नं. ३६८ मिति २०८१।८।२६ को पत्राचार समेत कानून अनुरूपको नदेखिदा उत्प्रेषणको आदेशले बदर गरी दिएको छ। अब निवेदकको उक्त बैङ्क जमानत निवेदकलाई फिर्ता दिनू भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने ठहर्छ" भनी फैसला भएको।

(घ) निवेदक वाई.पी. विकाश एण्ड ब्रदर्स-आत्रेय जे.भी. र विपक्षी नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय सित्खा, रामेछाप समेत उत्प्रेषणयुक्त परमादेश समेत (08१-WO-२०७3) मद्दा उच्च अदालत पाटनमा दर्ता भएको।

(ङ) निवेदक लोहनी-आत्रेय जे.भी. र विपक्षी नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय सित्खा, रामेछाप समेत भएको उत्प्रेषणयुक्त परमादेश समेत (08१-WO-२०७४) मद्दा उच्च अदालत पाटनमा दर्ता भएको।

(च) निवेदक गोरिल निर्माण सेवा र विपक्षी सडक डिभिजन डोटी समेत भएको उत्प्रेषण प्रतिषेध (०८२-WO-०५०४) मुद्दा उच्च अदालत पाटनमा दर्ता भएको।

(छ) निवेदक बाँके जिल्ला, कोहलपुर नगरपालिका वडा नं.१२ स्थित कार्यालय रहेको खड्का कृष्ण कन्स्ट्रक्सन प्रा.लि. तथा एपेक्स खड्का कृष्ण जे.भी. को तर्फबाट अख्तियार प्राप्त

कृष्णबहादुर खड्काको छोरा जिल्ला कालिकोट, छेडागाड नगरपालिका वडा नं.१३ बस्ने रत्नबहादुर खड्का समेत र विपक्षी भौतिक पूर्वधार तथा यातायात मन्त्रालय, सिंहदरबार काठमाडौं समेत भएको उत्प्रेषण परमादेश समेत (०७९-WO-०७९३) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८१।०७।११ मा "....प्रस्तुत रिट निवेदनमा उत्प्रेषण परमादेशको आदेश जारी भए तापनि प्रस्तुत रिट एवम् लगाउमा रहेका 077-WO-1256, 077-WO-1221 र 077-WO-1231 को समान प्रकृतिका विषयबस्तु समावेस भएको उत्प्रेषणयुक्त परमादेशका रिट निवेदनहरूमा प्रत्यर्थीहरूबाट परेको लिखित जवाफ एवम् समर्थनयुक्त कागजातबाट पनि कालीगण्डकी नदीको ऐतिहासिक महत्व, विद्युत एवम् सिंचाइमा जलस्रोतको उपयोग एवम् ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् सम्बन्धमा वातावरण लगायतका विकासका हर स्तम्भलाई प्रभावकारी प्रयोग एवम् प्रतिफलका निमित्त यत्नशील रहेको देखिएको सो सम्बन्धमा मूलतः ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्, उपभोग एवम् विक्री वितरणलाई अझ व्यवस्थित, अनुमानयोग्य, प्रभावकारी अनुगमन तथा कसुर गर्नेलाई दण्डित गर्नेसमेतका रोहबाट देहायबमोजिमको निर्देशनात्मक आदेश समेत जारी भएको छ :-

(१) प्रस्तुत कालीगण्डकी कोरिडोर अन्तर्गतको बेनी जोमसोम कोरला सडक खण्डको मालढुङ्गादेखि बेनी कालिपुलसम्मको १३ कि.मी. सडक स्तरोन्नती कार्यको ठेक्काको निम्ति गिट्टी, ढुङ्गा, बालुवा लगायतका आवश्यक पर्ने सामग्रीहरूको उत्खनन् गर्दा सो कार्यबाट नदी तटीय क्षेत्र, जीवजन्तु, जलचर तथा भूमीमा पर्न सक्ने नकारात्मक प्रभाव एवम् असरको उचित मूल्याङ्कन गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिमका मापदण्ड पूरा गर्नु, गराउनू।

(२) प्रस्तुत कालीगण्डकी कोरिडोर अन्तर्गतको बेनी जोमसोम कोरला सडक खण्डको मालढुङ्गादेखि बेनी कालिपुलसम्मको१३ कि.मी. सडक स्तरोन्नती कार्यको ठेक्काको निम्ति गिट्टी, ढुङ्गा, बालुवा लगायतका आवश्यक पर्ने सामग्रीहरूको उत्खनन् गर्दा कालिगण्डकी नदीमा चोरी निकासी एवम् मापदण्डको परिपालना सम्बन्धमा प्रभावकारी अनुगमन गर्न आवश्यक संयन्त्र बनाई क्रियाशिल गर्नु, गराउनू।

(३) प्रस्तुत रिट निवेदनमा उत्प्रेषण परमादेशको आदेश जारी भए तापनि निवेदकहरूसमेत उपर जारी भएको उपर्युक्त निर्देशनात्मक आदेश कार्यान्वयनका सम्बन्धमा आवश्यक कार्य गर्न वा गराउन प्रत्यर्थीहरूलाई तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७ को उपनियम (४) बमोजिम प्रस्तुत आदेशको जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई दिनू" भनी फैसला भएको देखिन्छ।

(ज) श्री सडक सुधार आयोजना, बबरमहल, काठमाडौं र निर्माण व्यवसायी M I S Shakeel Haider-Sankar Mali Nirman Sewa-Sunaula Khimti Construction JV बीच ठेक्का नं. RIP I 337133 I LTJ-15 I 2070-071, "Upgrading I Improvement of Mude Charikot

Road Section of Lamosanghu-Tamakoshi Jiri Road (CH: 25+000-55+000) निर्माण सम्बन्धमा मिति २०७२।०२।३१ मा ठेक्का सम्झौता भई श्री सडक सुधार तथा विकास योजना कार्यालय, रामेछापबाट कार्यान्वयनमा रहेको आयोजनामा सातौं पटक म्याद थप भई मिति २०७९।०७।१४ सम्म कार्य सम्पन्न गर्नुपर्ने म्याद कायम भएकोमा ठेक्का सम्झौता बमोजिम निर्माण व्यवसायीले कार्य सम्पन्न नगरेको कारण योजना कार्यालयबाट मिति २०८०।०२।२४ मा ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय भएकोमा उक्त निर्णयका विरुद्ध निर्माण व्यवसायीले सम्मानित उच्च अदालत पाटनमा दायर गरेको निवेदक Shakeel Haider JV समेत र विपक्षी श्री सडक विभाग समेत भएको उत्प्रेषण (०८१-WO-१६७३) मुद्दामा सम्मानित उच्च अदालत पाटनबाट मिति २०८१।११।०५ मा "...विपक्षीबाट लिखित जवाफ परी प्रस्तुत रिट निवेदनमा अन्तिम निर्णय हुँदा उल्लेखित विषयमा यथोचित सम्बोधन हुने नै हुँदा आ.व. २०७९।०८० सम्म सारभूत रूपमा ९२% तत्पश्चात ९६% सम्म कार्य सम्पन्न गरी सकेको करारको पक्ष यी निवेदकसँगको करार सम्झौता भङ्ग गर्नेगरी विपक्षी योजनाबाट भएको मिति २०८०।०२।२४ को ठेक्का सम्झौता रद्ध गर्ने निर्णय र सो निर्णयका आधारमा बैङ्क ग्यारेण्टी जफत गर्ने र निवेदकलाई जरिवाना गरी ३ वर्षका लागि कालोसूचीमा राख्ने गरी भएको निर्णय र सो निर्णयका आधारमा सो पश्चात विपक्षीहरूबाट भएका पत्राचारहरू समेत तत्काल कार्यान्वयन नगर्नू, नगराउनू, करार सम्झौता यथास्थितिमा राख्नू, Performance Bond Guarantee जफत नगर्नू, कालोसूचीमा नराख्नू, जरिवाना नगर्नू र निवेदकलाई सम्झौता बमोजिमको बाँकी निर्माण कार्य सम्झौता हुँदाको ठेक्का रकममा कुनै वृद्धि नहुने गरी र राज्यलाई थप आर्थिक व्ययभार नपर्ने गरी बाँकी निर्माण कार्य सम्पन्न गर्न दिनू, कुनै अवरोध नगर्नू" भनी आदेश भएको देखिन्छ।

(झ) हुलाकी राजमार्ग आयोजना निर्देशनालय र विपक्षी निवेदक निर्माण व्यवसायी श्री गौरी पार्वती-देव एण्ड सायर-भुमी जे.भी. विराटनगर, मोरङ्ग बिच ठेक्का नं. HRP।337011284।077।78।UR-003, भएको "Upgrading of Inaruwa-Kaptanganj Road to Asphalt Concrete, Sunsari (Ch 0+000 to 22+663)" निर्माण कार्यको लागि मिति २०७८।१०।०२ मा मिति २०८१।०४।१६ भित्र कार्य सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भई हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय, ईटहरी, सुनसरीबाट कार्यान्वयन भएकोमा म्याद थप भई कार्य सम्पन्न गर्ने म्याद मिति २०८३।०३।३० सम्म रहेकोमा निर्माण कार्य सुरु भएको करिब ४ बर्ष समय व्यतित हुँदा समेत मिति २०८२।०८।१५ सम्मको प्रगति अति न्यून २०% मात्र रहेको र निर्माण कार्य सम्पन्न गर्ने विश्वसनीय आधार समेत नदेखाई सम्पर्क विहिन भई बसेको कारण मिति २०८२।०८।१५ मा ठेक्का सम्झौताको GCC 72.1 (b), (c) र GCC 72.3 (b), (f), (g) साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२)(क) समेतको आधारमा ठेक्का सम्झौताको GCC 72.1 र 72.2 तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम खरिद सम्झौता अन्त्य गरी ठेक्का अन्त्य पश्चात ठेक्का सम्झौताको प्रकरण

GCC clause 75 तथा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) र सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२८, नियम १४१ बमोजिमका काम कारवाही अगाडि बढाइएकोमा निर्माण व्यवसायीले अन्तरिम आदेश समेत माग गरी उच्च अदालत पाटनमा दायर गरेको रिट नं. ०८२-WO-०८९६ मा उच्च अदालत पाटनबाट अन्तरिम आदेश नहुने आदेश भएकोमा सोही विषयमा निर्माण व्यवसायीले सर्वोच्च अदालतमा दायर गरेको रिट नं.०८२-WO-०८९६ मा सर्वोच्च अदालतबाट मिति २०८२।११।०१ तथा मिति २०८२।१२।०१ मा अन्तरिम आदेश जारी भएको छ।

(ञ) सडक विभाग, पुल महाशाखा र निर्माण ब्यवसायी श्री बि.को.ई बिल्डर्स. टंगाल, काठमाडौं बिच Design & Build of Bridges over Budhi Ganga Bridge, Triveni Na. Pa & Gadkhet Baulikhola Bridge, Bajura ठेक्का नं. BBPCU-DB-337011224-077।78-29 कार्यको लागि मिति २०७८।११।१० मा सम्पूर्ण कार्य मिति २०८१।११।०९ मा सम्पन्न गर्नेगरी भएको ठेक्का सम्झौतामा निर्माण व्यवसायीले सम्झौता बमोजिम निर्माण काम सुरु नगरेको, निर्माण कार्यको कुनै प्रगति नभएको हुनाले ठेक्का सम्झौताको शर्त GCC Clause 72.1, 72.2 र 72.3 को प्रावधान बमोजिम निर्माण व्यवसायीको तर्फबाट Fundamental Breach of Contract भएको देखिएको र यस सम्बन्धमा विभिन्न मितिमा निर्माण व्यवसायीलाई भएको पटक पटकको पत्राचारमा समेत उल्लेख गरी सुनुवाइको मौका दिई सतर्क गराउँदा समेत निर्माण कार्य सुरु गर्ने कार्य समेत नगरेको र निर्माण कार्य सुरु नगरी विकास निर्माणको काम अलपत्र पारेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ र ठेक्का सम्झौताको GCC Clause 72.1, 72.2 र 72.3 को प्रावधान बमोजिम ठेक्का सम्झौता अन्त्यका सम्बन्धमा विभागीय निर्णय। निर्देशनका लागि फाइल पेश भई सोही बमोजिम महाकाली पुल योजना कार्यालयको मिति २०८२।०३।१९ को निर्णय अनुसार ठेक्का सम्झौता अन्त्य तथा फरफारक सम्बन्धी सार्वजनिक सूचना मिति २०८२।३।२० को नयाँ पत्रिका दैनिकमा प्रकाशित गरिएको र सो सूचना तथा Post Termination Process का बारेमा मिति २०८२।३।२४ मा निर्माण ब्यवसायीलाई जानकारी गराइएको र उक्त निर्णयको विरुद्ध निर्माण व्यवसायीले सम्मानित उच्च अदालत पटनमा रिट (०८२-WO-००५७) दायर गरेकोमा उच्च अदालत पाटनबाट मिति २०८२।०४।२२ मा अन्तरिम आदेश जारी भई मिति २०८२।०८।२२ मा रिट निवेदन खारेज हुने ठहर गरी फैसला भएको र सोही ठेक्का सम्झौताको विषयमा निर्माण व्यवसायीले सर्वोच्च अदालतमा उत्प्रेषण परमादेश समेत (०८२-WO-०८२७) रिट निवेदन दर्ता गरेकोमा उक्त मुद्दा हाल समेत विचाराधिन रहेको।

(ट) आयोजना निर्देशनालय (ए.डि.वी.) बिशालनगर, काठमाडौं र निर्माण व्यवसायी M।S Tamang Construction Pvt. Ltd. बीच Contract no: STEP।NCB।HO।03, "Construction of Harkapur-Okhaldhunga Road (Km 20+500-32+500) सम्बन्धमा मिति २०६८।०८।२३ मा ठेक्का सम्झौता भई कार्यान्वयन भएकोमा मिति

२०७३।०२।२६ मा नै ठेक्काको फरफारक भएको ठेक्का सम्झौताको विषयलाई नै लिएर निर्माण व्यवसायीले मध्यस्थ नियुक्त गरी पाउँ भनी उच्च अदालत पाटनमा दायर गरेको मुद्दा नं. 08१-FJ-0२०४ मा उच्च अदालत पाटनबाट मिति 20८२।0४।२६ मा "......मध्यस्थता ऐन, २०५५ को दफा ७ को उपदफा (३) बमोजिम निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ता डा. विश्वदीप अधिकारी र विपक्षी सडक विभागको तर्फबाट अधिवक्ता श्री कमला क्षेत्रीलाई मध्यस्थ नियुक्ति गरिदिएको छ।" भनी फैसला भएको।

(ड) जनमैत्री हाइड्रो पावर लि. (मुद्दा नं. ०८१-wo-०३६४) र रमाटेक हाइड्रोपावर प्रा.लि. (मुद्दा नं. ०८१-wo-०६५) ले उच्च अदालत पाटनको निर्णय विरुद्ध दोहोर्याइ पाउँ भनी निवेदन दिएका छन्। त्यस्तै, ग्रिड नेपाल कं. प्रा.लि. ले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका २०७५ अनुसार लगाइएको थप दस्तुर विरुद्ध उत्प्रेषणको माग गरेको छ (मुद्दा नं. ०७९-wo-१५१०)। सिटिजन हाइड्रोपावर र हिरारत्न हाइड्रो पावरले इजाजत पत्र बमोजिमको हकाधिकार सुविधा कायम गरिपाउन माग गर्दै छुट्टाछुट्टै मुद्दा दायर गरेका छन्।

(ढ) रोयल्टी निर्धारणको विषयमा सिंगटी हाइड्रो इनर्जी, मायाखोला हाइड्रोपावर र सोलु हाइड्रोपावरले विभाग विरुद्ध कानूनी उपचार खोज्दै रोयल्टी विरुद्ध मुद्दा दायर गरेका छन्। अन्य महत्वपूर्ण मुद्दाहरूमा यशुदा कु. वरालले ४८० मे.वा. फुकोट कर्णाली आयोजनामा NHPC सँग गरिएको सम्झौता विरुद्ध रिट दर्ता गराएका छन् भने पिपुल्स हाइड्रोपावरले प्रसारण तार आयातमा दोहोरो भन्सार सुविधा माग गरेको विषय समावेश छ। साथै, पोजिटिभ इनर्जीले सौर्य विद्युतको लिलामी दर विरुद्ध र न्यूटन हाइड्रो इनर्जीले वातावरण विनाश तथा सर्वेक्षण अनुमति रद्द गरिएको विषयमा अदालतमा चुनौती दिएका छन्। रुमलाल पुन समेतले वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) बदरको माग गर्दै उत्प्रेषण।परमादेशको निवेदन दिएका छन्। यसरी विद्युत आयोजनाहरूमा Right of Way (ROW), रुख कटान, मुआब्जा र ठेक्का व्यवस्थापन सँग जोडिएका कानूनी समस्याहरूले गर्दा माथिल्लो अरुण, तामाकोशी-काठमाडौं, र मर्स्याङ्दी कोरिडोर जस्ता राष्ट्रिय महत्वका आयोजनाहरूको प्रगति प्रभावित हुन पुगेको देखिन्छ। अदालतको आदेश कार्यान्वयन गर्दा र अदालतमा मुद्दा परेका कारण प्रभावित केही आयोजनाहरू देहायबमोजिम प्रस्तुत गरिएको छ :-

(१) कालिमाटी-नागढुंगा (त्रिभुवन राजपथ) सडक विस्तार- मुआब्जा मुद्दा- सानु श्रेष्ठ लगायत ४७ स्थानीयले दायर। सर्वोच्च अदालत (पूर्ण इजलास)। जग्गा मुआब्जा बजार मूल्यमा नदिएको भन्दै रिट। फैसला भएको तर कार्यान्वयन ढिलो, आयोजना अलपत्र।

(२) सातदोबाटो-गोदावरी सडक विस्तार- मुआब्जा मुद्दा- रामकृष्ण महर्जन लगायत २७ जना। सर्वोच्च अदालत। उच्च अदालत। मुआब्जा विवाद, विचाराधीन।

(३) हेटौंडा-पथलैया सडक विस्तार- मुआब्जा मुद्दा (पहिलो)- भीमकुमारी बर्तौला लगायत २ जना। उच्च अदालत।सर्वोच्च। मुआब्जा बजार मूल्य माग, विचाराधीन।

(४) हेटौंडा-पथलैया सडक विस्तार- मुआब्जा मुद्दा (दोस्रो)- हरिशचन्द्र श्रेष्ठ, माधवप्रसाद न्यौपाने लगायत २८ जना। विचाराधीन।

(५) धनगढी-डडेल्धुरा राजमार्ग विस्तार- मुआब्जा मुद्दा- धना जोशी लगायत १३ जना। उच्च अदालत। मुआब्जा विवाद, विचाराधीन।

(६) धरान-चतरा-बेलटार-गाईघाट सडक विस्तार मुद्दा - शम्भु चौधरी लगायत ६६ जना। जिल्ला।उच्च अदालत। मुआब्जा र जग्गा विवाद।

(७) हिले-लेगुवाघाट-भोजपुर सडक विस्तार मुद्दा- पूर्णमाया तामाङ। उच्च अदालत। मुआब्जा विवाद, विचाराधीन।

(८) बारा-जितपुर ६ लेन सडक विस्तार मुद्दा- कपिलदेव यादव लगायत ६८ जना। सर्वोच्च।उच्च अदालत। विचाराधीन।

(९) जोरपाटी-संखु सडक विस्तार मुद्दा- सानुबाबु बिशंके लगायत ३३० जना। सर्वोच्च अदालत। ठूलो मुआब्जा दाबी, विचाराधीन।

(१०) सातदोबाटो-चापागाउँ सडक विस्तार विवाद मुद्दा- स्थानीय जग्गाधनीहरू। उच्च अदालत। मुआब्जा र विस्तार रोक्ने रिट, विचाराधीन।

(११) बिर्गुंज मुख्य सडक विस्तार मुद्दा (५ वटा रिट)- विभिन्न स्थानीय। सर्वोच्च अदालतले खारेज गरेको तर सम्बन्धित पुनरावेदन विचाराधीन।

(१२) हेटौंडा बजार क्षेत्र सडक विस्तार विवाद मुद्दा- स्थानीयहरू। उच्च अदालत। आठौं पटक सुनुवाइ तालिका, विचाराधीन (२०८२ फागुन)।

(१३) पूर्व-पश्चिम रेलवे (बर्दिबास खण्ड) विस्तार- मुआब्जा मुद्दा, १४ जना स्थानीय (बर्दिबास नगरपालिका)। जिल्ला अदालत।उच्च अदालत। ८ करोड मुआब्जा विवाद, निर्माण रोकिएको।

(१४) काठमाडौं-केरुङ रेलवे आयोजना (संरक्षित क्षेत्र प्रभाव) मुद्दा, लाङटाङ राष्ट्रिय निकुञ्ज छुने। सर्वोच्च अदालत (२०८१ पुसको फैसलासँग जोडिएको)। निर्माण प्रक्रिया रोकिएको, विचाराधीन भई प्रभावित भएको।

(१५) टोखा-छहारे सुरुङ मार्ग (रेल।सडक) प्रभावित मुद्दा, संरक्षित क्षेत्र विवाद। सर्वोच्च अदालत। २०८१ पुसको फैसलापछि निर्माण रोकिएको।

(१६) टोखा-छहारे सुरुङ मार्ग (रेल।सडक) प्रभावित मुद्दा, संरक्षित क्षेत्र विवाद। सर्वोच्च अदालत। २०८१ पुसको फैसलापछि निर्माण रोकिएको।

(१७) हिल्सा-सिमिकोट सडक आयोजना संरक्षित क्षेत्र मुद्दा, संरक्षित क्षेत्र छुने। सर्वोच्च अदालत। विचाराधीन। प्रभावित।

(१८) जोरपाटी-संखु सडक (अतिरिक्त मुआब्जा) सम्बन्धित पुनरावेदन,३३०+ स्थानीय। सर्वोच्च अदालत। विचाराधीन।

(१९) कालिमाटी-बल्खु सडक विस्तार मुआब्जा मुद्दा, स्थानीय जग्गाधनीहरू। उच्च अदालत। मुआब्जा दाबी।

(२०) वीपी राजमार्ग विस्तार मुआब्जा मुद्दा (विभिन्न खण्ड), सयौं स्थानीय। जिल्ला। उच्च अदालत। विचाराधीन।

(२१) धरान-भोजपुर सडक विस्तार विवाद मुद्दा, स्थानीय। उच्च अदालत। मुआब्जा र वन क्षेत्र विवाद।

(२२) पूर्व-पश्चिम राजमार्ग (विभिन्न खण्ड) मुआब्जा मुद्दा, समूहगत (१०+ केस)। जिल्ला अदालतहरू। विचाराधीन।

(२३) काठमाडौं उपत्यका नदी किनार (बफर जोन) सडक निर्माण मुद्दा, २० मिटर अतिरिक्त बफर खारेज, पुनरावेदन। सर्वोच्च अदालत (२०८२ माघ)।

(२४) सिक्लेस अन्नपूर्ण केबलकार (सडक। पर्यटन पूर्वाधार प्रभाव) मुद्दा, संरक्षित क्षेत्र। सर्वोच्च अदालत। पूर्णपाठ ढिलाइ, विचाराधीन प्रभाव।

(२५) राष्ट्रिय गौरवका सडक आयोजना (वन क्षेत्र जग्गा प्राप्ति) समूहगत मुद्दा, २०+ केस। सर्वोच्च। उच्च अदालत।

(२६) माइतीघर-तिनकुने सडक विस्तार मुआब्जा पुनरावेदन, स्थानीय। सर्वोच्च अदालत। पुरानो फैसलाविरुद्ध।

(२७) बिरगंज-पथलैया सडक विस्तार थप विवाद मुद्दा, स्थानीय। उच्च अदालत।

(२८) लुम्बिनी क्षेत्र सडक। रेलवे प्रभावित औद्योगिक बफर मुद्दा, १५ किमी बफर जोन। सर्वोच्च अदालत।

(२९) ठेक्का तोड्ने रुग्ण सडक आयोजना (२३५ मध्ये केही) ठेकेदार रिट, समूहगत। जिल्ला। उच्च अदालत। विचाराधीन।

(३०) काठमाडौं-केरुङ रेलवे क्रस-बोर्डर प्रभाव मुद्दा, संरक्षित क्षेत्र + जग्गा। सर्वोच्च अदालत।

(३१) पूर्व-पश्चिम रेलवे (अन्य खण्ड) मुआब्जा तथा ठेक्का विवाद मुद्दाहरू, विभिन्न जिल्ला अदालत। समूहगत, निर्माण ढिलाइ।

## (३२) डुंडुवा शाखा नहरको पुरानो ठेक्का विवाद सम्बन्धी विवरण

यस आयोजनाको कुल सिंचित क्षेत्र जमिन ४२,७६६ हेक्टर मध्ये पश्चिम मूल नहरबाट सिंचित हुने कुल ३३,७६६ हेक्टर जमिनमध्ये सबैभन्दा ठूलो र महत्त्वपूर्ण शाखा नहर डुन्डुवा सिंचाई प्रणाली अन्तर्गतको डुन्डुवा शाखा नहरबाट झण्डै आधा अर्थात् १६,००० हेक्टर कृषियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउने र आयोजनाबाट अपेक्षित मध्ये करिब आधा प्रतिफल उपलब्ध गराउने महत्त्वपूर्ण शाखा नहर हो। डुन्डुवा सिंचाई प्रणाली बाँके जिल्लाको खेतीयोग्य उर्वरा जमिनमा सिंचाई पुऱ्याउने उद्देश्यले २०१६।१७ सालमा भारत सरकारको सहयोगमा निर्माण सुरु गरिएको थियो भने २०२० फाल्गुण १९ मा बाँधको उद्घाटन भएको थियो र २०२६ सालसम्म डुन्डुवा नहर विस्तारको काम गरिएको थियो। उक्त सिचाई प्रणालीको मुख्य स्रोत डुन्डुवा खोलामा हिउँदमा पर्याप्त पानी नहुने हुँदा सिंचाई सुविधा विस्तार हुन नसकेपछि विभिन्न अध्ययन र श्रोत व्यवस्थापनका विभिन्न चरणहरू पुरा गरेर २०६१।६२ मा रासी खोलामा बाँध निर्माण गरि मूल नहरबाट डुन्डुवा नहरमा पानी खसालेर करिब १६,००० हेक्टर जमिनमा सिंचाई सुविधा विस्तार गर्नेगरी सिक्टा सिंचाई आयोजनाको कार्यान्वयन अवधारणाको सुरुवात भएको थियो। विगत २०७२ सालमा डुन्डुवा सिंचाई प्रणाली अन्तर्गतको मूल नहर पुनः निर्माण वा पुनर्स्थापना तथा विस्तार गर्न साउदी विकास कोषको ५५% र नेपाल सरकारको ४५% रकम खर्च हुने गरि रु.१,९१,६९,८३,०००।- को लागत अनुमान स्वीकृत भई ठेक्का आह्वान समेत भई २०७३ साल असार ६ गते निर्माण व्यवसायी M।S Coastal-PAPPU JV सँग २८ महिनामा काम सम्पन्न गर्ने गरि रु.९८,८१,१८,२६८.२१।- को ठेक्का सम्झौता भई निर्माण कार्यको सुरुवात भएको थियो । ठेक्का सम्झौता भए पश्चात करिब १८ महिनाको अवधिमा जम्मा २% मात्र कार्य प्रगति भएको साथै निर्माण सम्पन्न गर्नेतर्फ तदारुकता नदेखाएको कारण देखाउँदै आयोजनाबाट २०७५ मंसिरमा ठेक्का सम्झौता अन्त्य (Termination) प्रक्रिया थालिएकोमा निर्माण व्यवसायीबाट समेत विभिन्न कारण देखाउँदै ठेक्का अन्त्य गर्ने अभिप्राय सहित विभिन्न तहका सम्मानित अदालतहरूमा मुद्दा दायर गरेको र विवाद सिर्जना भई मध्यस्थता परिषदमा Arbitration मा समेत गएको र Arbitration बाट गरिएको फैसला र दाबी, प्रतिदाबीका बिषयमा समेत बिमति रही आयोजनाबाट सम्मानित उच्च अदालत, पाटनमा मुद्दा दायर भएकोमा हाल उक्त ठेक्का सम्बन्धी कारवाही अदालतमा विचाराधीन अवस्थामा रहेको छ भने तत्कालिन

अवस्थामा निर्माण गरिएको नहरहरूबाट यनकेन आंशिक रूपमा सिंचाई हुँदै आएको अवस्था रहेको छ।

**ठेक्का नं. SIP I DIS I MC I ICB-01**

**कामको विवरणः Construction of Main and Link canals and Rehabilitation of Headworks of Dunduwa Irrigation System**

**ठेक्का सम्झौता रकमः ९८,८१,१८,२६८।२१**

**ठेक्का सम्झौता मितिः २०७३ आषाढ ०६ गते**

निर्माण कार्य सुरु भएको मितिः २०७३ आषाढ १२ गते

ठेक्का सम्पन्न गर्नुपर्ने मितिः कार्यदिश भएको मिति देखि ८४० दिन

प्रस्तुत ठेक्का सम्झौता सुरु भए पश्चात के कसरी विवाद उत्पन्न भयो र कसरी मध्यस्थता ट्राइबुनल गठन भयो र के कसरी मध्यस्थको अन्तिम निर्णय आयो भन्नेसम्मको भएको घट्नाक्रमहरू संक्षिप्त र बुँदागत रूपमा देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छः-

| **सि.नं** | **मिति** | **विवरण** | **कैफियत** |
|---|---|---|---|
| १. | २०७२, भदौ ६<br>अगस्त २३,२०१५ | निर्माण-व्यवसायीका साझेदारहरू बिच जे.भी सम्झौता सम्पन्न | पप्पु कन्स्ट्रक्सन ५० प्रतिशत र कोष्टल लिमिटेड ५० प्रतिशत गरी जे.भी (Costal-Papu J.V) बनेको |
| २. | २०७२, भदौ ६<br>अगष्ट २३,२०१५ | निर्माण-व्यवसायी जेभीको तर्फबाट पप्पु कन्स्ट्रक्सनलाई आधिकारिक प्रतिनिधिको रूपमा अख्तियारीको पत्र प्रदान | जे.भी.को तर्फबाट श्री सुमित रोनियारलाई आधिकारिक प्रतिनिधिको रूपमा अख्तियारी प्रदान गरेको |
| ३. | २०७३, बैशाख ७<br>अप्रिल १९, २०१६ | बोलपत्रको आव्हान | नियोक्ताको तर्फबाट संभावित निर्माण व्यवसायीहरूको लागि "The Rising Nepal" मा बोलपत्र आव्हान गरी सूचना प्रकाशित गरिएको |
| ४. | २०७३, असार २६<br>जुलाई ७, २०१६ | आव्हान गरिएको वोलपत्रको लागि परिशिष्ट सार्वजनिक | नियोक्ताको तर्फबाट वोलपत्रको लागि परिशिष्ट सार्वजनिक गरिएको |
| ५. | २०७३, जेष्ठ ६<br>मे १९, २०१६ | कोस्टल-पप्पु जे.भी (Costal-Papu J.V) को बोलपत्र सारभूत | नियोक्ताले निर्माण व्यवसायीलाई "The National Daily Republica" आशय पत्र।सूचना प्रकाशित गरिएको |

| | | | |
|---|---|---|---|
| | | रूपमा प्रभावग्राही भएकाले ठेक्का सम्झौता गर्ने आशय पत्र। सूचना प्रकाशित गरिएको | |
| ६. | २०७३, जे. २४(जुन १०, २०१६) | कोस्टल—पप्पु जे.भीलाई करार सम्झौता गर्न र Performance Bond बुझाउनको लागि अनुरोध | निर्माण व्यवसायीलाई नियोक्ताको पत्राचार |
| ७. | २०७३,जे. २६, अगष्ट ८,२०१६ | निर्माण व्यवसायीले नियोक्तालाई कार्य सम्पादन जमानत (Performance Bond) दिएको | रु.९९,०००,०००।-को प्राइम बैंक लि. बाट ग्यारेन्टी प्रदान गरेको |
| ८. | २०७३, असार ६ जुन २०, २०१६ | करार सम्झौता | निर्माण व्यवसायी र नियोक्ता बिच करार सम्झौता सम्पन्न, ठेक्का सम्झौताको रकम रु. ९८८,११८,२६८।-(मु.अ.क सहित) |
| ९. | २०७३, असार १२ (जुन २६, २०१६) | करार सम्झौता प्रारम्भ मिति | सम्झौता भएको ३० दिन पश्चात PCC को ८.१ अनुसार निर्माण व्यवसायीले कार्यदिश पत्र प्राप्त गरेको |
| १०. | २०७४, कार्तिक ९ (अक्टोबर२६, २०१७) | नियोक्ताले ठेक्का रद्द गर्न नपर्ने कारण माग गरी सूचना प्रकाशित गरेको | विपक्षी निर्माण व्यवसायी सम्झौता भएको करिब ४ महिना भन्दा बढी समय व्यतित गरी कार्यारम्म नगरेको, निर्माणस्थलमा आवश्यक जनशक्ति र मेशिन परिचालन नगरेको कारणले किन नियोक्ताले उपदफा १५.२(ख) बमोजिम ठेक्का रद्द गर्न नपर्ने सम्बन्धमा कारण सहित १५ दिनभित्र लिखित स्पष्टिकरण पेस गर्न राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको |

| | | | |
|---|---|---|---|
| ११. | २०७४, मंसिर २६(डिसेम्बर १२, २०१७) | नियोक्ताले पुनः सूचना प्रकाशित गरेको | निर्माण व्यवासायी पूर्व सूचना बमोजिम लिखत स्पष्टिकरण पेश नगरेको कारण GCC को उपदफा १५.२(ख) बमोजिम नियोक्ताले ठेक्का सम्झौता रद्द गर्नु नपर्ने कारण सहित लिखत प्रतिवेदन पेस गर्न १५ दिने सूचना राष्ट्रिय दैनिकमा पुनः प्रकाशित गरिएको |
| १२. | २०७४, माघ २५ (फेब्रुवरी ८, २०१८) | निर्माण व्यवसायीको लिखत माफी मागेको पत्र प्राप्त भएको | विपक्षी निर्माण व्यवसायीले हालसम्म कार्य प्रगति नभएको कुराको सम्पूर्ण जिम्मेवारी लिंदै ठेक्का बमोजिमका काम सुधार गर्ने प्रतिवद्धताका साथ नियोक्तालाई अन्तिम पटक मौका प्रादान गर्न आग्रह गरेको पत्र प्राप्त भएको |
| १३. | २०७४, चैत २८ (अप्रिल ११, २०१८) | नियोक्ताद्वारा करारको दफा १५.२(ख) बमोजिम करार रद्दको प्रकृया अगाडि किन नबढाउने भनेर विपक्षी निर्माण व्यवसायीलाई स्पष्टिकरणको माग गरेको | नियोक्ताद्वारा निर्माण व्यवसायीलाई करार बमोजिम ठेक्का किन रद्द नगर्ने भनी स्पष्टिकरणको माग गरी दिएको पत्र |
| १४. | २०७५, असोज २६(अक्टोबर १२, २०१८) | नियोक्ताद्वारा कारारको दफा १५.२ (ख) अनुरूप विपक्षी निर्माण व्यवसायीलाई करार रद्द गर्ने आशयले दिएको १४ दिने सूचना | नियोक्ताद्वारा निर्माण व्यवसायीलाई करार रद्द गर्ने आशयले दिएको १४ दिने पत्र |
| १५. | २०७५, असोज २९(अक्टोबर १५, २०१८) | मिति २०७५।०६।२६ गते दिएको सूचनालाई राष्ट्रिय दैनिक मार्फत कारारको दफा १५.२ (ख) अनुरूप ठेक्का रद्द गर्न दिएको १४ | राष्ट्रिय दैनिक “दि काठमाडौं पोष्ट” मा नियोक्ताले विपक्षीको जानकारीको लागि सूचना प्रकाशन गरेको |

| | | | |
|---|---|---|---|
| | | दिने सूचना | |
| १६. | २०७५, कार्तिक ८(अक्टोबर २५, २०१८) | निर्माण—व्यवसायीले राष्ट्रिय दैनिकमा कारारको दफा १५.२ (ख) अनुरूप प्रकाशित गरेको १४ दिने सूचना उपरको प्रतिक्रिया जवाफ पठाएको | निर्माण—व्यवसायीद्वारा नियोक्ताले करार रद्द गर्ने आशयले दिएको १४ दिने सूचनाको जवाफ दिंदै आफुले ठेक्का रद्द गर्न पाउने दाबी लिएको पत्र नियोक्तालाई प्रषित गरिएको |
| १७. | २०७५, कार्तिक ८ (अक्टोबर २५, २०१८) | निर्माण व्यवसायीद्वारा करार रद्द सम्बन्धी सूचना | मिति अक्टोबर २५, २०१८ को सोही प्रतिकृयामा निर्माण व्यवसायीले करारको दफा १६.२ अनुरूप करार रद्द गरेको भनी नियोक्तालाई समेत सूचना प्रदान गरेको |
| १८. | २०७५, कार्तिक ९ (अक्टोबर २६, २०१८) | मध्यस्थतामा जाने सूचना नियोक्तालाई दिई नेपाल मध्यस्थता परिषदमा सूचना दिएको | निर्माण—व्यवसायीद्वारा नियोक्ता र नेप्कामा आफूले ५ वटा विषयमा दाबी गर्न पाउने भन्ने दाबी गरी मध्यस्थताको सूचना दिएको। तर त्यसमा स्वयं निर्माण व्यवसायीले आफ्नो तर्फबाट रद्द गरेको भनिएको करारबारे केही दाबी नलिई ठेक्काको म्याद थप नदिएको भनी क्षतिपूर्ति माग गरेको |
| १९. | २०७५, कार्तिक १८ | विपक्षी कोस्टल—पप्पु जे.भीले श्री तुल्सीपुर उच्च अदालत, नेपालगञ्ज इजलाशमा निषेधाज्ञा रिट दर्ता गरेको | नियोक्ताको तर्फबाट ठेक्का रद्द भई सकेपछि कालोसूचीमा नराख्न, बैङ्क जमानत जफत नगर्न नगराउनका लागि अन्तरिम आदेश माग गरेर रिट (०७५—WO—००७३) दर्ता गरेकोमा मिति २०७५।०८।१२ गते अन्तरिम आदेश जारी भएको |
| २०. | २०७५, कार्तिक २० (नोभेम्बर ६, २०१८) | करारको दफा १५.२(ख) बमोजिम नियोक्ताद्वारा औपचारिक रूपमा करार रद्द गरेको सूचना विपक्षीलाई | नियोक्ताद्वारा करारको दफा १५.२ (ख) बमोजिम करार रद्द गरेको घोषणा (पूर्व सूचना अक्टोबर १२, २०१८ अनुरूप) |

| | | | |
|---|---|---|---|
| | | दिएको | |
| २१. | २०७५, कार्तिक २१ (नोभेम्बर ७, २०१८) | करारको दफा १५.२(ख) बमोजिम नियोक्ताद्वारा रद्द गरेको सूचना पत्रिकामा प्रकाशित गरेको | राष्ट्रिय दैनिक "दि काठमाडौं पोष्ट" मा नियोक्ताले रद्द गरेको सूचना प्रकाशन गरेको |
| २२. | २०७५, कार्तिक २६ (नोभेम्बर १२, २०१८) | निर्माण व्यवसायीद्वारा औपचारिक रूपमा करार रद्द | राष्ट्रिय दैनिकमा प्रकाशन गरी निर्माण व्यवसायीद्वारा करार रद्द गरेको घोषणा |
| २३. | २०७५, कार्तिक २६ (नोभेम्बर १९, २०१८) | निर्माण व्यवसायीको तर्फबाट मध्यस्थकर्ता नियुक्त गरेको | मध्यस्थकर्ता श्री सञ्जिब कोइराला निर्माण व्यवसायीको तर्फबाट मध्यस्थकर्ता चयन भएको |
| २४. | २०७५, मंसिर १२ (नोभेम्बर २८, २०१८) | श्री तुल्सीपुर उच्च अदालतबाट अन्तरिम आदेश जारी | निर्माण व्यवसायीले श्री तुल्सीपुर उच्च अदालतमा परियोजना पूरा नहुन्जेल सम्मको लागी बैंक ग्यारेन्टी जफत नगर्न, कालोसूचीमा नराख्न माग राखी अन्तरिम आदेश माग गरेकोमा अन्तरिम आदेश जारी भएको |
| २५. | २०७५, पुष ९ (डिसेम्बर २८, २०१८) | प्रारम्भिक बैठक | नेप्कामा मध्यस्थता न्यायधिकरणको गठन प्रकृया पूरा भई प्रारम्भिक बैठक सम्पन्न भएको |
| २६. | २०७५, पुष १५ (डिसेम्बर ३०, २०१८) | विपक्षी निर्माण व्यवसायीले मध्यस्थता न्यायधिकरण समक्ष अन्तरिम आदेश माग गरी निवेदन पेस गरेको | विपक्षी निर्माण व्यवसायीले आफ्नो बैङ्क ग्यारेन्टी जफत नगर्न, कालोसूचीमा नराख्न माग राखी अन्तरिम आदेशको निवेदन पेस गरेको |
| २७. | २०७५, पुष ३० (जनवरी १४, २०१९) | नियोक्ताले मध्यस्थता न्यायधिकरण समक्ष विपक्षीको अन्तरिम आदेश उपर प्रतिवाद पेस गरेको | श्री तुल्सीपुर उच्च अदालत, नेपालगञ्ज इजलाशबाट अन्तरिम आदेश भइसकेको परिस्थितिमा अन्तरिम आदेश जारी हुनु नपर्ने जिकिर लिइएको |
| २८. | २०७५, माघ ८ (जनवरी २२, २०१९) | मध्यस्थता न्यायधिकरणले अन्तरिम आदेशको माग सम्बन्धमा | विपक्षी निर्माण व्यवसायीको बैङ्क ग्यारेन्टी जफत नगर्न, कालोसुचीमा नराख्न बहुमत मध्यस्थहरूले अन्तरिम आदेश |

| | | | |
|---|---|---|---|
| | | निर्णय। अवार्ड प्रदान गरेको | जारी गरेको, एक जना मध्यस्थले श्री तुल्सीपुर उच्च अदालत, नेपालगञ्ज इजलाशबाट अन्तरिम आदेश भइसकेको परिस्थितिमा अन्तरिम आदेश जारी गर्न नपर्ने भनी फरक राय पेस भएको |
| २९. | २०७५, माघ ९ (जनवरी २३, २०१९) | श्री तुल्सीपुर उच्च अदालत, नेपालगञ्ज इजलाशको अन्तिम निर्णय | विपक्षीको रिट (०७५—WO—००७३)<br>निवेदन खारेज भएको |
| ३०. | २०७५, चैत्र ३ | नियोक्ताको तर्फबाट अन्तिरम आदेश खारेज गर्न श्री उच्च अदालत पाटनमा निवेदन पेस गरेको | विपक्षी निर्माण व्यवसायीको बैङ्क ग्यारेन्टी जफत नगर्न, कालोसूचीमा नराख्न बहुमत मध्यस्थहरूले अन्तरिम आदेश जारी गरेको नमिलेको सम्बन्धमा |
| ३१. | २०७५, चैत्र ९ (मार्च २३, २०१९) | कोस्टल—पप्पु जे.भीलाई कालोसूचीमा राखिएको | सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७८।१२।०८ सम्म कोलोसूचिमा राखिएको |
| ३२. | २०७५, चैत्र ११ (मार्च २५, २०१९) | कोस्टल—पप्पु जे.भी.ले दाबी पत्र पेश गरेको | मध्यस्थता न्यायधिकरण समक्ष निर्माण व्यवसायीले दाबी पत्र पेस गरेको |
| ३३. | २०७५, चैत्र १८ | उच्च अदालत पाटनको फैसला | मुद्दा नं: ०७५—RE—१२५७ मा श्री उच्च अदालत पाटनबाट बहुमत मध्यस्थकर्ताबाट विपक्षीको हकमा जारी भएको अन्तरिम आदेशको निर्णय खारेज |
| ३४. | २०७५, चैत्र २५ (अप्रिल ८, २०१९) | कोस्टल—पप्पु जे.भी. बैङ्क ग्यारेन्टीको नियोक्ताले जफत गरेको | मध्यस्थकर्ताबाट जारी भएको अन्तरिम आदेश श्री उच्च अदालत पाटनबाट खारेज गरे पश्चात नियोक्ताले प्राईम बैङ्क लि. लाई पत्राचार गरेको र विपक्षीको बैङ्क ग्यारेण्टीहरू जफत गरेको |
| ३५. | २०७६, बैशाख ५ (अप्रिल १८, २०१९) | सिक्टा सिचाई आयोजनाबाट मध्यस्थकर्ता श्री | नेप्काले श्री सन्जीव कोइरालालाई प्रतिवाद पेस गर्न पत्राचार गरेको |

| | | | |
|---|---|---|---|
| | | सन्जीव कोइरालालाई सिक्टा सिचाई आयोजना र कोस्टल पप्पु बिच गठित मध्यस्थबाट हटाउन निवेदन | |
| ३६. | २०७६, बैशाख १२ (अप्रिल २५, २०१९) | दावीकर्ताले नियोक्ताको मध्यस्थकर्ता हटाउने निवेदन उपर प्रतिवाद पेस गरेको | दावीकर्ताले मध्यस्थताकर्ता श्री सन्जीव कोइरालाको स्वार्थ बाझिएको विषयमा नियोक्ताले नेप्कामा दायर आवेदनको प्रतिवाद पेस गरेको |
| ३७. | २०७६, बैशाख २४ (मे ७, २०१९) | नियोक्ताले प्रतिवाद र प्रतिदाबी पत्र पेस गरेको | विपक्षी दावीकर्तालेे पेश गरेको दाबी पत्र उपर नियोक्ताले मध्यस्थता न्यायधिकरण समक्ष प्रतिवाद र प्रतिदाबी पत्र पेस गरेका |
| ३८. | २०७६,जेष्ठ २० (जुन ३, २०१९) | कोस्टल—पप्पु जे.भी. ले प्रत्युक्ति पत्र | निर्माण व्यवसायीले मध्यस्थता न्यायधिकरण समक्ष प्रत्युक्ति पत्र पेस गरेका |
| ३९. | २०७६,कार्तिक २७(नभोम्बर १३, २०१९) | श्री सन्जीव कोइरालालाई मध्यस्थकर्ताबाट हटाउने नेप्काको निर्णय पाटन उच्च अदालतबाट सदर | श्री उच्च अदालत पाटनबाट श्री सन्जीव कोइरालालाई मध्यस्थकर्ताबाट हटाउने निर्णय सदर |
| ४०. | २०७६, माघ ५ (जनवरी १९, २०२०) | सन्जीव कोइरालालाई मध्यस्थकर्ताबाट हटाइए पछि निजको स्थानमा श्री लेख मान सिहं भण्डारी -मध्यस्थकर्ता नियुक्त भएको र सो पश्चात मध्यस्थ न्याधिकरणको पहिलो बैठक बसेको | मध्यस्थता ऐन,२०५५ को दफा ९ बमोजिम सपथ ग्रहण गरी प्रारम्भिक बैठक बसेको |
| ४१. | २०७६, माघ १२ (जनवरी २६, २०२०) | मिति २०७६।१०।०५ को प्रारम्भिक निर्णय बमोजिम नियोक्ताले थप | नियोक्ताले पेस गरेको प्रतिदाबीमा परामर्शदाताको खर्च विपक्षीबाट भराउनु पर्ने प्रतिदाबी गरिएको` |

| | | | |
|---|---|---|---|
| | | प्रतिदाबी पेस गरेको | |
| ४२ | २०७७, मंसिर १८(डिसेम्बर ३, २०२०), २०७७, पुष २, (डिसेम्बर १७, २०२०)२०७७, पुष १२(डिसेम्बर २७, २०२०)२०७७, पुष १४(डिसेम्बर २९, २०२०)२०७७, पुष २७(जनवरी ११, २०२१), २०७७, चैत्र १७(मार्च ३०, २०२१) | नेप्कामा दुबै पक्षको बहस भएको | बहसको क्रममा कानून विज्ञ र मूल्याङ्कनकर्ता नियुक्त गर्ने निर्णय भएको र हामी नियोक्ताले विपक्षी निर्माण व्यवसायीले पेश गरेको दाबी पत्र मध्येमा विपक्षीले रद्द गरेको भनिएको ठेक्कासँग सम्बन्धित दाबीको क्षेत्राधिकार मध्यस्थता न्यायधिकरणलाई नभएको बारेमा प्रश्न उठाएकोले सो विषयमा निर्णय नदिई थप कामकारवाही अगाडी बढाउन माग गरेका |
| ४३. | २०७७, माघ २७ (फेब्रुवरी ९, २०२१) | मध्यस्थता न्यायधिकरणले ठेक्कासँग सम्बन्धित दाबीको क्षेत्राधिकार सम्बन्धमा आंशिक निर्णय प्रदान गरेको | नियोक्तालाई मिति २०७७।११।०५मा क्षेत्राधिकार सम्बन्धमा आंशिक निर्णय प्राप्त भई जानकारी भएको |
| ४४. | २०७७, चैत्र १३ | हामी नियोक्ता प्रतिवादकर्ताले मध्यस्थ ऐन, दफा १६(२) बमोजिम मध्यस्थ न्यायधिकरणको निर्णय विरुद्ध पुनरावेदन दर्ता गरेको | श्री उच्च अदालत पाटनले मध्यस्थ न्यायाधिकरणको निर्णय सदर गरेको |
| ४५. | २०७९, मंसिर १८(डिसेम्बर ४, २०२२) | अन्तिम सुनुवाइ भएको | मध्यस्थता न्यायधिकरण समक्ष दुबै पक्षको अन्तिम सुनुवाई बहस भएको |
| ४६. | २०७९, माघ ३ (जनवरी १७, २०२३) | नियोक्ताले लिखित बहसनोट पेस गरेको | |
| ४७. | २०८०, जेठ १८ गते (जुन १, २०२३) | मध्यस्थता न्यायधिकरणले अवार्ड।निर्णय प्रदान भएको | बहुमत मध्यस्थले विपक्षी निर्माण व्यवसायीको दाबी पुग्ने गरी निर्णय प्रदान भएको, यता अर्का मध्यस्थ नविन मंगल जोशीले |

| | | | |
|---|---|---|---|
| | | | हामी नियोक्ताले करार सम्झौता रद्द गरेको कुरालाई मान्यता दिई विपक्षीले गरेको करार सम्झौता रद्द गर्ने कार्यलाई अस्वीकार गरी विपक्षी निर्माण व्यवसायीलाई यथास्थितिमा कुनै पनि दाबी भराउन नपर्ने बरु विपक्षीले हामी नियोक्ताले गरेको प्रतिदाबी मध्ये परामर्शदाताद्वारा कामको निरीक्षण गर्दा लागेको लागत वापतको रु.१,२६,३३,४८९।००१ विपक्षीबाट भराई पाउने गरी फरक राय प्रस्तुत गर्नु भएको |
| ४८. | २०८१ चैत्र ३ गते (प्रमाणीकरण मिति २०८२।०५।२०) यस बारे थाहा पाएको मिति २०८२।१०।०२ र फैसलाको प्रमाणित प्रतिलिपि कानून-व्यवसायी मार्फत लिई थाहा पाएको मिति २०८२।१०।२६ गते | श्री उच्च अदालत पाटनको फैसला | "सारमा मध्यस्थको निर्णय मुलुकले अवलम्बन गरेको न्याय प्रणाली वा प्रचलित कानून वा न्याय र नैतिकताका मान्य सिद्धान्त विपरीत हुनुपर्ने र सो अवस्था निवेदकले वस्तुगत रूपमा स्थापित गर्नु पर्दछ। प्रस्तुत निवेदनमा मध्यस्थ ट्राईबुनलबाट भएको निर्णय के कुन आधार र कारणबाट मध्यस्थबाट निरूपण हुन नसक्ने विषय हो वा सार्वजनिक नीति प्रतिकूल भएको भन्ने स्पष्ट उल्लेख गर्न सकेको पाईदैंन। मध्यस्थको निर्णय सार्वजनिक नीति प्रतिकूल भएको भनी बदरको दावी लिनु मात्र पर्याप्त हुँदैन। करारको कुनै पक्ष सरकारी वा सार्वजनिक निकाय भएको र अर्को पक्ष व्यावसायिक कम्पनी वा व्यक्ति भएको कारण करार वा सम्झौताबाट श्रृजित परिणामको दायित्व वहन गर्ने प्रयोजनका लागि पक्षहरूको |

| | | | |
|---|---|---|---|
| | | | हैसियत समान हुन्छ भन्ने मानिन्छ। त्यसैले मध्यस्थ ट्राईबुनलबाट भएको निर्णयबाट सरकारी वा सार्वजनिक निकायलाई आर्थिक रूपमा दायित्व बेहोर्नु पर्ने अवस्था भएको भन्ने आधारमा मात्र उक्त निर्णय सार्वजनिक नीति प्रतिकूल भएको मान्न मिल्ने हुँदैन। |

**हालको डुंडुवा शाखा नहरको ठेक्का सम्बन्धी विवरण**

यस आयोजनाको कुल ४२,७६६ हेक्टर सिंचित क्षेत्र मध्ये करिब १६,००० हेक्टर सिंचित क्षेत्र भएको सबै भन्दा ठुलो शाखा डुंडुवा शाखा नहर निर्माणको लागि २०७३ आषाढ ०६ गते श्री कोष्टल–पप्पु जे.भी. सँग ठेक्का सम्झौता भई निर्माण कार्य सुरु भएकोमा विभिन्न कारणले गर्दा विवाद उत्पन्न भई ठेक्का तोडिएको र सो विवाद सँग सम्बन्धित निर्णय अदालतमा विचाराधीन रहेकोले मिति २०८०।०१।०३ को विभागीय निर्णय बमोजिम डुंडुवा शाखा, खजुरा र मानपुर उपशाखा नहर निर्माणको लागि तपसिल बमोजिमका ठेक्का प्रकृया सुरु भएको थियो।

**ठेक्का नं. SIP।CAD।DBC।NCB-०५।०८१-८२**

**निर्माण कार्यको नामः Construction of Dunduwa Branch Canal (Ch १+४२९ to ६+९७५), Sikta Link Canal of WMC, Khajura and Manpur Sub-branch and their associated structures, Sikta Irrigation Project, Banke**

**निर्माण व्यवसायीको नामः High Himalaya-RSC JV, Manbhawan, Lalitput**

**सम्झौता रकमः १३८४५६०४६८.१७**

**सम्झौता मितिः ७।४।२०२५**

**सम्पन्न गर्नुपर्ने मितिः ७।४।२०२८**

**हालसम्मको प्रगतिः ५%**

**ठेक्का नं. SIP।CAD।DBC।NCB-०६।०८१-८२**

**निर्माण कार्यको नामः Construction of Dunduwa Branch Canal (Ch. ६+९७५ to २३+४००) and their associated structures, Sikta Irrigation Project, Banke**

**निर्माण व्यवसायीको नामः Ramechhap Sherpa Construction Pvt. Ltd. , Mahankal, Boudha -०६, Kathmandu सम्झौता रकमः ११२७२०७९३४.१२**

**सम्झौता मितिः ६।३०।२०२५**

**सम्पन्न गर्नुपर्ने मितिः ६।३०।२०२८**

**हालसम्मको प्रगतिः २३%**

## १७. आयोजनाको मामिला अध्ययनको निस्कर्ष

यस आयोजनाको पश्चिम मूल नहरबाट सिंचित हुने कुल ३३,७६६ हेक्टर जमिनमध्ये झण्डै आधा अर्थात् १६,००० हेक्टर कृषियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउने डुन्डुवा शाखा नहर निर्माणको लागि वि.सं. २०७२ सालमा रु. १,९१,६९,८३,०००।- को लागत अनुमान स्वीकृत भई ठेक्का आह्वान समेत भई २०७३ साल असार ६ गते निर्माण व्यवसायी M।S Coastal-PAPPU JV सँग २८ महिनामा काम सम्पन्न गर्नेगरी रु.९८,८१,१८,२६८.२१।- को ठेक्का सम्झौता भई निर्माण कार्यको सुरुवात भए तापनि सम्झौता भएको १८ महिनाको अवधिमा जम्मा २% मात्र कार्य प्रगति भएको साथै निर्माण सम्पन्न गर्नेतर्फ तदारुकता नदेखाएको कारणले आयोजनाबाट २०७५ मंसिरमा ठेक्का सम्झौता अन्त्य (Termination) प्रक्रिया थालिएकोमा निर्माण व्यवसायीबाट समेत विभिन्न कारण देखाउँदै ठेक्का अन्त्य गर्ने अभिप्राय सहित विभिन्न तहका सम्मानित अदालतहरूमा मुद्दा दायर गरेको र विवाद सिर्जना भई मध्यस्थता परिषदमा Arbitration मा समेत गएको । उक्त ठेक्कासँग सम्बन्धित विवादको निर्णय लामो समयसम्म सम्मानित अदालतहरूमा विचाराधीन भएकोले मिति २०८०।०१।०३ को विभागीय निर्णय बमोजिम डुंडुवा शाखा, खजुरा र मानपुर उपशाखा नहर निर्माणको लागी पूर्व तयारी कार्य सुरु भई मिति २०८१।०८।२६ मा रु. ३,४०,४२,७६,९९३ ९९ को लागत अनुमान स्वीकृत भई २०८२ अषाढमा सम्झौता भएको थियो।

उक्त ठेक्कासँग सम्बन्धित विवाद सम्बन्धी निर्णय समयमा नहुँदा प्रथम पटक वि.सं. २०७३ सालमा सम्झौता भई २८ महिनामा  निर्माण सम्पन्न गर्नेगरी निर्माण कार्य सुरु भएको नहरको निर्माणको लागि करिब ९ वर्ष पछि मात्र वि.सं. २०८२ सालमा ३६ महिनामा नहर निर्माण सम्पन्न गर्नेगरी सम्झौता भई निर्माण कार्य सुरु भएको छ । नहर निर्माण ढिलो भएको कारण करिब १६,००० हेक्टर जमिन भएका कृषकहरू राज्यबाट पाउनुपर्ने सिंचाइको सुविधाबाट करिब १० वर्ष वञ्चित भई उत्पादन वृद्धिबाट पाउनु पर्ने लाभ गुमाई रहेका छन् । त्यसै गरी नहर निर्माण कार्य ढिलो भएका कारण मूल्य वृद्धिका कारण नहर निर्माणको लागत समेत बढेको देखिन्छ नहर निर्माण कार्यसँग सम्बन्धित विवादको सन्दर्भमा समयमा नै निर्णय हुँदा आयोजनाहरू समयमा सम्पन्न भई आयोजनाबाट सेवाग्राहीले पाउनु पर्ने सुविधा समयमा नै पाउने र आयोजनाको लागत वृद्धि पनि कम हुने देखिन्छ।

**विवाद सँग सम्बन्धित निर्णयको ढिलाई (निर्माण कार्य १० वर्ष ढिलो हुँदा) गुम्न सक्ने लाभ उत्पादनको मूल्य करिब ९ अर्ब रहेको छ। यसबाट  १.४८  अर्ब  लागत  वृद्धि  भई  आयोजना कार्यान्वयनमा जम्मा१०.४८ अर्ब लाग्ने देखिन्छ।**

यसरी माथि प्रस्तुत गरिएको सिक्टा सिंचाइ आयोजनाको ठेक्कापट्टा र ठेक्कापट्टा व्यवस्थापनका क्रियाकलापले निर्माण व्यवसायीको कमजोर पक्ष हुँदाहुदैं अदालती प्रक्रिया र मध्यस्थतामा कसरी निर्माण व्यवसायी हावी भएको छ,राम्रो उदाहरण प्रस्तुत गरेको छ। यी मुद्दाहरूले सडक विस्तार, रेलवे, सिंचाइ तथा विद्युत आयोजनालाई ठूलो बाधा पुऱ्याएका छन्। मुआब्जा लागत अर्बौं बढ्ने र निर्माण वर्षौं अलपत्र पर्ने अवस्था छ।

# परिच्छेद-४
# अन्तर्राष्ट्रिय अभ्यास

## ४.१ भारत

भारतमा पूर्वाधार तथा विकास परियोजनासँग सम्बन्धित विवादहरूको छिटो समाधान सुनिश्चित गर्न अदालतहरूले समय-सीमित र संरचित प्रक्रियाहरू (time-bound and structured procedures) अपनाउने गरेका छन्। *Commercial Courts Act, 2015* जस्ता कानूनहरूद्वारा निवेदन, प्रमाण र बहस पेस गर्ने कामका लागि कडा समयसीमा (strict deadlines for filing pleadings, evidence, and arguments) तोकिएको छ र अनावश्यक पेशी सार्ने कामलाई (adjournment) लाई समेत सीमित गरिएको छ। मुद्दाहरू पूर्वानुमानयोग्य र समय-कुशल (predictable and time-efficient manner) रूपमा अगाडि बढाँउन न्यायाधीशहरूले केस म्यानेजमेन्ट सुनुवाइमार्फत पहिले नै कार्यतालिका तय गर्ने गरेका छन्। National Green Tribunal जस्ता विशेष निकायहरूले पनि वातावरणीय विवादहरू केही महिनाभित्रै[12] टुंग्याउने लक्ष्य राखी समाधान प्रक्रियालाई थप तीव्र बनाउने गरेका छन्।

त्यसैगरी भारतको सर्वोच्च अदालत लगायत उच्च अदालतहरूद्वारा सार्वजनिक परियोजनामा अनावश्यक ढिलाइ नहोस् भन्ने सन्तुलित दृष्टिकोण अपनाइएको छ। सम्पूर्ण परियोजना रोक्ने (blanket stay) आदेश दिनुको सट्टा प्रायः अदालतहरूबाट आवश्यक सुरक्षा उपायहरू सहित परियोजना अगाडि बढ्न अनुमति दिइन्छ र दिगो विकास (sustainable development) का सिद्धान्तहरू लागु गर्दै विशेषज्ञ समितिमार्फत अनुपालनको अनुगमन गरिन्छ।[13] *Arbitration and Conciliation Act, 1996*[14] अन्तर्गतका वैकल्पिक विवाद समाधान संयन्त्रहरूले पनि छिटो र कम औपचारिक तरिकाबाट ठेक्का सम्बन्धी विवाद समाधान गरेर महत्वपूर्ण भूमिका खेल्ने गरेका छन्।

भारतको सर्वोच्च अदालतले जस्तो उच्च अदालतहरूले सार्वजनिक पूर्वाधारसम्बन्धी मुद्दाहरूमा अनावश्यक ढिलाइ हुन नदिन प्रयास गर्ने गरेका छन्। उनीहरूले प्रायः प्रत्येक मुद्दा निर्णय गर्न एउटै कडा समयसीमा निर्धारण गर्दैनन् तर अत्यावश्यक पूर्वाधारसम्बन्धी मुद्दाहरूलाई प्राथमिकता दिने, निरन्तर वा छोटो अन्तरालमा सुनुवाइ तय गर्ने र पटक-पटक पेशी स्थिगित गर्ने कामलाई निरुत्साहित गर्ने जस्ता व्यवहारिक समय नियन्त्रणका उपायहरूको प्रयोग गर्ने गरेको देखिन्छ। ठूला सार्वजनिक परियोजनामा ढिलाइले असर पार्न सक्ने जस्ता विशेष अवस्था लगायतका अन्य धेरै

---

12. *National Green Tribunal Act, 2010*, Section 18(3)
13. *Lafarge Umiam Mining Pvt. Ltd. v. Union of India* मा अदालतले blanket stay नगरी conditional clearance दिँदै expert committees मार्फत compliance monitoring गराएको; *Narmada Bachao Andolan v. Union of India* ठूला विकास परियोजनाहरूलाई पूर्ण रूपमा रोक्नु नपर्ने, development vs environment balance गर्नुपर्ने भनिएको; *Tehri Bandh Virodhi Sangarsh Samiti v. State of U.P.* अदालतले technical/expert bodies मा भरोसा राख्दै परियोजना अगाडि बढ्न दिएको।
14. *Arbitration* and Conciliation Act, 1996, Section 5 and Section 29B

अवस्थाहरूमा अदालतले मुद्दा छिटो (expeditiously) वा दिनप्रतिदिन सुनुवाइ गर्ने निर्देशन पनि दिने गरेका छन्।[15]

केही विशेष निकाय र कानूनहरूमा भने स्पष्ट समयसीमा निर्धारण गरिएको हुन्छ। उदहारणका लागि National Green Tribunalमा करिब छ महिनाभित्र मुद्दा किनारा लगाउने लक्ष्य राखिन्छ र वाणिज्य अदालतहरूले कडा प्रक्रियागत समयसीमा[16] पालना गर्दछन्। सर्वोच्च अदालतले यस्ता व्यवस्थाहरूलाई पूरक रूपमा प्रयोग गर्दै निश्चित कानूनी समय सीमामा मात्र निर्भर नरही सक्रिय रूपमा मुद्दा व्यवस्थापन गर्ने गरेको छ। यसले गर्दा विवादहरू छिटो समाधान हुनुका साथै न्यायिक निष्पक्षता तथा उचित परीक्षणका लागि आवश्यक समय पनि सुनिश्चित हुन्छ।

भारतमा पूर्वाधार तथा विकास परियोजनाहरूका लागि मात्र स्थायी र विशेष (exclusive) बेञ्चहरू सामान्यतया हुँदैनन् तर त्यस्ता मुद्दाहरूमा प्रभावकारी रूपमा सुनुवाइ गर्न अदालतहरूले त्यसको कार्यात्मक विकल्प (functional equivalents) विकास गरेका छन्।

भारतको सर्वोच्च अदालत लगायत विभिन्न उच्च अदालतहरूले प्रायः विशेष वा समर्पित बेञ्चहरू (कहिलेकाहीँ "green benches" वा "infrastructure benches") गठन गर्दछन् जसले वातावरणीय विवाद, जग्गा अधिग्रहण वा ठूला सार्वजनिक परियोजनासम्बन्धी मुद्दाहरू उपर कारबाही गर्दछन्। यी बेञ्चहरू कानूनद्वारा स्थायी रूपमा स्थापित नभए तापनि विशेषज्ञता, निरन्तरता र छिटो निर्णय सुनिश्चित गर्न यस्ता मुद्दाहरू लगातार यिनै बेञ्चहरूलाई दिइन्छ।

त्यसैगरी भारतमा National Green Tribunal जस्ता पूर्वाधार परियोजनामा असर पार्ने वातावरणीय मुद्दाहरू हेर्ने पूर्ण रूपमा विशिष्टिकृत निकायहरू पनि छन् जसले ठेक्का तथा वाणिज्य विवादका लागि वाणिज्य अदालतहरूसँग मिलेर यो प्रणालीले औपचारिक रूपमा केवल पूर्वाधारका लागि स्थायी बेन्च नभए पनि व्यवहारमा एक प्रकारको अर्ध-विशिष्टिकृत (quasi-specialized) न्यायिक संरचना तयार गरेको छ।

समग्रमा हेर्दा भारतीय न्यायिक प्रणालीले कानूनी चुनौतीहरूलाई छिटो समाधान गर्दै चालु विकास परियोजनाहरूमा न्यूनतम अवरोध सुनिश्चित गर्दै गति, अनुशासन र निरन्तरतामा केन्द्रित रहेर काम गर्दछ।

### ४.१.१ *Land Acquisition, Rehabilitation and Resettlement Act, 2013* **(LARR Act):-**

यो ऐन भारतमा भूमिसम्बन्धी अधिकारलाई सुनिश्चित गर्ने आधुनिक कानून हो। यसले भूमिधनीलाई न्यायपूर्ण क्षतिपूर्ति, पारदर्शिता, सामाजिक प्रभाव मूल्याङ्कन र पुनर्वास। पुनर्स्थापनाको व्यवस्था गर्दछ। पुरानो 1894 को औपनिवेशिक कानूनलाई प्रतिस्थापन गर्दै यो कानूनले विकास र नागरिक अधिकारबीच सन्तुलन कायम गर्न खोजेको छ। यसका मुख्य व्यवस्थाहरू देहायबमोजिम रहेका छन्:-

15. *Asian Resurfacing of Road Agency Pvt. Ltd. v. CBI* को मुद्दामा stay कारण ढिलाइ नहोस् भनी मुद्दा छिटो टुंग्याउन निर्देशन दिइएको।

16. *National Green Tribunal Act*, 2010, Section 18(3)

१. सामाजिक प्रभाव मूल्याङ्कन (Social Impact Assessment – SIA)

- भूमि अधिग्रहण अघि अनिवार्य अध्ययन गर्नुपर्छ।
- प्रभावित समुदायसँग सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था छ।
- विशेषज्ञ समूहले मूल्याङ्कन प्रतिवेदनको समीक्षा गर्छ।

२. क्षतिपूर्ति (Compensation)

- बजार मूल्यको कम्तीमा ४ गुणा (ग्रामीण क्षेत्रमा) र २ गुणा (शहरी क्षेत्रमा) क्षतिपूर्तिको व्यवस्था।
- नगद मात्र नभई पुनर्वास र पुनर्स्थापना प्याकेज समेत दिनुपर्ने व्यवस्था।
- भूमिधनी, कृषक, मजदूर सबैलाई क्षतिपूर्ति सुनिश्चित गर्ने व्यवस्था।

३. पुनर्वास र पुनर्स्थापना (Rehabilitation & Resettlement)

- प्रभावित परिवारलाई आवास, रोजगारी, भत्ता, सामाजिक सुविधा उपलब्ध गराउने व्यवस्था।
- सामुदायिक संरचना) विद्यालय, मन्दिर, सडक (जोगाउने वा पुनःनिर्माण गर्ने व्यवस्था।

४. खाद्य सुरक्षा संरक्षण

- खेतीयोग्य भूमिको अधिग्रहणमा विशेष प्रतिबन्ध गर्ने व्यवस्था।
- खाद्य उत्पादनमा असर नपर्ने गरी अधिग्रहण गर्नुपर्ने व्यवस्था।

५. पारदर्शिता र प्रक्रिया

- अधिग्रहण प्रक्रिया सूचना प्रकाशन, सार्वजनिक सुनुवाइ, सरकारी अनुमोदन मार्फत पारदर्शिताको व्यवस्था।
- निजी कम्पनी वा सार्वजनिक निजी साझेदारी (PPP) परियोजनामा अधिग्रहण गर्न कम्तीमा 70–80% प्रभावित भूमिधनीको सहमति आवश्यक हुने व्यवस्था।
- नागरिक अधिकार र विकासबीच सन्तुलन कायम गर्ने प्रयास गरेको।
- भूमिधनीलाई न्यायपूर्ण क्षतिपूर्ति र प्रभावित समुदायलाई सामाजिक सुरक्षा प्रदान गरेको।
- भारतमा भूमि अधिग्रहणलाई मानव अधिकारमैत्री र पारदर्शी बनाएको।

संक्षेपमा LARR Act 2013 ले भूमिधनी र प्रभावित समुदायलाई न्याय दिलाउने, विकास परियोजनालाई वैधानिक र पारदर्शी बनाउने, र सामाजिक-आर्थिक प्रभावलाई न्यूनीकरण गर्ने उद्देश्य राखेको छ।

## ४.२ इन्डोनेसिया

इन्डोनेसियामा पूर्वाधार तथा विकास परियोजनासँग सम्बन्धित विवादहरूलाई परियोजनामा ढिलाइ नहोस् भन्ने उद्देश्यले व्यवस्थित (Streamlined) न्यायिक र प्रशासनिक प्रक्रियामार्फत समाधान गर्ने गरिन्छ। जग्गा अधिग्रहणसम्बन्धी विवादहरू Law No. 2 of 2012 on Land Acquisition for Public Interest अन्तर्गत कारबाही गरिन्छ। यस कानूनले उजुरी र पुनरावेदनका लागि निश्चित समयसीमा तोकी र अदालतलाई करिब ३० दिनभित्र क्षतिपूर्तिसम्बन्धी निर्णय दिनुपर्ने व्यवस्था गरेको छ[17]। विशेष गरी क्षतिपूर्ति अदालतमा जम्मा गरेपछि (consignment mechanism) विवाद चलिरहे पनि सरकारलाई परियोजना अगाडि बढाउने अनुमति हुन्छ। यसले निर्माण कार्यको निरन्तरता सुनिश्चित गर्दछ।

वातावरणीय स्वीकृतिसम्बन्धी प्रशासनिक विवादहरू State Administrative Court मा सुनुवाइ हुन्छन्। यस अदालतले तीव्र प्रक्रियागत प्रणाली अपनाउँदै सरकारी निर्णयको वैधतामा केन्द्रित भइ परियोजना पूर्ण रूपमा रोक्नेभन्दा बढी कानूनी पक्ष परीक्षण गर्दछ। साथै National Strategic Project का रूपमा तोकिएका पूर्वाधार परियोजनाहरूलाई Presidential Regulation No. 3 of 2016 on National Strategic Projects जस्ता नीतिहरू अन्तर्गत प्राथमिकता दिइन्छ। यसले न्यायिक प्रक्रियालाई छिटो बनाउने र परियोजना रोक्ने किसिमका आदेशहरूलाई निरुत्साहित गर्दछ।

इन्डोनेसियाले समय-सीमित (time-bound) प्रक्रियाहरू अपनाउने गरे तापनि यसको कडाइ मुद्दाको प्रकार र सुनुवाइ हुने निकाय (forum) अनुसार फरक हुन्छ।

जग्गा अधिग्रहणसम्बन्धी विवादका लागि Law No. 2 of 2012 on Land Acquisition for Public Interest द्वारा स्पष्ट समय सीमाहरू तोकिएको छ। क्षतिपूर्तिसम्बन्धी उजुरीहरू सामान्यतया जिल्ला अदालतले करिब ३० दिनभित्र निर्णय गर्छ र सर्वोच्च अदालतमा हुने पुनरावेदनहरू पनि प्रायः यस्तै छोटो अवधिभित्र (करिब ३० दिनभित्र) टुंग्याइन्छ[18]। यसले इन्डोनेसियामा पूर्वाधार परियोजनाहरूसँग जोडिएका जग्गा सम्बन्धी विवादहरूलाई सबैभन्दा छिटो न्यायिक प्रक्रिया टुङ्गिने मुद्दाहरू मध्येको एक बनाएको छ।

प्रशासनिक र अनुमति (permit) सम्बन्धी विवादहरू State Administrative Court मा सुनुवाइ गरिन्छ।[19] उक्त अदालतमा निवेदन दिने र जवाफ दिने निश्चित प्रक्रियागत समयसीमाहरू भए तापनि अन्तिम निर्णयका लागि एउटै निश्चित समयसीमा भन्दा पनि छिटो सुनुवाइ गर्नेमा जोड दिइन्छ।[20] व्यवहारिक रूपमा National Strategic Project सम्बन्धी मुद्दाहरूलाई प्राथमिकता दिने गरिएको छ[21]

---

17. Law No. 2 of 2012 on Land Acquisition for Public Interest, Article 38 (objection in compensation dispute can go to district court), Article 38(5) (decisions related to compensation are time-bound)
18. Presidential Regulation No. 71 of 2012 on Implementation of Land Acquisition for Public Interest
19. Law No. 5 of 1986 on Administrative Courts (as amended by Law No. 9 of 2004 and Law No. 51 of 2009), Article 1(4) administrative disputes jurisdiction; Article 48-51 permit/administrative decisions review
20. Ibd., Article 55, 62 and 63
21. Presidential Regulation No. 3 of 2016 (and its amendments, incl. Perpres No. 56/2018, 109/2020, 42/2021)

तर मुद्दाको जटिलताअनुसार अवधि फरक हुनसक्छ। समग्रमा हेर्दा इन्डोनेसियाले सबै विवादका लागि एउटै समयसीमा नतोकि विशेष क्षेत्रका कानूनी समयसीमा र रणनीतिक पूर्वाधार मुद्दाहरूलाई प्राथमिकता दिई छिटो समाधान गर्न सुनिश्चित गर्छ।

समग्रमा हेर्दा इन्डोनेसियाली प्रणालीले गति, निरन्तरता र सीमित न्यायिक हस्तक्षेपमा जोड दिइ चलिरहेका कानूनी विवादका बिच पनि पूर्वाधार परियोजनाहरू अगाडि बढ्न दिँदै क्षतिपूर्ति तथा वैधतासम्बन्धी मुद्दाहरू छिटो अदालत तथा वैकल्पिक विवाद समाधान संयन्त्रमार्फत किनारा लगाउने व्यवस्था गर्दछ।

## ४.३ वेलायत

निर्णायक निकाय (neutral adjudicator) ले सामान्यतया २८ देखि ४२ दिनभित्र बन्धनकारी अन्तरिम निर्णय दिएपछि पक्षहरूले तुरुन्तै त्यसको पालना गर्नुपर्छ। "पहिले भुक्तानी गर, पछि विवाद गर" (Payment first, dispute later) भन्ने सिद्धान्त लागु हुन्छ। यो निर्णय अस्थायी रूपमा बन्धनकारी हुन्छ तर पछि यसलाई मध्यस्थता (arbitration) वा अदालतमा पुनः समीक्षा गर्न सकिन्छ।

व्यवहारमा धेरै विकाससम्बन्धी विवादहरू पूर्ण अदालत सुनुवाइसम्म पुग्ने गरेका छैनन् किनभने निष्पक्ष निर्णायक निकाय (neutral adjudicator) को निर्णय प्रक्रियाले नगद प्रवाह र सम्झौतासम्बन्धी समस्याहरू छिटो समाधान गर्छ। पक्षहरूलाई अन्तिम समाधान आवश्यक परेमा मात्र मुद्दा अदालतमा जान सक्छ तर निष्पक्ष निर्णायक निकाय (neutral adjudicator) को चरणले अदालतको समय र कार्यभार उल्लेखनीय रूपमा घटाएको छ।

## ४.४ अष्ट्रेलिया

अष्ट्रेलियामा पनि संरचनात्मक रूपमा वेलायतको मोडेलसँग मिल्दोजुल्दो "Security of Payment" नामक adjudication system को प्रयोग गरिन्छ। अष्ट्रेलियाका धेरै राज्यहरूमा निर्माणसम्बन्धी विवादहरू (विशेष गरी भुक्तानी र निर्माण प्रगति सम्बन्धी) कुनै कुनै अवस्थामा १० देखि १५ कार्य दिनभित्र निर्णय गर्ने गरिएको छ जसले गर्दा अष्ट्रेलियाको कानूनी प्रणालीलाई विश्वकै सबैभन्दा छिटो कानूनी प्रक्रियामध्ये एक बनाएको छ।

मुद्दा अदालतसम्म पुगेको अवस्थामा अष्ट्रेलियाका अदालतहरूले देहायका विषयहरू समावेश गरी कडा मुद्दा व्यवस्थापन निर्देशनहरू लागु गर्छन् :-

(क) दाबी (pleadings) पेश गर्ने निश्चित समय तालिका सहित प्रारम्भिक चरणमै विशेषज्ञ प्रतिवेदन (expert reports) अनिवार्य

(ख) सम्झौता वार्ता (settlement conferences) का लागि प्रोत्साहन।

यस कारण अष्ट्रेलियामा ढिलाइलाई न्यायाधीशहरूले सक्रिय रूपमा नियन्त्रण गर्ने हुनाले अदालतमा हुने सुनुवाइ पनि धेरै परम्परागत न्याय प्रणालीहरूभन्दा छिटो अघि बढ्छन्।

## ४.५ सिंगापुर

सिंगापुरमा पूर्वाधार-सम्बन्धित मुद्दाहरू उच्च गतिमा समाधान गरिन्छ। सिंगापुर अदालतहरूमा व्यावसायिक विवादहरू प्रायः लगभग १६४ दिनमा समाधान हुन्छन्। विश्व बैंङ्कको डुइङ बिजनेस रिपोर्ट २०२० ले सम्झौता कार्यान्वयनमा विश्वव्यापी रूपमा सिंगापुरलाई पहिलो स्थानमा राखेको छ।[22]

Building and Construction Industry Security of Payment Act (SOPA) बमोजिम विवाद सृजना भएपछि ७ दिनभित्र विवाद अदालतमा दायर गरिसक्नु पर्छ। यस ऐन अन्तर्गत पर्ने निर्माण सम्बन्धी कार्यको विवादको निर्णय २१ दिनभित्र गरिन्छ।[23]

सिंगापुर इन्टरनेशनल कमर्शियल कोर्ट (SICC) वा उच्च अदालतमा न्यायिक निर्णयलाई चुनौती दिन चाहने पक्षहरूले समीक्षाको लागि कडा, Narrow आधारको सामना गर्नुपर्ने हुन्छ, प्रक्रियालाई छिटो बनाउनु पर्ने हुन्छ।

सिंगापुर इन्फ्रास्ट्रक्चर डिस्प्युट-म्यानेजमेन्ट प्रोटोकल २०१८ अनुसार विवाद बोर्ड (DB) ले अनुरोध गरेको १४ दिन भित्र आफ्नो निर्णय जारी गर्नुपर्छ। अन्तरिम समाधानका लागि Building and Construction Industry Security of Payment Act (SOPA) अवलम्बन गरिन्छ भने Technology, Infrastructure and Construction List) manages complex, high-value infrastructure cases हरूको निरूपणका लागि उच्च अदालत सरहका विशिष्टीकृत अदालत रहेका छन्। विवाद समाधानका वैकल्पिक उपायको रूपमा The State Courts' Court Dispute Resolution Cluster (CDRC) रहेका छन्। यिनीहरूले mediation र judge-led approaches प्रयोग गरी १ देखि ३ सेसनमा विवाद निरूपण गर्छन्।

22. https://www.doingbusiness.org/content/dam/doingBusiness/country/s/singapore/SGP.pdf
23. https://www.singaporelawwatch.sg/Headlines/ch-26-building-and-construction-law

# परिच्छेद-५
# नीतिगत, कानूनी तथा संस्थागत सुधार

## ५.१ सम्बोधन हुनुपर्ने विषयहरू

पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूका लागि गरिने जग्गा प्राप्ति, मुआब्जा निर्धारण, ठेक्का प्रक्रियामा चित्त नबुझ्ने व्यक्तिहरूले अदालतमा उजुरी तथा रिट निवेदन दायर गर्ने र त्यस्ता रिट निवेदनका सन्दर्भमा अदालतबाट एकतर्फी सुनुवाइमा अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश जारी हुने गरेको, अदालतमा रहेको अत्यधिक कार्यबोझ (Heavy Workload and case backlog) को कारण त्यस्ता उजुरी निवेदनमा अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको र फैसला भएपछि फैसलाको पूर्णपाठ आउन लामो समय लाग्ने गरेको छ।

जग्गा प्राप्ति, मुआब्जा निर्धारणका विषयमा अदालतमा मुद्दा परेपछि माथिल्लो तहसम्म पुगी अन्तिम अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको, यसबाट समय र लागत अत्यधिक बढ्न (Time and Cost Overrun) गई आयोजना कार्यन्वयनमा बाधा अवरोध उत्पन्न हुने, आयोजना नै संभाव्य (Feasible) नहुने अवस्थामा पुग्ने तथा यस्ता आयोजनाबाट सर्वसाधारण नागरिक (Public-in-general) ले पाउने सेवा सुविधाबाट लामो समय बञ्चित हुन बाध्य हुनु परेकोले आयोजनाहरूलाई समय र लागत नबढ्ने गरी समयमा नै पूरा हुने गरी मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न आवश्यक नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्नुपर्ने भएको छ।

पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूका सम्बन्धमा अदालतमा पर्ने मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न सम्बोधन हुनुपर्ने विषयहरू देहायबमोजिम पहिचान गरिएको छ :-

### (क) मुद्दा मामिलाका कारण आयोजना सुरु हुन नै ढिला हुने

पूर्वाधार निर्माण तथा विकास सम्बन्धी आयोजनाहरूका लागि गरिने जग्गा प्राप्ति, मुआब्जा निर्धारण, ठेक्का प्रक्रियामा कानूनी उपचार र विवाद समाधानका अन्य वैकल्पिक उपचार अवलम्बन नगरी सोझै रिट क्षेत्राधिकार उपयोग गरी अदालत प्रवेश गर्ने अभ्यास रहेको जसबाट आयोजना सुरु हुन नै लामो समय लाग्ने गरेको छ।

### (ख) अन्तरिम आदेशबाट सृजित समस्या

कुनै मौलिक वा कानूनी हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्था भएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने भए तापनि अर्को उपचारको व्यवस्था उपयोग नगरी सोझै रिट क्षेत्राधिकारको उपयोग गर्ने र अदालतबाट अन्तरिम आदेश तथा अल्पकालीन अन्तरिम आदेश जारी हुने गरेको देखिन्छ।

त्यसैगरी अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश जारी भए पछि अन्तिम किनारा लाग्न लामो समय लाग्ने हुँदा आयोजना प्रकृया ढिलो हुने गरेको देखिन्छ।

**(ग) आयोजना सम्बन्धी मुद्दाहरूको फर्स्यौटमा ढिलाइ**

देहायका कारणले पूर्वाधार तथा विकास निर्माण आयोजनासँग सम्बन्धित मुद्‌दाको अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको देखिन्छः-

(१) कुनै एक निकायको कामको सम्बन्धमा अनावश्यक रूपमा धेरै निकायलाई विपक्षी बनाउने अभ्यास रहेको जसबाट फरक फरक निकायमा फरक फरक मितिमा म्याद तामेली हुँदा लिखित जवाफ पर्ने म्यादसमेत लम्बिन गई मुद्दा फर्स्यौटमा ढिलाई हुने गरेको,

(२) अदालतमा रहेको अत्यधिक कार्यबोझ (Heavy Workload and case backlog) को कारण मुद्दाको अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको,

(३) एउटै मुद्दामा धेरै दिनसम्म बहस हुने कारणले मुद्दा फैसलामा ढिलाइ हुने र फैसला भएपछि पनि फैसलाको पूर्णपाठ आउन लामो समय लाग्ने गरेको,

(४) मुद्दा माथिल्लो तहसम्म पुगी अन्तिम अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको।

**(घ) आयोजना सम्बन्धी करारमा उल्लेख भए बमोजिमका विवाद समाधानका उपाय उपयोग नगरी रिट क्षेत्राधिकारबाट उपचार खोज्ने अभ्यास**

(१) आयोजनासम्बन्धी विवाद करारीय विवाद भएकोले मध्यस्थताद्वारा समाधानमा जाँदा मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (२) मा तोकिएको निश्चित अवस्था भएमा मात्र मध्यस्थको निर्णय (Arbitral Award) बदर हुनसक्ने कानूनी व्यवस्था रहेपनि जुनसुकै अवस्थामा पनि मध्यस्थको निर्णय उपर अदालतमा रिट निवेदन लिएर जाने प्रवृत्तिले पूर्वाधार र विकास सम्बन्धी कार्यमा अनावश्यक ढिलाइ हुने गरेको,

(२) करारको कुनै पनि पक्षले करारमा उल्लिखित अधिकार उपयोग गर्न पाउँछ। यसबाट अर्को पक्षलाई अन्याय भयो भने त्यस्तो पक्षले करारको सर्त अनुरूप नै त्यसको क्षतिपूर्ति (Compensation) माग गर्न सक्छ। तर कतिपय मुद्दामा त्यस्तो क्षतिपूर्तिको मागदाबी नलिने र सम्झौता बमोजिम पूर्वाधार आयोजनाको कार्य रोक्ने मागदाबी गर्ने र सोही मागदाबीलाई ग्रहण गरी पूर्वाधार आयोजनाको कार्य रोक्ने गरी अदालतबाट अल्पकालीन, अन्तरकालीन वा अन्तरिम आदेश जारी हुँदा सम्झौताको मर्म र भावना नै समाप्त हुनसक्ने अवस्था सृजना हुन गएको छ।

**(ङ) आम नागरिकप्रतिको दायित्व बोधको अभाव**

विकास आयोजना सम्बन्धी विवाद, मुद्दा तथा रिट निवेदन हेर्दा अदालतबाट नियोक्ता (Empolyee) र ठेकेदार (Contactor) दुई पक्ष बिचको विवादको रूपमा मात्र बुझ्ने गरियो। विकास आयोजना सार्वजनिक हित र आम नागरिकको विकास प्राप्त गर्ने अधिकारसँग प्रत्यक्ष जोडिएको विषय हो भन्ने कुरालाई ध्यान दिइएको देखिएन। केवल आयोजना निर्माणको जिम्मा लिने ठेकदारको हितलाई बढी ध्यान दिएको देखिन्छ। सरकारी एवं सार्वजनिक आयोजनाहरूबाट प्रत्यक्षरूपमा आम नागरिक बढी प्रभावित हुने गर्दछन् र त्यस्ता आयोजनाहरू आम नागरिकका लागि निर्माण गरिने हुन् भन्ने कुरा ओझेलमा परेको छ।

उल्लिखित कारणबाट समय र लागत अत्यधिक बढ्न (Time and Cost Overrun) गई आयोजना कार्यान्वयनमा बाधा अवरोध उत्पन्न हुने तथा परियोजना नै संभाव्य (Feasible) नहुने अवस्थामा पुग्ने र पूर्वाधार र विकासका आयोजना रोकिँदा सर्वसाधारण नागरिक (Public-in-general) ले दुख हैरानीसमेत भोग्नु परिरहेको अवस्था छ।

## ५.२ सुधारका लागि सुझावहरू

समयमा नै आयोजना पूरा हुने गरी मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न देहायबमोजिम नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्नुपर्ने भएको छ :-

### (क) अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश सम्बन्धमा

पूर्वाधार निर्माण तथा विकास आयोजना सम्बन्धी ठेक्का प्रक्रिया तथा कार्यान्वयनका चरणमा ठेकेदार तथा अन्य सरोकारवाला पक्षले अदालतमा अन्तरिम आदेश माग गर्ने तथा अदालतबाट आयोजनालाई रोक्ने गरी अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश जारी गर्ने र त्यसरी अन्तरिम आदेश जारी भए पछि रिट निवेदनमा अन्तिम किनारा लाग्न लामो समय लाग्ने हुँदा आयोजना प्रकृया ढिलो हुने गरेको देखिन्छ। पूर्वाधार निर्माण तथा विकास सम्बन्धी आयोजनाहरू सम्बन्धमा पर्ने रिट निवेदनका क्रममा जारी हुने अन्तरिम आदेशको सम्बन्धमा सर्वोच्च, उच्च तथा जिल्ला अदालत नियमावली (सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९) हरूमा देहायबमोजिम संशोधन गर्नुपर्ने देखिन्छ :-

#### (१) अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश जारी भएको दुई महिनाभित्रै अन्तिम आदेश आउने व्यवस्था गर्ने

अन्तरिम आदेश जारी भए पछि मुद्दा अन्तिम किनारा लाग्न लामो समय लाग्ने अवस्थाको अन्त्य गर्न अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश जारी भएको मुद्दामा त्यस्तो अन्तरिम आदेश जारी भएको दुई महिनाभित्रै अन्तिम आदेश दिने व्यवस्था गर्ने।

**(२) अन्तरिम आदेश जारी भएको मुद्दाको निरन्तर अनुगमन र सुपरीवेक्षण गर्ने व्यवस्था गर्ने**

अन्तरिम आदेश जारी गर्दा अपूरणीय क्षति हुने वा नहुने, मौलिक हक वा कानूनी व्यवस्थाको गंभीर उल्लङ्घन भए नभएको विषयमा कति विचार पुग्यो र सुविधा सन्तुलन कति भयो भन्ने विषयमा अदालतबाट नै वस्तुनिष्ठ रूपमा मूल्याङ्कन गर्न, अन्तरिम आदेश जारी भएको रिट निवेदनमा त्यस्तो रिट निवेदन खारेज हुँदा आयोजना असफल भई सरकारलाई कति क्षति पुग्यो सो मूल्याङ्कन गर्न, त्यसका लागि अन्तरिम आदेश माग्ने र दिने दुबैलाई जिम्मेवार बनाउन सर्वोच्च अदालतको हकमा प्रधान न्यायाधीश र उच्च अदालतको हकमा सर्वोच्च अदालतका न्यायाधीश तथा मुख्य न्यायाधीशले निरन्तर अध्ययन र अनुगमन गर्ने व्यवस्था गर्ने।

**(३) अन्तरिम आदेशबाट अर्को पक्षलाई क्षति पुगेको अवस्थामा प्रचलित कानूनबमोजिम क्षतिपूर्ति व्यहोर्ने व्यवस्था गर्ने**

सर्वोच्च अदालत नियमावली, २०७४ को अन्तरिम आदेश जारी गर्ने सम्बन्धी व्यवस्था- नियम ४९ को उपनियम (२) को खण्ड (ङ) लाई परिमार्जन गरी "अन्तरिम आदेशको सम्बन्धमा छलफल हुँदा आफ्नो हितमा अन्तरिम आदेश जारी भएको कारणले निवेदनको अन्तिम निर्णय पश्चात् अर्को पक्षलाई क्षति पुगेको अवस्थामा प्रचलित कानूनबमोजिम क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिवद्धता व्यक्त **गर्न लगाई** सोही सर्त सहितको अन्तरिम आदेश जारी गर्न" भन्ने व्यवस्था राख्ने।

**(४) वैकल्पिक उपचारको व्यवस्थाको प्रयोग**

नेपालको संविधान बमोजिम कानूनी हकको लागि रिट निवेदन दायर गर्न अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहिन देखिएको आधार हुनुपर्नेमा यो व्यवस्था प्रति त्यति महत्व दिइएको देखिदैन। सर्वोच्च तथा उच्च अदालत नियमावलीहरूमा संशोधन गरी उल्लिखित संवैधानिक व्यवस्था अदालतहरूबाट पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्नुका साथसाथै सर्वोच्च अदालतको हकमा प्रधान न्यायाधीश र उच्च अदालतको हकमा सर्वोच्च अदालतका न्यायाधीश तथा मुख्य न्यायाधीशले निरन्तर अध्ययन र अनुगमन गर्ने व्यवस्था गर्ने।

**(ख) पूर्वाधार तथा विकास निर्माणसँग सम्बन्धित मुद्दामा ढिलासुस्ती हुने अभ्यास रोकी समयमा नै फस्यौंटको व्यवस्था गर्ने**

पूर्वाधार तथा विकास निर्माणसँग सम्बन्धित मुद्दामा हुने ढिलासुस्तीबाट आयोजनाको समय र लागत अत्यधिक बढ्न (Time and Cost Overrun) गई आयोजना कार्यन्वयनमा बाधा अवरोध उत्पन्न हुने तथा यस्ता आयोजनाबाट सर्वसाधारण नागरिक (Public-in-general) ले पाउने सेवा सुविधाबाट लामो समय बञ्चित हुन बाध्य हुनु परेकोले आयोजनाहरूलाई समयमा नै

पूरा हुने गरी मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न सर्वोच्च, उच्च तथा जिल्ला अदालत नियमावलीहरूमा देहायबमोजिम संशोधन गर्नुपर्ने देखिन्छ:-

**(१) वास्तविक सरोकारवाला निकायलाई मात्रै विपक्षी बनाउने**

धेरै निकायलाई विपक्षी बनाएकोमा अन्य निकायसँग केही बुझ्नु परेमा अदालतले पछि आवश्यक आदेश जारी गर्नसक्ने नै हुँदा वास्तविक सरोकारवाला निकायलाई मात्रै विपक्षी बनाउने र वास्तविक सरोकारवाला निकायसँग मात्रै लिखित जवाफ माग गर्ने कानूनी व्यवस्था र अभ्यास गर्ने।

**(२) वहस व्यवस्थापन गर्ने**

एउटा मुद्दा वा रिट निवेदनमा जतिजना कानून व्यवसायी राखिएको भए पनि तिनीहरूले एक आपसमा समन्वय गरी एउटा पक्षको तर्फबाट दुई घण्टा भन्दा बढि समय वहस गर्न नपाउने गरी वहस समय व्यवस्थापन गर्ने।

**(३) कानून व्यवसायी वा पक्षले पेसी स्थगित गर्न नपाउने व्यवस्था गर्ने**

पूर्वाधार सम्बन्धी रिट निवेदन वा मुद्दामा पेसी तोकिएको दिनमा काबुबाहिरको परिस्थिति परेमा एकपटक मात्र पेसी स्थगित गर्ने र कुनै कानून व्यवसायीले पेसी स्थगित गर्न नपाउने व्यवस्था गर्ने।

**(४) फैसलाको पूर्णपाठ समयमा नै तयार गर्ने व्यवस्था गर्ने**

सर्वोच्च अदालतबाट फैसला भएपछि फैसलाको पूर्णपाठ आउन लामो समय लाग्ने गरेको अवस्था छ। कर्मचारीको सङ्ख्या वा दरवन्दी बढाउन आवश्यक भए दरबन्दी थप गर्ने र कर्मचारी प्रोत्साहनको व्यवस्था समेत गर्नुपर्ने हुन्छ। सर्वोच्च अदालत नियमावली, २०७४ मा देहायबमोजिम संशोधन गर्ने-

(अ) फैसलाको पूर्णपाठ बढिमा एक्काइस कार्यदिनभित्र आउने व्यवस्था गर्ने,

(आ) सर्वोच्च अदालतको हकमा प्रधान न्यायाधीश र उच्च अदालतको हकमा सर्वोच्च अदालतका न्यायाधीश तथा मुख्य न्यायाधीशले फैसलाको पूर्णपाठ समयमा तयार गरे नगरेको निरन्तर अध्ययन र अनुगमन गर्ने व्यवस्था गर्ने।

**(५) मुद्दा विचाराधीन अवस्थामा पनि विकासका कामलाई निरन्तरता दिने व्यवस्था गर्ने**

पूर्वाधार निर्माण तथा विकास आयोजनाको ठेक्का प्रक्रिया तथा कार्यान्वयनका कुनै विन्दुमा विवाद हुने र त्यसबाट हाल पूरै आयोजना लामो समयसम्म रोकिन गई आयोजनाको समय र लागत अत्यधिक बढ्ने अवस्था रहेको छ। यसका लागि विवादको विषयमा पछि किनारा लागी हार जित हुँदा तिर्नु बुझाउनु पर्ने हानि नोक्सानीको मूल्य बराबरको रकम सुरूमा नै निर्धारण गरी एउटा छुट्टै खाता (Escrow Account) को व्यवस्था गरी त्यस्तो खातामा सुरक्षित राख्ने व्यवस्था गरी

बिना बाधा अवरोध पूर्वाधार आयोजनाको निरन्तर कार्यान्वयन गर्न सकिने गरी सार्वजनिक खरिद ऐन, न्याय प्रशासन ऐन, मध्यस्थता ऐन, सर्वोच्च, उच्च तथा जिल्ला अदालत नियमावलीहरूमा संशोधन गर्नुपर्ने देखिन्छ।

**(ग) पूर्वाधार तथा विकास निर्माण सम्बन्धी मुद्दा हेर्न छुट्टै इजलास तथा न्यायाधिकरण गठन गर्ने**

**(१) सर्वोच्च, उच्च तथा जिल्ला अदालत नियमावलीहरूमा देहायबमोजिम संशोधन गरी Dedicated Fast Track पूर्वाधार इजलासको व्यवस्था गर्ने**

**(अ) मुद्दाहरूको सुनुवाइ र कारवाहीको स्पष्ट समय सिमा निर्धारण गर्ने**

पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूका लागि गरिने जग्गा प्राप्ति, मुआब्जा निर्धारण, ठेक्का प्रक्रियाका सम्बन्धमा पर्ने रिट निवेदन सुनुवाइका लागि सर्वोच्च अदालत वा उच्च अदालतमा छुट्टै विशेषज्ञ न्यायाधीश सहितको Dedicated Fast Track पूर्वाधार इजलास तोकी रिट निवेदन दायर भएको मितिले त्यस्ता मुद्दाहरूको सुनुवाइ र कारवाही ६० दिन (Setting case time-line) भित्र गरी सक्नुपर्ने गरी स्पष्ट समय सीमा निर्धारण गर्ने।

**(आ) निरन्तर अध्ययन र अनुगमन गर्ने**

सर्वोच्च अदालतको हकमा प्रधान न्यायाधीश र उच्च अदालतको हकमा सर्वोच्च अदालतका न्यायाधीश तथा मुख्य न्यायाधीशले माथि उपखण्ड (१) मा उल्लेख भएका मुद्दाहरूको सुनुवाइ र कारवाही ६० दिन (Setting case time-line) भित्र भए नभएको निरन्तर अध्ययन र अनुगमन गर्ने व्यवस्था गर्ने।

**(इ) पूर्वाधार इजलासको गठन विज्ञ न्यायाधीशहरूको समूहबाट गर्ने**

माथि उपखण्ड (अ) मा उल्लेख भएको Dedicated Fast Track पूर्वाधार इजलासमा विषय विज्ञ न्यायाधीशहरू मध्येबाट Panel of Experts रहने व्यवस्था गर्ने।

**(२) विषय विज्ञ न्यायाधीश सहितको पूर्वाधार न्यायाधिकरण गठन गर्ने**

नेपालमा पूर्वाधार विकास आयोजनाहरू लामो समयदेखि कानूनी विवादका कारण अवरुद्ध भइ अर्बौं रकम क्षति हुने प्रवृत्ति गम्भीर समस्याका रूपमा देखिएको छ। विशेष गरी देश भरी सयौं आयोजनाहरू वर्षौंसम्म मुद्दामै अल्झिएर अलपत्र अवस्थामा रहेका छन्। त्यस्ता आयोजनाबाट सर्वसाधारण नागरिक (Public-in-general) ले पाउने सेवा सुविधाबाट लामो समय बञ्चित हुन बाध्य हुनु परेको छ। वर्तमान न्यायिक संरचनामा प्राविधिक तथा जटिल निर्माणसम्बन्धी मुद्दाहरू टुंगिन लामो समय लाग्ने गरेको पाइन्छ। यसका कारण विकास आयोजनाहरू ठप्प हुने, लागत

अत्यधिक वृद्धि भई अर्बौं क्षति हुने तथा सर्वसाधारण नागरिक प्रत्यक्ष रूपमा प्रभावित हुने अवस्था सिर्जना भएको छ।

विकास आयोजनालाई कानूनी प्रक्रियामा अल्झिन नदिई सार्वजनिक हितलाई सर्वोपरी राख्दै छिटो, प्रभावकारी र विशेषज्ञ न्याय प्रणाली स्थापना गर्नु आजको बदलिँदो परिस्थितिमा अपरिहार्य छ।

उपरोक्त अवस्थालाई मध्यनजर गर्दै देहायका विशेष अधिकार क्षेत्र तोकी प्राविधिक ज्ञान भएका विशेषज्ञ न्यायाधीश तथा विज्ञहरूको संलग्नतामा तीन महिनाभित्र मुद्दा किनारा लगाउने गरी एउटा पूर्वाधार न्यायाधिकरण गठन गर्न उपयुक्त देखिन्छ :-

1. संयुक्त उपक्रम (Joint Venture) का साझेदार बिच (विदेशी-स्वदेशी वा स्वदेशी-स्वदेशी साझेदारसमेत बिच) हुने विवाद,
2. बैङ्क जमानत सम्वन्धी विषय,
3. मध्यस्थता ऐन, २०५५ को दफा ७, ११, ३० तथा ३२ लगायतका व्यवस्था अन्तर्गत अदालतले निरूपण गर्ने विषय,
4. प्रचलित कानून तथा ठेक्का सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका विषयसँग सम्बन्धित विवाद-
   (अ) सार्वजनिक खरिद लगायत पूर्वाधार विकास तथा निर्माण सम्बन्धी ठेक्का,
   (अ) सार्वजनिक निजी साझेदारीमा निर्माण तथा सञ्चालन हुने आयोजना,
   (अ) निर्माण चरणमा निर्माण व्यवसायी वा परामर्शदातासँग सम्बन्धित जनशक्ति, सप्लायर, स्थानीय प्रभावित व्यक्ति वा समुदायसँग सम्बन्धित वा निजहरू बिचको विवाद,
   (अ) निर्माण चरणमा निर्माण व्यवसायीले उपयोग गर्ने निर्माण समाग्रीको उत्खनन विधि र स्थल, निर्माण पश्चात् निर्माण व्यवसायी वा परामर्शदाताको मर्मत संभार र सञ्चालनमा दायित्व सम्बन्धी विवाद।
5. Right of Way सम्बन्धी विवाद,
6. रोयल्टी बांडफांटमा विवाद,
7. उपयुक्त तरिकाले आयोजना सञ्चालन भए नभएको विषय,
8. आयोजनासँग सम्बन्धित यस्तै प्रकृतिका अन्य विवाद।

पूर्वाधार न्यायाधिकरणमा उच्च अदालतको न्यायाधीशको अध्यक्षतामा आयोजना व्यवस्थापन क्षेत्रमा अनुभव र विज्ञता हासिल गरेका वित्त विषयको विज्ञ सदस्य र ईन्जिनियरिङ विषयको विज्ञ सदस्य रहने व्यवस्था गर्न उपयुक्त हुन्छ। मुद्दाको विषय वस्तुका आधारमा ईन्जिनियर सदस्य तोक्न सकिने गरी ईन्जिनियरको रोष्टर बनाउन

उपयुक्त हुने देखिन्छ। पूर्वाधार न्यायाधिकरणको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्नुपर्ने हुन्छ।

विशेषज्ञ न्यायाधीश सहितको पूर्वाधार अदालत गठन गर्दा सर्वोच्च अदालतमा पुनरावेदन सुन्नका लागि छुट्टै Dedicated Fast Track पूर्वाधार इजलास तोकी दुई महिनाभित्र फैसला गर्नेगरी समय सीमा तोक्ने व्यवस्था गर्न उपयुक्त हुन्छ।

**(घ) पूर्वाधार सम्बन्धी मुद्दा दुई महिनाभित्र फैसला गर्नेगरी कानूनी र संस्थागत व्यवस्था गर्ने**

जग्गा प्राप्ति, घर तथा लिगलगापात मूल्याङ्कन तथा मुआब्जा निर्धारण जस्ता मुद्दा मामिलाका सम्बन्धमा सुरू अदालतले Dedicated Fast Track तोकी मुद्दा परेको मितिले बढिमा दुई महिनाभित्र र पुनरावेदन तहमा सो मुद्दा साधक सरह स्वतः पेस हुने व्यवस्था गरी सुरू अदालतले फैसला गरेको मितिले बढिमा दुई महिनाभित्र अन्तिम किनारा लगाउने व्यवस्था गर्नुपर्ने देखिन्छ।

**(ङ) न्यायाधीशहरूलाई अभिमुखीकरण गर्ने**

विकास आयोजना सम्बन्धी विवाद, मुद्दा तथा रिट निवेदन हेर्ने न्यायाधीशहरूमा करार र आयोजना सम्बन्धी पछिल्ला अवधारणा सम्बन्धी ज्ञान र बुझाईका साथसाथै विकास **आयोजना समयमा नै नबन्दा सबैभन्दा बढी प्रभावित हुने पक्ष आम नागरिक नै हुन्** भन्ने बुझाई कायम गर्न आवश्यक छ। यसका लागि न्यायाधीशहरूमा आयोजनाको विविध पक्षको ज्ञान हासिल गराउनसमेत अभिमुखीकरण गर्न जरूरी देखिन्छ।

पूर्वाधार निर्माण तथा विकास आयोजनाको ठेक्का प्रक्रिया, कार्यान्वयन, construction law, सार्वजनिक खरिद, करार प्रशासन, विवाद समाधान (विवाद समाधानका वैकल्पिक उपाय खास गरी Negotiation, Amicable Solution, Expert Resolution, Expert Determination, Engineer, Dispute Adjudication Board, Arbitration) जस्ता नितान्त प्राविधिक विषयहरूमा Judicial Academy बाट उच्च तथा जिल्ला अदालतका Dedicated Bench मा रहने न्यायाधीशहरूलाई निरन्तर तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ। सर्वोच्च अदालतका न्यायाधीशहरूको हकमा भने India मा जस्तो Judicial Academy को आयोजनामा colloquia, seminars, and orientation programmes सञ्चालन गर्ने वा सर्वोच्च अदालतमा नै विज्ञको सहयोग समेतमा In-house discussions वा Interaction with senior judges जस्ता Orientation programmes निरन्तर सञ्चालन गर्नुपर्ने देखिन्छ।

**(च) पूर्वाधार तथा विकास निर्माण सम्बन्धी कार्यलाई द्रुत र प्रभावकारी बनाउन मध्यस्थता सम्बन्धी ऐन, २०५५मा संशोधन गर्ने**

(१) मध्यस्थता ऐन, २०५५ को दफा १४ मा "करारको कुनै पक्षले मध्यस्थसमक्ष कुनै विवाद पेस गर्न चाहेमा त्यस्तो विवादको कारण बन्ने घटना वा परिस्थितिको बारेमा जानकारी भएको वा जानकारी हुनु पर्ने देखिएको मितिले तिस दिनभित्र विवाद पेस गर्ने विषयको दाबीको सूचना लिखित रूपमा मध्यस्थसमक्ष र अर्को पक्षलाई दिनु

पर्नेछ। सो म्याद भित्र सूचना नदिएमा त्यस्तो पक्षले सो विषयमा पछि दाबी गर्न पाउने छैन।" भन्ने व्यवस्था राख्नुपर्ने।

(२) मध्यस्थ नियुक्ति भएको मितिले बढिमा छ महिनाभित्र अन्तिम निर्णय (Award) दिने गरी मध्यस्थको कार्यसम्पादन कार्यतालिका (Work Schedul or Time bound arbitration process) बनाउने लगायतका व्यवस्था समेटिने गरी मध्यस्थले अनुशरण गर्नुपर्ने कार्यविधि बनाई लागु गर्ने।

(३) सरकारी दाबी, रकम वा बिगो समाबेश भएको विवादमा मध्यस्थकर्ताले वदनियतका साथ वा पक्षपातपूर्ण काम गरेमा वा भ्रष्टाचार वा अनियमितता गरेमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरी मुद्दा चलाउन सक्ने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनमा संशोधन गर्ने।

(४) सम्झौता वा मध्यस्थको निर्णयमा भ्रष्टाचार वा जालसाज भएको देखिएकोमा वा निवेदकलाई अपूरणीय क्षति पुग्ने कुरा सारभूत रूपमा पुष्टि भएमा मध्यस्थको निर्णय (Award) वदर गर्न सकिने व्यवस्था गर्ने।

(५) मध्यस्थको न्यूनतम योग्यता (कानूनी ज्ञान, पेशागत अनुभव, आचारसंहिता पालन) स्पष्ट तोक्ने, मध्यस्थको नामावली वा प्रमाणपत्र, अनुभव र तालिम समेत समावेश गर्नेगरी पंजीकरण प्रणाली स्थापना गर्न र अनियमितता गर्ने मध्यस्थकर्तालाई मध्यस्थ सम्बन्धी काम गर्न रोक लगाउने व्यवस्था गर्नुपर्ने देखिन्छ।

(६) मध्यस्थकर्ताले स्वार्थको द्वन्द्व (Conflict of Interest) सम्बन्धी अन्तरराष्ट्रिय प्रचलन तथा नियमहरू पालना नगरेमा वा मध्यस्थकर्ताले अनुचित ढिलाइ गरेमा मध्यस्थलाई तुरुन्त हटाउने व्यवस्था गर्ने।

(७) मध्यस्थलाई अन्तर्राष्ट्रिय मध्यस्थता अभ्यास लगायतका समसामयिक तथा प्राविधिक विषयमा नियमित तालिम र आचारसंहिता सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था गर्ने।

**(छ) सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधन गर्ने**

सार्वजनिक खरिद ऐन, २०६३को दफा ४८, ४९ र ५०संशोधन गरी सार्वजनिक खरिद पुनरावलोकन समिति (Public Procurement Review Comittee-PPRC) को अध्यक्षतामा नेपाल सरकारले न्याय परिषदको सिफारिसमा उच्च अदालतको न्यायाधीशलाई तोक्ने, निर्माण व्यवसायीलाइ कालो सूचीमा राख्ने निर्णयको समेत पुनरावलोकन गर्ने अधिकार सो समितिलाई दिने व्यवस्था गर्ने।

**(ज) मुलुकी देवानी संहितम, २०७४ मा संशोधन**

पूर्वाधार र विकास निर्माणसँग सम्बन्धित आयोजना सम्बन्धी करार केबल सरकारी निकाय र त्यस्तो पूर्वाधार र विकास विकास निर्माणबाट प्रभावित हुने नागरिकको हक अधिकारको प्रत्याभूति हुने कानूनी व्यवस्था गर्न आवश्यक छ। **आम नागरिकको हक सुनिश्चितताका लागि** लागि मुलुकी देवानी संहिता, २०७४ को करार सम्बन्धी व्यवस्थामा देहायबमोजिम संशोधन गर्नुपर्ने देखिन्छः-

"२२क. <u>सार्वजनिक करारमा नागरिकको हक सुनिश्चित रहने</u> : (१) पूर्वाधार र विकास निर्माणका आयोजना सम्बन्धी कार्य गराउने जिम्मेवारी प्राप्त सरकारी निकाय र त्यस्तो कार्य गराउन ठेक्का प्राप्त गरेको व्यवसायी बिचको त्यस्तो कार्य सम्बन्धी करार कार्यान्वयन गर्दा आम नागरिकको सार्वजनिक सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिमको करार कार्यान्वयनको क्रममा उत्पन्न विवाद मध्यस्थताद्वारा समाधान गर्दा मध्यस्थले सो विवादमा आम नागरिकको हकमा क्षति हुन नहुने तर्फ ध्यान दिई निर्णय गर्नु पर्नेछ। **(यो व्यवस्था मध्यस्थता ऐनमासमेत राख्नुपर्ने)**

(३) अदालतले उपदफा (१) बमोजिमको करारको कार्यान्वयनका सम्बन्धमा उत्पन्न विवाद सम्बन्धी मुद्दाको निरूपण गर्दा आम नागरिकको हकसमेत सुरक्षित हुनेगरी निरूपण गर्नु पर्नेछ।"

## (झ) अन्य सम्बन्धित कानूनहरूमा संशोधन गर्ने

समय र लागत अत्यधिक बढ्नगई पूर्वाधार आयोजना कार्यान्वयनमा बाधा अवरोध उत्पन्न हुने तथा आयोजना नै सपन्न हुन नसक्ने अवस्थालाई रोकी समय र लागत नबढ्ने गरी पूर्वाधार आयोजना समयमा नै पूरा हुने गरी मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न माथि प्रकरण प्रकरणहरूमा उल्लेख भएका विषयहरू समेट्ने गरी न्याय प्रशासन ऐन, संक्षिप्त कार्यविधि ऐन, मुलुकी देवानी कार्यविधि संहिता, सर्वोच्च, उच्च तथा जिल्ला अदालत नियमावलीहरूमा संशोधन गरी परिमार्जन गर्नुपर्ने देखिन्छ।

## (ञ) पूर्वाधार तथा विकास निर्माणसँग सम्बन्धित विविध पक्षमा गर्नुपर्ने सुधार

१. "Work Continues" सिद्धान्त लागू गरी मुद्दा चलिरहँदा पनि आयोजनाको कार्य नरोक्ने व्यवस्था गर्ने।
२. Escrow Acount प्रणालीमार्फत विवादित रकम सुरक्षित राख्ने।
३. "No clearance, no tender" नीति लागू गर्ने।
४. आयोजना स्तरमै Dispute Resolution Board (DRB) गठन गर्ने।
५. समयबद्ध मध्यस्थता (Time-bound Arbitration) लागू गर्ने।
६. अदालतमा "Public Interest Test" लाई कानूनी आधार प्रदान गर्ने।
७. लामो समयसम्म रोकिएका आयोजनामा पुनः ठेक्का लगाउने स्पष्ट कानूनी व्यवस्था गर्ने।
८. जिम्मेवारी तथा जवाफदेहिता सुनिश्चित गर्ने प्रणाली विकास गर्ने।
९. डिजिटल अनुगमन तथा पारदर्शिता प्रबर्धन गर्ने।

*** *** ***

## संविधान

1. *नेपालको संविधान,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।

## ऐनहरू

2. *संक्षिप्त कार्यविधि ऐन,२०२८,*कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।
3. *जग्गा प्राप्ति ऐन, २०३४,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।
4. *मध्यस्थता ऐन, २०५५,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।
5. *विशेष अदालत ऐन, २०५९,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।
6. *सार्वजनिक खरिद ऐन, २०६३,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।
7. *न्याय प्रशासन ऐन, २०७३,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।
8. *प्रशासकीय अदालत ऐन, २०७६,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।

## संहिताहरू

9. *मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।
10. *मुलुकी देवानी कार्यविधि संहिता, २०७४,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।

## नियमावलीहरू

11. *उच्च अदालत नियमावली, २०७३,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।
12. *सर्वोच्च अदालत नियमावली, २०७४,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।
13. *जिल्ला अदालत नियमावली, २०७५,* कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाडौं।

## रणनीतिक योजना

14. *न्यायपालिकाको पाँचौं पञ्चवर्षिय रणनीतिक योजना,* सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं।

## विदेशी ऐनहरू

15. *National Green Tribunal Act, 2010,* of INDIA, भारतका राजपत्र, Availeble at

    https://www.greentribunal.gov.in/sites/default/files/act_rules/National_Green_Tribunal_Act,_2010.pdf

16. *Arbitration* and Conciliation Act, 1996 of INDIA.

    https://www.indiacode.nic.in/bitstream/123456789/21922/1/the_arbitration_and_conciliation_act%2C_1996_act_no._26_of_1996.pdf

17. *Law* No. 2 of 2012 on Land Acquisition for Public Interest, https://peraturan.go.id/files2/uu-no-2-tahun-2012_terjemah.pdf
18. Law No. 5 of 1986 on Administrative Courts of Indonesia, Law No. 9 of 2004 and Law No. 51 of 2009 of Indonesia, https://www.wto.org/english/thewto_e/acc_e/ltu_e/wtaccltu40_leg_1.pdf

    Presidential Regulation No. 3 of 2016 (and its amendments, incl. Perpres No. 56/2018, 109/2020, 42/2021)Presidential Regulation No. 71 of 2012 on Implementation of Land Acquisition for Public Interest

    https://www.wto.org/english/thewto_e/acc_e/ltu_e/wtaccltu40_leg_1.pdf

19. *Doing Busines Report,2020,*World bank.

https://www.doingbusiness.org/content/dam/doingBusiness/country/s/singapore/SGP.pdf

20. Building-*and*-construction-law of SINGAPORE
https://www.singaporelawwatch.sg/Headlines/ch-26-building-and-construction-law

**सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू**

21. *राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद्समेत,* मुद्दा : उत्प्रेषणसमेत (नेकाप २०४८, अंक १२, नि.नं. ४४३०)

22. *अधिवक्ता डा. गणेश रेग्मी वि. सर्वोच्च अदालतसमेत* मुद्दा : उत्प्रेषणसमेत (रिट नं. ०७८-WC-००३५)

23. *दिलिपकुमार यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत* मुद्दा : उत्प्रेषणसमेत (नेकाप २०६७, अंक १०, नि.नं. ८४८४)

24. *भीमसेन पोखरेल समेत वि. विपक्षी व्यवस्थापिका संसद् सचिवालयसमेत* मुद्दा : उत्प्रेषणसमेत (ने.का.प. २०७०, अङ्क १ निर्णय नं.८९४०)

25. *पीयूषबहादुर अमात्य वि. नेपाल राष्ट्र बैङ्क,* निर्णय नं. ७८७२, ने.का.प. २०६४

**विदेशी अदालतका दृष्टान्तहरू**

26. *Lafarge Umiam Mining Pvt. Ltd. v. Union of India*,
https://www.casemine.com/judgement/in/56eaac31607dba3c8ce411da

27. Narmada *Bachao Andolan v. Union of India*,https://indiankanoon.org/doc/1938608/

28. *Tehri Bandh Virodhi Sangarsh Samiti v. State of U.P.*,
https://www.casemine.com/judgement/in/56b48d0e607dba348fff0a4c

29. *Asian Resurfacing of Road Agency Pvt. Ltd. v. CBI* indiankanoon.org

**प्राप्त विवरण**

30. सिक्टा सिचाँई आयोजनाको मिति २०८३।१।१० च. नं. १०७९को पत्रबाट आयोजना सम्बन्धमा प्राप्त विवरण संलग्न पत्र

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिक्टा सिंचाइ आयोजना
नेपालगन्ज, बाँके

☎ ०८१-५५०१७३
०८१-५५०५७०
०१-५४३०९५२

वेबसाईट: www. siktaip.dwri.gov.np
इमेल: siktaproject@gmail.com

प.सं. ०८२।८३
च.नं. १८८६

मिति : २०८३/०१/१०

विषय : विवरण उपलब्ध गराइएको बारे ।

श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट टेलिफोन मार्फत माग भएको पूर्वाधार अदालत गठन सम्बन्धी case study को लागि यस आयोजना अन्तर्गत रहेको डुंडुवा शाखा नहरको ठेक्का संग सम्बन्धित मुद्दाका विवरणहरु पाना -८ यसै साथ संलग्न राखी पठाइएको व्यहोरा व्यहोरा अनुरोध छ ।

(राजु आचार्य)
आयोजना निर्देशक

बोधार्थ:
श्री जलस्रोत तथा सिंचाइ विभाग
जावलाखेल, ललितपुर ।

आयोजना निर्देशक

पूर्वाधार निर्माण तथा विकास आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्न मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न गर्नुपर्ने नीतिगत, कानूनी तथा संस्थागत सुधारका विषयमा विस्तृत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेस गर्न गठित अध्ययन समितिका पदाधिकारीहरू :-

| | | | |
|---|---|---|---|
| श्री पाराश्वर ढुङ्गाना | सचिव | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | संयोजक |
| श्री अर्जुनप्रसाद कोइराला | सह रजिष्ट्रार | सर्वोच्च अदालत | सदस्य |
| श्री सुशील बाबु ढकाल | सहसचिव | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| श्री प्रकाश अर्याल | सहसचिव | शहरी विकास मन्त्रालय | सदस्य |
| श्री सुशिल आचार्य | सहसचिव | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय | सदस्य |
| श्री अच्युतमणि नेउपाने | सहन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| श्री सुनिता नेपाल | सहसचिव | लगानी बोर्डको कार्यालय | सदस्य |
| श्री रामप्रसाद आचार्य | सहसचिव | सार्वजनिक खरिद अनुगमन कार्यालय | सदस्य |
| श्री दलबहादुर अधिकारी | सहसचिव | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य-सचिव |

प्रतिनिधि सभाका माननीय सदस्य इन्जिनियर श्रीराम न्यौपानेज्यू विषय विज्ञको रूपमा आमन्त्रित हुनु भएको।